सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ फागुन २०८०, सोमबार (19 Feb 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ संसद्मा प्रत्यक्ष प्रश्नोत्तर

सरकार ढल्ने डरसँग सुशासनको संकल्प रोकिन्न : प्रधानमन्त्री



यति धेरै उच्चपदस्थ राजनीतिक तथा प्रशासनिक नेतृत्वहरू छानबिनको दायरामा आएको यो हाम्रो इतिहासको सबैभन्दा ठूलो प्रकरण हो । यसमा सरकारलाई राजनीतिक नेतृत्वबाट बधाई आउनुपर्नेमा कुनै न कुनै तर्कले राजनीतीकरण गर्नु उपयुक्त छैन ।

कुर्सी हल्लिने डर मलाई छैन । अहिलेको प्रतिपक्षमा भएकालगायत दलले मलाई प्रधानमन्त्री बनाउनुभयो । त्यतिवेलै मैले १५ दिन हो कि २० दिन हो सोचेको थिएँ, विश्वभरिको अध्ययन पनि गरेको थिएँ कि कतिवटा प्रधानमन्त्री १५-२० दिनमा हटेका रहेछन् भनेर, नजिकै छिमेकी भारतमा १३ दिनमा अटलबिहारी बाजपेयी हटेको देखेपछि आनन्द मानेको थिएँ ।

अर्थतन्त्रका चुनौतीहरूको विश्लेषण गर्दै विगतका कदमबाट पाठ सिकेर एकातिर उद्योगी-व्यवसायीलाई प्रोत्साहन गर्ने र अर्कातिर उपलब्ध स्रोत-साधन बहुसंख्यक जनताको हितमा हुने गरी प्रयोग गर्ने सरकारको नीति रहेको छ ।

(विस्तृत पृष्ठ ३ मा)

प्यालेस्टाइनका 'नेल्सन मन्डेला' बन्न सक्छन् मारवान बारघुटी



सन् १९९६ मा 'प्यालेस्टिन अथोरिटी'अन्तर्गतको नयाँ संसद् (व्यवस्थापिका परिषद्)मा चुनिएपछि बारघुटीले स्वतन्त्र प्यालेस्टिनी राज्यको स्थापनाका पक्षमा सक्रिय आवाज उठाए

(विस्तृत पृष्ठ ५ मा)

२८ लघुवित्तमा आधारदरभन्दा कम ब्याजदरमा कर्जा

राष्ट्र बैंकको कार्यविधि भन्छ- आधारदरभन्दा कम ब्याजदरमा कर्जा प्रवाह गर्दा वित्तीय संस्थाको दीर्घकालीन अस्तित्वमै प्रतिकूल प्रभाव पर्छ

(विस्तृत पृष्ठ ६ मा)

NIMB
नेपाल उन्मोच्दमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मेलम्चीको आठ अर्ब ७१ करोडको ठेक्कामा एक अर्ब ६३ करोड भ्रष्टाचार

चार पूर्वसचिव, तीन तत्कालीन कार्यकारी निर्देशक र ठेकेदारसहित १८ विरुद्ध मुद्दा दायर

■ यस्ता छन् अभियोग

- कानुनविपरीत अतिरिक्त पेस्कीबापत दुई किस्तामा ८५ करोड ९१ लाख ८५ हजार भुक्तानी
- ठेकेदारलाई लाभ पुऱ्याएर ११ करोड नौ लाख १७ हजार ४५८ ब्याज नअसुलेको
- ठेकेदारले ठेक्का तोडेपछि जमानतबाट असुल गर्दा एक करोड ३० लाख ब्याज नलिएको
- प्रोभिजनल पेमेन्टबापत १० करोड असुल नगरेको
- पुरानो ठेकेदारको उपकरण र घरटहरा प्रयोग गरे पनि त्यसैका लागि २७ करोड ६६ लाख ४८ हजार भुक्तानी दिएको
- ठेकेदारकै कारणले सिर्जित खर्चको १० करोड १० लाख भुक्तानी दिइएको
- सम्झौताको सर्तविपरीत भीमकाली गणमा भएको निर्माणको ५९ लाख ५८ हजार भुक्तानी
- अपूरो तथा नगरेको कामको समेत गलत मूल्यांकन गरेर १६ करोड ३१ लाख भुक्तानी
- औचित्य नै नभएको परामर्श सेवाका लागि २१ लाख २१ हजार बढी भुक्तानी

सुवास भट्ट/नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रिय गौरवको बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको आठ अर्ब ७१ करोडको ठेक्कामा एक अर्ब ६३ करोड भ्रष्टाचार भएको ठहर गरेको छ । अख्तियारले यसमा संलग्न चार पूर्वसचिव, मेलम्ची खानेपानी विकास समितिका तीन तत्कालीन कार्यकारी निर्देशक, तीन लेखा प्रमुख (उपसचिव) र अध्यागमन विभागका बहालवाला महानिर्देशकसहित १८ जना (परामर्शदाता, ठेकेदार कम्पनी) लाई प्रतिवादी बनाएर आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

» पृष्ठ २ मा क्रमशः

गजेन्द्रकुमार ठाकुर

बिगो दाबी : ६० करोड ४९ लाख १९ हजार ८८४ रुपैयाँ



- सम्झौताबमोजिम काम नगरेको ठेकेदाबाट ५३ करोड असुल गर्न परामर्शदाता र समितिबाट भएको सिफारिस स्वीकृत नगरेको
- प्रचलित कानुनविपरीत एवं सम्झौताको सर्तविपरीत ठेकेदारसँग एमओयू गरेको
- सम्झौता तथा ठेक्काविपरीत निर्णय गरी तथा निर्देशन दिई भ्रष्टाचार गरेको

डा. सञ्जय शर्मा

बिगो दाबी : ६ करोड ९७ लाख ८३ हजार १७८ रुपैयाँ



- शर्माले कानुनी व्यवस्था तथा सम्झौताको प्रावधानभन्दा बढी ५३ करोड ६३ लाख २५ हजार अतिरिक्त मोबिलाइजेसन पेस्कीका लागि आदेश दिएको
- कानुनबमोजिम लाग्ने करिब सात करोड ब्याज असुल नगरी सरकारी सम्पत्ति बदनियतपूर्वक हानि-नोक्सानी गरेको

भिमप्रसाद उपाध्याय

बिगो दाबी : चार करोड ११ लाख ३४ हजार २७९ रुपैयाँ



- सम्झौता तथा कानुनविपरीतको एमओयूका आधारमा ठेकेदारलाई ३२ करोड २८ लाख ६० हजार (३० लाख अमेरिकी डलर) दिन निर्देशन दिएको
- समझदारी भएभन्दा बढी पेस्की दिन बाध्यात्मक निर्देशन दिई अधिकार र कानुनविपरीतको निर्णय गरेको, ठेकेदारलाई लाभ पुऱ्याई भ्रष्टाचार गरेको ।

मुकुन्दप्रसाद पौडेल

बिगो दाबी : ६ करोड ९७ लाख ८३ हजार १७८ रुपैयाँ



- अर्थ मन्त्रालयको सहसचिव तथा बोर्ड सदस्यका हैसियतमा बैठकका निर्णयमा सहभागिता जनाएको

● ठाकुर, शर्मा र उपाध्यायलाई अधिकतम १३ वर्ष र पौडेललाई अधिकतम १० वर्ष कैद सजाय माग गरिएको छ

■ तीन पूर्वकार्यकारी निर्देशकविरुद्ध एक खर्ब ४४ करोड बिगो दाबी



घनश्याम भट्टराई रामचन्द्र देवकोटा सूर्यराज कँडेल

ठेकेदारलाई भुक्तानी गर्दा सरकारको स्वामित्वमा रहेको सम्पत्ति प्रयोग गरेबापतको रकम बिलबाट कट्टी गर्नुपर्नेमा सो नगरी सरकारलाई हानि-नोक्सानी गरेको, परामर्शदाताले ४१ पटक विभिन्न कार्यको गुणस्तर तथा संशोधनका लागि निर्माण व्यवसायीलाई निर्देशन लेख्दा पनि काम नगरेको, सम्झौता तोडेर ठेकेदार भाग्दा पनि भुक्तानी गरेको तथा असुल गर्नुपर्ने रकम नअसुलेको, कमजोर आर्थिक अवस्थाका ठेकेदारलाई कारबाही नगरेकोलगायतका अभियोग कार्यकारी निर्देशकहरूविरुद्ध अख्तियारले लगाएको छ ।



■ अध्यागमन विभागका महानिर्देशक तामाङ पनि प्रतिवादी



■ बोर्डका तत्कालीन सदस्य थापाविरुद्ध पनि मुद्दा

३० अर्ब सकियो, मेलम्ची अझै अधूरै

शान्ति तामाङ/नयाँ पत्रिका

मेलम्ची महत्त्वाकांक्षी र महँगो आयोजना हो । मेलम्ची खानेपानी विकास समितिका अनुसार यसमा अहिलेसम्म ३० अर्ब रकम खर्च भइसकेको छ । आयोजनाअन्तर्गत पहिलो चरणमा अम्बाथानदेखि सुन्दरीजलसम्म २६ किलोमिटर सुरुङबाट १७ करोड पानी उपत्यका ल्याइएको छ । दोस्रो चरणअन्तर्गत याङ्ग्री र लार्के नदीबाट थप १७-१७ करोड पानी ल्याउन बल्ल काम सुरु हुन लागेको छ ।

समितिका अनुसार हालसम्म मेलम्ची खानेपानी आयोजनाका लागि ३० अर्ब सकिएको छ । अम्बाथानमा निर्माण भएको हेडवर्क्सदेखि सुन्दरीजलसम्म पानी ल्याउन करिब ३० अर्ब रुपैयाँ खर्च भएको हो । जसमध्ये एडिबीले करिब २० अर्ब रकम खर्च गरेको छ । बाँकी रकम सरकारले खर्च गरेको हो ।

हेडवर्क्स सार्नुपर्ने अवस्था रहेमा मेलम्ची खानेपानीको लागत थप बढ्नेछ । गत सेप्टेम्बरमा मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्स सार्न सुझाव दिँदै एसियाली विकास बैंकले प्रतिवेदन बुझाएपछि मेलम्चीको पानीको निरन्तरताबारे अन्योल छ । एडिबीले हाल हेडवर्क्स रहेकोभन्दा सात सय मिटरमाथि हेडवर्क्स सार्नुपर्ने प्रतिवेदन सार्वजनिक गरेको थियो ।

हेडवर्क्स सार्नुपरे सुरुङ र पहुँच मार्गसमेत विस्तार गर्नुपर्ने हुन्छ । एडिबीले उक्त रिपोर्ट बुझाएको करिब ६ महिना हुन लाग्दा पनि यसबारे कसरी अगाडि बढ्ने भन्नेबारे निर्क्योल हुन सकेको छैन । 'दुई वर्षअगाडि आएको बाढीपछि एडिबीले अध्ययन गर्दा हेडवर्क्स सार्नुपर्ने रिपोर्ट दिएको छ । रिपोर्टपछि हेडवर्क्स सार्ने कि के गर्ने

» पृष्ठ २ मा क्रमशः

त्रिवि उपकुलपतिका लागि तीनजनाको नाम सिफारिस

अंकभार तथा मापदण्डका आधारमा चित्रबहादुर बुढाथोकी, केशरजंग बराल र टंकनाथ धमला क्रमशः पहिलो, दोस्रो र तेस्रो नम्बरमा

शिवहरि घिमिरे/नयाँ पत्रिका

शिक्षामन्त्री अशोक राई नेतृत्वको सिफारिस समितिले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिका लागि तीनजनाको नाम सिफारिस गरेको छ । सर्टलिस्टमा परेका १४ जना प्रतिस्पर्धीमध्ये समितिले आइतबार



चित्रबहादुर बुढाथोकी



केशरजंग बराल



टेकनाथ धमला

अंकभार तथा मापदण्डका आधारमा क्रमशः चित्रबहादुर बुढाथोकी, केशरजंग बराल र टंकनाथ धमलाको नाम सिफारिस गरेको हो ।

'हामीले शोधपत्र व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताबाट तीनजनाको नाम सिफारिस गरेका हौं,' शिक्षा मन्त्रालय सचिव तथा उपकुलपति सिफारिस समितिका सदस्य सुरेश अधिकारीले भने, 'सिफारिस गर्दा प्राध्यापक, पिएचडी गरेको, अनुसन्धान गरेकोलगायत योग्यता र अनुभव पनि हेरेर सिफारिस गरेका हौं । हामीले सबैभन्दा बढी नम्बर आउनेको नाम पहिलो, दोस्रो र तेस्रो गरेर सिफारिस गरेका छौं । तर, तीनमध्ये प्रधानमन्त्रीले जसलाई पनि गर्न सक्नुहुन्छ ।'

तीनजनाको नाम सिफारिस भएसँगै अब उपकुलपति टुंगो लगाउने बाटो सोझिएको छ । यसै साताभित्र प्रधानमन्त्रीले उपकुलपति तोक्ने अधिकारीले बताए । समितिले तीनजनालाई दिएको अंकभार गोप्य राखेको छ ।

» पृष्ठ २ मा क्रमशः



बक्यौता उठेन, व्यापारीले किन्न पनि छाडेपछि किसानले सडकमा पोखे दूध

भरतपुरमा **विवेक पोखेल**

भरतपुर महानगरपालिका- १६ मा ढकाल पशुपालन फार्म सञ्चालन गर्दै आएका केशव ढकालले फार्मबाट दैनिक १५ सय लिटर दूध उत्पादन गर्छन् । उनको फार्मसँगै डेरी पनि छ । गाउँका किसानको समेत दूध संकलन गरेर दैनिक पाँच हजार लिटर दूध बजारीकरण गर्दै आएका ढकालले गत बुधबार (२ फागुन) १३ हजार लिटर दूध बारीमा पोखे । यसअघि ढकाल भरतपुरका विभिन्न बजार क्षेत्रमा दूध बेच्थे । जोगिएको दूध भने सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी) चनौलीलाई बिक्री गर्थे । तर, डिडिसीले आफूसँग पर्याप्त दूध रहेको भन्दै किन्न नमानेपछि ढकालले बारीमा पोखे । 'दूध बिक्री हुन्छ कि भनेर राख्यो, लाखौं लगानी भएको दूध बाँड्न पनि सकिन्न । लामो समय राख्दा दूध बिग्रेपछि फाल्नुको विकल्प हुँदैन,' उनले भने ।

ढकालले दूध बेचेबापत पाँच महिनादेखिको एक करोड रुपैयाँ पनि डिडिसीबाट पाएका छैनन् । 'अहिले त दूध लिनुस्, पैसा पछि लिउँला' भन्दा

» पृष्ठ २ मा क्रमशः



उद्योगीले सस्तोमा पनि दूध उठाउन नमानेपछि आइतबार चितवनका किसानले सडकमै दूध पोखेर आन्दोलन गरेका छन् । जिल्ला प्रशासन कार्यालय चितवनमा प्लेकार्ड र नाराजुलुससहित गएको समूहले पूर्व-पश्चिम राजमार्गअन्तर्गत केन्द्रीय बसपार्कमा दूध पोखेको हो । आन्दोलनको नेतृत्व गरेका चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले चितवनमा 'मिल्क होलिडे' भएको बताए । 'दूध नबिकेपछि किसान र सहकारी मारमा छन् । बारीमा फाल्नुपर्ने बाध्यता छ । सरकारको ध्यानाकर्षण गराउन आइतबार सामूहिक रूपमा दूध फालेर प्रदर्शन गरेका हौं,' उनले भने ।

तस्बिर : **सनद अधिकारी**/रासस

■ आजबाट कांग्रेस महासमिति बैठक

२२ सय प्रतिनिधि, पाँच प्रतिवेदनमाथि चारवटा समूहमा छलफल हुने

नयाँ पत्रिका



संसद्को ठूलो दल कांग्रेस महासमिति बैठक सोमबारबाट ललितपुरको गोदावरीमा सुरु हुँदै छ । 'राजनीतिक स्थायित्व, रूपान्तरण र नवीनता, स्वतन्त्रता, न्याय र समानता, नेपाली कांग्रेसको नीतिगत प्रतिबद्धता' भन्ने मूल नारासहित १० फागुनमा सम्पन्न हुने महाधिवेशनको उद्घाटन सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गर्दै छन् ।

महासमिति बैठक केन्द्रीय प्रचार समितिले महासमिति उद्घाटनको सम्पूर्ण तयारी भएको जानकारी दिएको छ । उद्घाटनलगत्तै हिमाल, पहाड, तराई र मधेशसहित चारवटा समूहमा विभाजन गरेर समूहगत छलफल सुरु हुनेछन् । बैठकमा प्रस्तुत हुने केन्द्रीय समितिबाट पारित पाँचवटा प्रतिवेदनहरूमाथि छलफल हुनेछ ।

बैठकमा पदाधिकारी, केन्द्रीय सदस्यसहित देशभरबाट दुई हजार दुई सयभन्दा बढी महासमिति सदस्य सहभागी हुँदै छन् । जसअनुसार महासमिति बैठमा केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्य एक सय ६५ जना, प्रतिनिधिसभाको निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने महासमिति सदस्य एक हजार सात सय ८० जना, जनसम्पर्क समितिबाट ८९, शुभेच्छुक संस्थाहरूबाट ६९ र महासमिति सदस्य नरहेका प्रदेश सभापति, जिल्ला सभापति, भ्रातृ तथा शुभेच्छुक संस्थाका अध्यक्षहरू सहभागी रहने प्रचार समितिले जानकारी दिएको छ ।

बैठकमा नीति तयारी समितिका संयोजक उपसभापति पूर्णबहादुर खड्काको नीति प्रस्ताव, महामन्त्री गगन थापाको सांगठनिक प्रस्ताव र अर्का महामन्त्री विश्वप्रकाश शर्माको समसामायिक राजनीतिक प्रस्ताव, डा. प्रकाशशरण महतले नेपालको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन र लेखा समिति संयोजक श्यामकुमार घिमिरेले लेखा परीक्षण प्रतिवेदन पेस गर्नेछन् ।

मेलम्चीको...

पृष्ठ १ बाट क्रमशः

एसियाली विकास बैंक (एडिबी)सँग ऋण सम्झौतामा अघि बढाइएको खानेपानी आयोजनाको हेडवर्क्स र सुरुङको बाँकी निर्माण कार्य सम्पन्न गर्ने गरी ठेक्का प्रक्रियाबाट आयोजनाले इटालियन कम्पनी सिएमसी डी राभेन्ना (को अपरेटिभ मुराटोरी ई सिमेन्टिस्टी)लाई छनोट गरी सम्झौता गरेको थियो । एक हजार ४५ दिनभित्रमा बाँकी निर्माण कार्य सम्पन्न गर्ने गरी ३१ असार ०७० मा आयोजनाले उक्त कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो । सात अर्ब ७२ करोड (भ्याटबाहेक)मा ठेक्का सम्झौता भएको थियो । भेरियसनमार्फत करिब एक अर्ब थपेर ठेक्काको लागत आठ अर्ब ७१ करोड ५५ लाख ९५ हजार ९१२ रुपैयाँ पुर्‍याइएको थियो । ठेक्का सम्पन्न गर्नुपर्ने अवधि पनि १४ असोज ०७३ बाट बढाएर ३१ जेठ ०७५ पुर्‍याइएको थियो । कर्मचारी, ठेकेदार र परामर्शदाताको मिलेमतोमा निर्णय र भुक्तानीका विभिन्न चरणमा भ्रष्टाचार भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

प्रतिवादी बनाइएका पूर्वसचिवहरू भीमप्रसाद उपाध्याय, डा. सञ्जय शर्मा, गजेन्द्रकुमार ठाकुर र मुकुन्दप्रसाद पौडेल हुन् । मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड अध्यक्ष रहेका तत्कालीन खानेपानी मन्त्रालयका सचिव डा. शर्मा र बोर्डमा सदस्यका रूपमा प्रतिनिधित्व गरेका अर्थ मन्त्रालयका तत्कालीन सहसचिव (पछि सचिव) पौडेलविरुद्ध जनही समान ६ करोड ९७ लाख ८३ हजार १७८ रुपैयाँ बिगो दाबी गरिएको छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रले खरिद गरेको पेमेन्ट गेटवेमा भ्रष्टाचारको आरोपमा शर्माले अहिले पनि भ्रष्टाचार मुद्दा खेपिरहेका छन् । १२ चैत ०७७ मा सचिव नियुक्त भएका पौडेल २६ साउन ०७८ मा निवृत्त भएका थिए । त्यस्तै, बोर्ड अध्यक्षकै रूपमा भ्रष्टाचारमा संलग्न भएको आरोपमा खानेपानी मन्त्रालयका तत्कालीन सचिव उपाध्यायविरुद्ध चार करोड ११ लाख ३४ हजार २७९ रुपैयाँ र ठाकुरविरुद्ध ६० करोड ४९ लाख १९ हजार ८८४ रुपैयाँ बिगो दाबी गरिएको छ ।

आरोपितहरूसँग भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(झ) बमोजिम कैद र जरिवानाको मागदाबी गरिएको छ । यसबापत प्रतिवादीहरूमाथि आठदेखि १० वर्षसम्म कैद सजाय हुन्छ । विशिष्ट श्रेणी (सचिव)को संलग्नताको हकमा अख्तियारले थप सजायको माग पनि गरेको छ । ऐनको दफा २४ बमोजिम उनीहरूलाई थप तीन वर्षसम्म कैद सजाय हुन्छ ।

भ्रष्टाचारमा संलग्न भएको आरोपमा अख्तियारले मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य रुद्रसिंह तामाङविरुद्ध पनि मुद्दा दर्ता गरेको छ । उनी अध्यागमन विभागका बहालवाला महानिर्देशक हुन् । उनीविरुद्ध ११ करोड नौ लाख १७ हजार ४५८ रुपैयाँ बिगो दाबी गरिएको छ । तत्कालीन समयमा काठमाडौं महानगरपालिकाको प्रमुख कार्यकारी अधिकृत रहँदा सदस्यका रूपमा तामाङले बोर्डमा प्रतिनिधित्व गरेका थिए । त्यस्तै, समितिका तत्कालीन बोर्ड सदस्य चन्द्रबहादुर थापालाई ७१ करोड ५८ लाख ३७ हजार ६४३ बिगोसहित प्रतिवादी कायम गरिएको छ ।

मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशकत्रय घनश्याम भट्टराई, रामचन्द्र देवकोटा र सूर्यराज कँडेलविरुद्ध पनि मुद्दा लागेको छ । भट्टराईविरुद्ध २२ करोड ७५ लाख १९ हजार ८९६ रुपैयाँ, देवकोटाविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार ६६३ रुपैयाँ र कँडेलविरुद्ध ८९ करोड आठ लाख ९८ हजार २८५ रुपैयाँ बिगो अख्तियारले मागेको छ । भट्टराई मेलम्ची आयोजनाबाट अवकाशपछि केपी ओली प्रधानमन्त्री हुँदा उनको विकासविज्ञ नियुक्त भएका थिए ।

त्यस्तै, मेलम्ची खानेपानी विकास समितिका तत्कालीन तीन लेखा प्रमुख (उपसचिव) मणिभद्र न्यौपाने, बेगनाथ पौडेल र केदारप्रसाद अर्याल पनि प्रतिवादी छन् । न्यौपाने र पौडेलविरुद्ध जनही समान ३२ करोड ३५ लाख ६१ हजार ६६३ र अर्यालविरुद्ध ४४ करोड ७३ लाख ७३ हजार ७१ बिगो दाबी गरिएको छ । अर्का प्रतिवादी तत्कालीन लेखा अधिकृत रामचन्द्र न्यौपानेविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार ६६३ रुपैयाँ बिगो मागिएको छ । समितिका तत्कालीन सिनियर डिभिजनल इन्जिनियर तथा उपकार्यकारी निर्देशक भोजविक्रम थापाविरुद्ध पनि ३२ करोड ३५ लाख ६१ हजार ६६३ नै बिगो कायम गरिएको छ ।

त्यस्तै, परामर्शदाता इप्टिसा-विट्स (जेभी) र त्यसका तत्कालीन डेपुटी टिमलिडर शिवकुमार शर्मा तथा ठेकेदार कम्पनी सिएमसीविरुद्ध पनि मुद्दा लागेको छ । शर्माविरुद्ध ४८ करोड ३६ लाख सात हजार ५८०, परामर्शदाता कम्पनीविरुद्ध ८७ करोड ५८ लाख ८३ हजार ३६० र ठेकेदारविरुद्ध ६५ करोड १४ लाख ५७ हजार ४१० बिगो कायम छ ।

यसरी भएको थियो भ्रष्टाचार

ठेक्का सम्झौता भएदेखि निर्माण व्यवसायीले साइट छाडेर गएको २९ मंसिर ०७५ को अवधिसम्म ठेकेदार, परामर्शदाता र सरकार (इम्प्लायर) तीनै पक्षको संलग्नतामा भए-गरेका कार्यहरू ठेक्का सम्झौता र सार्वजनिक खरिद ऐन, २०६३ विपरीत ६ असार ०७३ मा मेमोरेन्डम अफ अन्डरस्ट्यान्डिङ (एमओयू)को पर्चा खडा गरी भुक्तानी दिएको अख्तियारको आरोप छ । नेपाल सरकारले एसियाली विकास बैंकबाट ऋणमा लिएको रकम सम्झौताविपरीत तथा कानुनले तोकेभन्दा बढी अर्थात् २० प्रतिशतले हुने रकम ठेकेदारलाई दुई किस्तामा अतिरिक्त मोबिलाइजेसन पेस्कीबापत भुक्तानी दिएको अख्तियारको दाबी छ । यसरी ५३ करोड ६३ लाख २५ हजार रुपैयाँ भुक्तानी दिइएको थियो ।

त्यस्तै, दोस्रोपटक ६ फागुन ०७३ मा दोस्रो एमओयूमार्फत ठेकेदारले भ्यालु इन्जिनियरिङ नगर्दै त्यसैका नाममा अतिरिक्त ३२ करोड २८ लाख ६० हजार रुपैयाँ पेस्की भुक्तानी दिइएको देखिएको छ । यसरी अतिरिक्त पेस्कीबापत ८५ करोड ९१ लाख ८५ हजार भुक्तानी दिइएको थियो ।

सरकारी सम्पत्ति हानि-नोक्सानी गरी निर्माण व्यवसायीलाई लाभ पुर्‍याएको दाबी अख्तियारको छ । उक्त रकम बैंक जमानीबाट असुल गरी त्यसमा लाग्ने ११ करोड नौ लाख १७ हजार ४५८ ब्याज असुल नगरेको पनि आरोपपत्रमा उल्लेख छ । नियमानुसार २० प्रतिशतको पेस्की फर्स्योट नहुँदै निर्माण व्यवसायीको कारणले ठेक्का अन्त भएपछि असुल हुन बाँकी रहेको रकम बैंक जमानतबाट असुल गर्दा त्यसमा लाग्ने ब्याजबापत एक करोड २९ लाख ९३ हजार ९५० रुपैयाँ असुल नगरेको पनि भेटिएको छ ।

निर्माण व्यवसायीबाट पेस भएको बिल परीक्षण गरी पुष्ट्याइँसहित रनिङ बिल भुक्तानीका लागि सिफारिस गर्न समय लाग्ने अवस्थामा कार्यसञ्चालनमा सहजता ल्याउन 'प्रोभिजनल पेमेन्ट अगेस्ट समिटेड कन्ट्र्याक्टर बिल' दिन सक्ने व्यवस्था ठेक्का सम्झौतामा गरियो । तर, बिलको अन्तिम परीक्षण गरी समायोजन गरिहाल्नुपर्नेमा सम्झौताको प्रावधानबमोजिम प्रत्येक भुक्तानी परामर्शदाताको सिफारिसअनुसार रनिङ बिलमार्फत नै हुन्छ । त्यसैअनुसार भएको प्रोभिजनल पेमेन्टको त्यसपछि पेस भएको वा हुने बिलबाट समायोजन वा कट्टी गर्नुपर्छ । परामर्शदाता र व्यवस्थापन समितिले भुक्तानीका लागि पेस भएको सोपछिको कुनै पनि बिल समायोजन गरी प्रोभिजनल पेमेन्टबापतको रकम असुली नगरेका कारण १० करोड हानि-नोक्सानी भएको पनि अख्तियारको दाबी छ ।

२६ जेठ ०७३ सम्ममा परामर्शदाताको पत्रअनुसार सिएमसीले नियमानुसार ठेक्का सम्झौता तोडिएको त्यसअघिको निर्माण व्यवसायी 'चाइना रेल्वे १५ ब्युरो ग्रुप कर्पोरेसन-चाइना मेसिनरी इन्डस्ट्री ग्रुप कर्पोरेसन इंक जेभी'बाट जफत भएका घर, निर्माण सामग्री, मेसिन तथा उपकरणहरूको प्रयोग सम्बन्धमा सहमति जनाएको थियो । त्यसको मूल्यांकन ११ करोड ६६ लाख दुई हजार ४३७ रुपैयाँ निर्धारण गरिएको थियो । सिएमसीले ठेक्का सम्झौता गर्नुपूर्व २७, २८ र ३० जेठ ०७० मा संयुक्त बैठकबाट यसमा सहमति जनाएको थियो । तर, २६ जेठ ०७३ मा आवास सुनिश्चित गर्ने क्रममा आफ्नो सहमति नरहेकाले क्लेममा जान सक्ने हुँदा रनिङ बिलबाट कट्टी नगरिदिनुहुन भनी पत्राचार गरेको थियो । ती सामग्री, मेसिन र घरटहराको प्रयोगबापत ११ करोड ६६ लाख दुई हजार ४३७ र त्यसपछि ३ मंसिर ०७५ सम्म निरन्तर प्रयोग गरेबापतको थप रकम १६ करोड ४५ हजार ९१६ समेत असुलउपर नगरेको देखिएको छ । यसरी प्रत्येक रनिङ बिलमा आवास भाडा मूल्यांकन गर्दै बिलबाट कट्टी गरी असुलउपर गर्नुपर्ने दायित्व परामर्शदाता तथा व्यवस्थापन पक्षले निर्वाह गरी २७ करोड ६६ लाख ४८ हजार ३५३ रुपैयाँबराबरको सरकारी सम्पत्ति नोक्सानी पुगेको दाबी अख्तियारको छ ।

त्यस्तै, सुन्दरीजल टनेल 'स्विइजिङ एन्ड कोल्याप्स'को पुनर्स्थापना कार्यको भर्पाइ बिमा कम्पनीबाट नहुने अवस्थामा भेरिएसन स्वीकृत नगरी निर्माण व्यवसायीकै कारणले सिर्जित खर्चको १० करोड १० हजार ४१० रुपैयाँ भुक्तानी दिइएको देखिएको छ । सम्झौताको सर्तविपरीत मेलम्चीस्थित भीमकाली गणमा भएको निर्माण कार्यको ५९ लाख ५८ हजार ८१६ रुपैयाँ भुक्तानी गरिएको थियो । अपूरो कार्यको पूरा दररेटमा भुक्तानी दिएको, नगरेको कामको समेत गलत मूल्यांकन गरी हचुवाका आधारमा रनिङ बिल तयार गरी सिफारिस गर्ने परामर्शदाता र भुक्तानी गर्ने व्यवस्थापन पक्षले २८ करोड १३ लाख ५८ हजार २२० रुपैयाँ बढी भुक्तानी गरेको अख्तियारको दाबी छ । त्यसमध्ये ११ करोड ८२ लाख १८ हजार २५६ रुपैयाँ भुक्तानी समायोजन भएको थियो भने बाँकी १६ करोड ३१ लाख ३९ हजार ९६३ रुपैयाँ असुल नगरी छाडिएको अख्तियारको दाबी छ ।

ठेकेदार कम्पनी सिएमसीले २९ मंसिर ०७५ मा साइट छाडेर गएको थियो । त्यसपछि मेलम्ची व्यवस्थापन पक्षले सम्झौताको कुनै सर्तमा द्विविधा भए मात्र परामर्शदाता राख्नुपर्नेमा कुनै द्विविधा नहुँदै आफूलाई मन्त्रिपरिषद्सरह अधिकार भएको भन्ने गलत अर्थ लगाई मेलम्ची बोर्डबाट सहमति लिई 'एडवार्ड कोरवेट एन्ड को'सँग करार सम्झौताको मर्मविपरीत क्षेत्रगत सर्त र कार्य अवधि नतोकी सिएमसीको अनुपस्थितिबारे गर्नुपर्ने प्रक्रियाका लागि सल्लाह लिन भनी गरेको सम्झौता नै गलत रहेको आरोपपत्रमा उल्लेख छ । ठेक्का अन्त्य गर्ने भएपछि बोर्डको २ पुस ०७५ को बैठकको निर्णयबमोजिम निर्माण व्यवसायीको सबै बैंक जमानी जफत गर्ने गरी २४ माघ ०७५ मा ठेक्का तोडिएको थियो । तर, सरकारका तर्फबाट सिंगापुरस्थित 'एसआइएसी'मा सम्झौताबमोजिम आर्बिट्रेसनमा जान निवेदन दिने या नदिनेसम्बन्धी कुनै सल्लाह 'एडवार्ड कोरवेट एन्ड को'ले कुनै पनि सल्लाह वा सुझाव दिएन । औचित्य नै नभएको परामर्श सेवाका लागि २१ लाख २१ हजार बढी भुक्तानीसमेत दिएको देखिएको छ ।

३० अर्ब सकियो...

पृष्ठ १ बाट क्रमशः

भन्ने सरकारको निर्णयपछि अगाडि बढ्छौँ,' समिति प्रवक्ता राजेन्द्र पन्तले भने, 'हेडवर्क्स सार्नका लागि पनि विस्तृत अध्ययन हुनुपर्‍यो । थप विस्तृत अध्ययनपछि कसरी अगाडि बढ्ने भन्नेबारे निर्णय होला ।'

एक महिनाअघि उपत्यकावासीको धारामा आएको मेलम्चीको पानी स्थायी रूपमा ल्याउनका लागि अझै पहल सुरु हुन सकेको छैन । जसकारण यो वर्ष पनि बर्खासम्म मात्र उपत्यकावासीले मेलम्चीको पानी प्रयोग गर्न पाउने भएका छन् । मेलम्ची खानेपानी विकास समितिका अनुसार बर्खापछिको अवस्था हेरेर अगाडि बढिनेछ । 'पहिलो चरणको काम सकेर उपत्यकावासीले पानी प्रयोग गर्न पाइरहेका छन् । त्यसैले हाललाई हामीले दोस्रो चरणको कामअन्तर्गत यांग्री र लार्केको पानी उपत्यकामा ल्याउन निर्माणको काम गरिरहेका छौँ,' समितिका प्रवक्ता पन्तले भने, 'मेलम्चीको पानीको विषयमा कसरी अगाडि बढ्ने भन्नेबारे बर्खापछिको अवस्थासम्म हेर्छौं ।'

०७८ असार र साउनका मेलम्ची नदीमा आएको बाढीको कारण हेडवर्क्सलगायत संरचनामा क्षति पुगेको थियो । त्यसपछि बर्खा लाग्नेबित्तिकै मेलम्चीको पानी उपत्यका ल्याउने सुरुङको ढोका बन्द गर्ने गरिएको छ ।

बक्यौता उठेन...

पृष्ठ १ बाट क्रमशः

पनि डिडिसीका कर्मचारीले दूध लिन छाडेको उनले बताए ।

ढकालको जस्तै समस्या चितवनका दूध संकलन गर्ने अधिकांश सहकारी संस्थाको छ । किसानले बिक्री गरेको दूध स्थानीय सहकारीले विभिन्न उद्योगलाई बिक्री गर्छन् । उद्योगले प्रत्येक १५ दिनमा किसानको रकम भुक्तानी दिन सहकारीलाई पैसा पठाउने र सहकारीमार्फत किसानले रकम पाउने गरिएकोमा असारदेखि उद्योगले किसानलाई पैसा दिएका छैनन् । दूध खेर फाल्नुभन्दा बरु सरकारले तोकेभन्दा कम मूल्यमा बेच्न तयार छन् किसान । तर, उद्योगीले सस्तोमा पनि दूध उठाउन नमानेपछि आइतबार चितवनका किसानले सडकमै दूध पोखेर आन्दोलन गरेका छन् । जिल्ला प्रशासन कार्यालय चितवनमा प्लेकार्ड र नाराजुलुससहित गएको समूहले पूर्व-पश्चिम राजमार्गअन्तर्गत केन्द्रीय बसपार्कमा दूध पोखेको हो । उनीहरूले कृषिमन्त्री बेदुराम भुसालको राजीनामा माग्दै नारा पनि लगाए ।

आन्दोलनको नेतृत्व गरेका चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले चितवनमा 'मिल्क होलिडे' भएको बताए । 'दूध नबिकेपछि किसान र सहकारी मारमा छन् । बारीमा फाल्नुपर्ने बाध्यता छ । सरकारको ध्यानाकर्षण गराउन आइतबार सामूहिक रूपमा दूध फालेर प्रदर्शन गरेका हौँ,' उनले भने । दूध बिक्री हुन गाह्रो भएको र बिक्री भएको दूधको पैसा पनि लामो समयदेखि नपाएपछि किसानले स्थानीय तहका जनप्रतिनिधिदेखि प्रदेश र केन्द्रका कृषिमन्त्रीसँग हारगुहार गरेका थिए । यहाँका किसानले माघको अन्तिम साता प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पनि ज्ञापनपत्र बुझाएका थिए । तर, मागको सुनुवाइ नभएको बगालेको गुनासो छ ।

भारतबाट कच्चा र पाउडर दूधको आयात धेरै हुँदा नेपाली दूधले बजार नपाएको किसानको गुनासो छ । भारतबाट पाउडर दूध आयात वैधानिक भए पनि काँचो दूध आयातमा प्रतिबन्ध छ । तर, केही ठूला निजी डेरीले तराईका केही जिल्लाका सीमावर्ती क्षेत्रमै चिस्यान केन्द्र स्थापना गरेर तस्करीको काँचो दूध संकलन गर्ने गरेको बगालेले दाबी गरे । 'केही ठूला निजी डेरीले तराईका केही जिल्लाका सीमावर्ती क्षेत्रमै चिस्यान केन्द्र स्थापना गरेर तस्करीको काँचो दूध संकलन गर्ने गरेका छन् । म आफैँ अनुगमनमा जाँदा पनि प्रत्येक्ष देखेर आएको छु । सर्लाहीको बलारा र भवानीपुरमा निजी डेरीले चिस्यान केन्द्र राखेर भारतीय दूध संकलन गरेको देखियो,' उनले भने, 'खुला सिमानाबाट हुने यस्तो तस्करी रोक्न राज्यको सक्रियता देखिँदैन, भारतीय दूध नियन्त्रण नहुँदा नेपाली किसान उत्पादन सडकमा पोख्न बाध्य भएका छौँ ।'

दूधमा आत्मनिर्भर चितवनमा दैनिक साढे तीन लाख लिटर उत्पादन हुन्छ । यहाँ एक सय १५ वटा दूध सहकारी संस्था सक्रिय छन् भने ६० बढी निजी डेरी छन् । सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)सहित देशभरिका प्रायः निजी डेरी उद्योगले चितवनबाट दूध खरिद गर्छन् । दूध बेचेको पैसा लामो समयदेखि नपाउँदा साना किसानको जीविकोपार्जनमा समस्या भएको छ । ठूला किसानलाई पनि बैंकले ब्याज तिर्न ताकेता गरिरहेका छन् । गाईभैँसीको दाना-चोकर खुवाउने पैसा अभाव हुन थालेको किसान कुलप्रसाद बाँस्तोलाले बताए । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका सचिव कल्याण अधिकारीका अनुसार चितवनका ४० हजारभन्दा बढी पशुपालक किसानले करिब ५२ करोड भुक्तानी पाएका छैनन् । चितवनमा उत्पादन हुने साढे तीन लाख लिटर दूधमध्ये डेढ लाख जिल्लाबाहिर खपत हुँदै आएको छ । ढुवानी पनि सस्तो पर्ने र गुणस्तरीय भएको भन्दै काठमाडौंको बजारमा उद्योगीले चितवनबाट दूध लैजान्छन् ।

त्रिवि...

पृष्ठ १ बाट क्रमशः

उपकुलपति छनोटका लागि शिक्षामन्त्री अशोककुमार राईको अध्यक्षतामा शिक्षासचिव सुरेश अधिकारी र त्रिवि सभाका सदस्य उपप्राध्यापक चन्द्रकला घिमिरे सदस्य रहेको सिफारिस समिति गठन गरिएको थियो । समितिले तीव्र गतिमा काम गरेका कारण छोटो समयमै छनोट प्रक्रिया अघि बढेको सचिव अधिकारीले बताए ।

उपकुलपतिका लागि त्रिविले दरखास्त आह्वान गरेपछि ४३ जनाले आवेदन दिएका थिए । त्यसमध्ये ४२ जनाको आवेदन रुजु भएको थियो भने एकजनाको मापदण्ड नै नपुगेर रिजेक्ट भएको थियो । छनोट प्रक्रिया सुरु भएपछि समितिले ४२ जनामध्येबाट १४ जनाको सर्टलिस्ट सार्वजनिक गरेको थियो । गत सोमबारदेखि उनीहरूसँग प्रस्तुतीकरण र अन्तर्वार्ता थालिएको थियो । त्यसकै आधारमा समितिले आइतबार उत्कृष्ट तीनजनाको नाम सिफारिस गरेको हो ।

सिफारिस तीनजनामध्येबाट अब प्रधानमन्त्री तथा त्रिविका कुलपति पुष्पकमल दाहाल प्रचण्डले उपकुलपति नियुक्त गर्नेछन् । समितिले तीनजनाको नामलिस्ट र विवरण आइतबार नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइसकेको छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/११/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/११/२१ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय टाँडी, चितवनबाट तपसिलको कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/संचालक/जमानीकर्ताको विवरण

ऋणीको नाम: महाकाली फर्निचर उद्योग
दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यलय, भरतपुर, चितवन
प्रा.फ.द.नं.:४०१/२०६८/०६९,
दर्ता मिति : २०६८/१२/१६, पान नं. ३०४८११७९९
ठेगाना : खैरहनी-७, चितवन

प्रोप्राईटर/जमानीकर्ताको नाम :
कृष्ण कुमारी श्रेष्ठ
बाबुको नाम : तेज वहादुर श्रेष्ठ
पतिको नाम : तिर्थ नारायण श्रेष्ठ
सुसुराको नाम : सानु काजि श्रेष्ठ
ठेगाना : गितानगर-०६, चितवन, हालः खैरहनी-८, चितवन
ना.प्र.नं. : २७३३, जारी मिति : २०४५/०२/१७
जारी गर्ने कार्यालयः जि.का., चितवन

कर्जा शिर्षक : एस.एम.ई अधिबिकर्ष
कर्जा लिएको शाखा : टाँडी, चितवन

जमानीकर्ताको विवरण

१) नाम : तिर्थ नारायण श्रेष्ठ
बाबुको नाम : सानुकाजी श्रेष्ठ
बाजेको नामः तुलसी नारायण श्रेष्ठ
ठेगाना : खैरहनी-८, चितवन
ना.प्र.नं. : ८२५०२ काभ्रे, जारी मिति : २०५५/१२/०९
जारी गर्ने कार्यालय : जि.प्र.का, चितवन

२) नाम : सानुकाजी श्रेष्ठ
बाबुको नामः तुलसी नारायण श्रेष्ठ
बाजेको नामः पुन नारायण श्रेष्ठ
ठेगाना : खैरहनी-८, चितवन
ना.प्र.नं. : ३५-०१-७६-०२००१, जारी मितिः २०७६/०२/१३
जारी गर्ने कार्यालय : जि.प्र.का, चितवन

जमानीकर्ताको विवरण:

३) नाम : लक्ष्मी माया श्रेष्ठ
बाबुको नाम : हर्क ब. श्रेष्ठ
पतिको नामः सानु काजि श्रेष्ठ
ससुराको नाम : तुलसी नारायण श्रेष्ठ
ठेगाना : अम्बोटे-१, काभ्रे, हालः खैरहनी-८, चितवन
ना.प्र.नं. : ४४६/२८, जारी मिति : २०४६/०१/०३
जारी गर्ने कार्यालय : जि.का, काभ्रे

४) नाम : बिश्व नारायण श्रेष्ठ
बाबुको नाम : शानु काजी श्रेष्ठ
बाजेको नाम : तुलसी नारायण श्रेष्ठ
ठेगाना : शिखर आ.-१, काभ्रेपलाञ्चोक,
हाल : खैरहनी-८, चितवन
ना.प्र.नं.: ३०३०८३/२३९, जारी मितिः २०६३/११/२१
जारी गर्ने कार्यालयः जि.प्र.का, काभ्रेपलाञ्चोक

५) नाम : निशा श्रेष्ठ
बाबुको नाम : जहर सिं. तमाङ
पतिको नामः विक्रम श्रेष्ठ
ससुराको नाम : सानुकाजी श्रेष्ठ
ठेगाना : खैरहनी-४, चितवन
हाल : खैरहनी-८, चितवन
ना.प्र.नं.: ३५१००४/३४, जारी मितिः २०६७/०२/०४
जारी गर्ने कार्यालय : जि.प्र.का, चितवन

सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय खैरहनी, चितवनमा श्री सानु काजी श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, खैरहनी वडा नं. १/क स्थित कि.नं. ५५८८ को क्षेत्रफल १६०.८४ व.मी. को घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०२६-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०२६-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावे कार्यालय समय भित्र शाखा कार्यालय टाँडी, चितवनमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

मोटरसाइकल हरायो

मिति २०८०/०७/२१ गते अ.१८:३० बजेको समयमा का. जि. गोकर्णेश्वर-८, अत्तरखेल सडक किनारामा पार्किङ गरिराखेको बा.प्र. ०२-०४६ प ११८८ नम्बरको कालो रातो रंगको २२० सिसि पल्सर मोटरसाईकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

नाम : रमेश आचार्य
च्यासिस नं.:MD2A13EX8NCM83181
इन्जिन नं. : DKXCNM37600
सम्पर्क : 9860890047

स्वच्छन्द निर्माण सेवा प्रा. लि./वर्ल्ड वाईड कन्स्ट्रक्सन कम्पनी प्रा.लि.
नागार्जुन ९, स्यूचाटार, काठमाडौं

तुरून्त सम्पर्क गर्न आउने बारे अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८०/११/०७

श्री सडक विभाग, हुलाकी राजमार्ग आयोजना कार्यालय, कपिलबस्तु अन्तर्गतको तपसिल बमोजिमको ठेक्का सम्झौताको संयुक्त उपक्रमको एक साझेदारको रुपमा रहेको त्यस **सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** ले ठेक्का सम्झौता बमोजिम ठेक्काको कार्य अघि नबढाएको, ठेक्का सम्झौता अन्तर्गतको रकम बुझीलिई भुक्तानी गर्नुपर्ने दायित्व समेत भुक्तानी नगरी बक्यौता राखेको तथा अवाञ्छित काम कारवाहीबाट ठेक्का सम्झौताको उल्लंघन भई यस स्वच्छन्द निर्माण सेवा प्रा.लि. र वर्ल्ड वाईड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. को व्यवसाय तथा साखमा समेत गम्भीर आघात परेको तथा गैरकानुनी दायित्व समेत सिर्जना हुन गएकोले त्यस कम्पनीका अध्यक्ष लगायतका जिम्मेवार पदाधिकारीहरुलाई पटक पटक सम्पर्क गरी ठेक्का सम्झौता अनुरुपको कार्य अघि बढाई निर्माण कार्य सम्पन्न गर्न, श्रमिक, कर्मचारी, सप्लायर्स र अन्य विभिन्न स्थानिय व्यवसायीहरुलाई भुक्तानी गर्नुपर्ने दायित्वहरु र आयोजनाबाट लिईएको अग्रिम पेश्की रकम समेत भुक्तानी गर्न, सम्पूर्ण हिसाब फरफारक गर्न तथा निज कम्पनीद्वारा सिर्जित दायित्व सेमत व्यहोरी सम्पूर्ण बाँकी रहेका निर्माण कार्य समयमा नै सम्पन्न गर्न सूचित गरिएकोमा पछिल्लो केही समय देखि त्यस कम्पनीका अध्यक्ष लगायतका पदाधिकारीहरु सम्पर्क विहीन भएकोले यस सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कम्पनीको कार्यालयमा उपस्थित भई पूर्व प्रतिबद्धता तथा जेभी सम्झौता बमोजिमको सम्पूर्ण दायित्वहरु अविलम्ब निर्वाह गर्न हुन सूचित गरिन्छ । अन्यथा नेपाल सरकारको प्रचलित कानून बमोजिम तहाँलाई कारबाही गरि स्वच्छन्द निर्माण सेवा प्रा.लि. र वर्ल्ड वाईड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. बाट सम्पूर्ण निर्माण कार्य सम्पन्न गरि हामीलाई पुग्न गएको क्षति त्यस **सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** बाट असुलउपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	ठेक्का नं.	आयोजनाको नाम	संयुक्त उपक्रम	सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. का पदाधिकारीहरुको नाम	Joint Venture माग गर्ने व्यक्तिहरु
१	HRP/337224/075-76/UR-001	Upgrading of Kharindrapur-Shitalpur-Vilmi Road Kapilvastu (Ch:0+000 - 17+500)	स्वच्छन्द-सिरुवा-वर्ल्ड वाईड जोइन्ट भेन्चर	सुवाश तामाङ्ग, दिनेश पौडेल, सुरेन्द्र प्रसाद फुँयाल, अनन्त सिम्खँडा, प्रशुन घिमिरे, हरी प्रसाद सुवेदी लगायत साविकमा कायम रहेका तथा हाल बहालवाला सम्पूर्ण सञ्चालक तथा पदाधिकारीहरु	१. गणेश लामा-केन्द्रीय सदस्य (नेपाली कांग्रेस-काभ्रे) २. वकिल मुलसमान-(पूर्व बनमन्त्री-रुपन्देही)

संसद्मा सवाल-जवाफ

सरकार ढल्ने डरले सुशासनको संकल्प रोकिन्न : प्रधानमन्त्री

विपक्षी दलले मागे मन्त्रीहरूको राजीनामा, बालकुमारी घटनाका दोषीलाई कारबाही गर्ने प्रतिबद्धता

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकार ढल्ने डरले सुशासनको संकल्प नरोकिने बताएका छन् । प्रतिनिधिसभामा आइतबार प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा सांसदहरूले राखेका जिज्ञासा सम्बोधन गर्ने क्रममा उनले सुशासनको पक्षमा अभियान चलाउँदा सरकार जाला भन्ने डर आफूलाई नभएको दाबी गरे । प्रधानमन्त्री प्रचण्डले सरकारले सुशासनको पक्षमा चालेका कदमलाई राजनीतीकरण नगर्नसमेत आग्रह गरे ।

सरकार छोड्नुपरे पनि तयार हुनुपर्छ भनेरै दृढ भएर अगाडि बढेको छु

रास्वपा सांसद गणेश पराजुली : नक्कली भुटानी शरणार्थी, ६० किलो सुनकाण्ड, ललितानिवास जग्गालगायत प्रकरणमा नीतिगत निर्णयको आवरणमा नेता, पूर्वप्रधानमन्त्री, पूर्वमन्त्रीलाई न्यूनतम छानबिनको प्रक्रियामा समेत किन नल्याएको ? कुर्सी हल्लिन्छ भन्ने डरले सबै प्रकरणमा आफ्ना र स्थापित भनिएका नेताको नाम जोडिन थालेपछि मुद्दा फितलो बनाएको हो ? आफू पनि रहिन्न भन्ने डरले गाँजेको हो ?'

प्रधानमन्त्री प्रचण्ड : उल्लेखित काण्डहरू वर्तमान सरकारले नै छानबिन गरेर अगाडि बढाएको हो । यति धेरै उच्चपदस्थ राजनीतिक तथा प्रशासनिक नेतृत्वहरू छानबिनको दायरामा आएको यो हाम्रो इतिहासको सबैभन्दा ठूलो प्रकरण हो । यसमा सरकारलाई राजनीतिक नेतृत्वबाट बधाई आउनुपर्नेमा कुनै न कुनै तर्कले राजनीतीकरण गर्नु उपयुक्त छैन । प्रधानमन्त्री हुँदा नै सुशासनको संकल्प बोकेको थिए । यसका लागि सरकार छोड्नुपरे तयार हुनुपर्छ भनेरै दृढ भएर अगाडि बढेको छु । माननीयज्यूले भनेजस्तो कुर्सी हल्लिने डर मलाई छैन । अहिलेको प्रतिपक्षमा भएकालगायत दलले मलाई प्रधानमन्त्री बनाउनुभयो । त्यतिबेलै मैले १५ दिन हो कि २० दिन हो सोचेको थिएँ, विश्वभरिको अध्ययन पनि गरेको थिएँ कि कतिवटा प्रधानमन्त्री १५-२० दिनमा हटेका रहेछन् भनेर, नजिकै छिमेकी भारतमा १३ दिनमा अटलबिहारी बाजपेयी हटेको देखेपछि आनन्द मानेको थिएँ । त्यसकारण यो सरकार जाला कि भन्ने डर मलाई बिल्कुलै छैन,' उनले भने । माननीयज्यूले भनेजस्तो कुर्सी हल्लिने डर हुन्थ्यो भने छानबिन नै सुरु हुने थिएन । विगतमा पनि थिए नि घटनाहरू, कति छानबिन भए ? थाहा छँदै छ । त्यसैले दोहोऱ्याएर भन्छु- सुशासन मेरो नारा होइन, संकल्प हो,' प्रचण्डको जवाफ थियो ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा सम्पत्ति शुद्धीकरण विभागबाट थप अनुसन्धान अघि बढाइएको, ६० केजी सुन तस्करी प्रकरणमा अदालतमा मुद्दा दायर गरिएको, सुन तस्करी नियन्त्रणका लागि जाँचबुझ आयोगले काम गरिरहेको छ ।

बजेट निर्माणको नयाँ क्यालेन्डर पनि लागू गर्न खोजिएको छ

कांग्रेस महामन्त्री गगनकुमार थापा : आर्थिक वर्षको ६० प्रतिशत समय सकिँदा ४० प्रतिशत हाराहारी मात्रै राजस्व उठेको, पुँजीगत खर्च २१ प्रतिशत मात्रै भएको छ । आवको बाँकी समयमा प्रक्षेपित राजस्व लक्ष्य प्राप्ति र विकास निर्माणमा पुँजीगत खर्च बढाउन सरकारको क्याप्टेनले नीतिगत र व्यावहारिक रूपमा के सोचेको छ ?

प्रधानमन्त्री प्रचण्ड : आन्तरिक उपभोग र आयात घट्दा अनुमानित राजस्व उठ्न सकेको छैन । आगामी दिनमा स्रोत बढाउन राजस्व प्रशासनमा थप सुधार गर्ने र विदेशी सहायताको परिचालन बढाउनेतर्फ सरकारले विशेष पहल गर्नेछ । राजस्व छली, अवैध व्यापार र कारोबार नियन्त्रण गर्न विशेष योजनासहित सरकार कडा रूपमा प्रस्तुत हुने र वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूको कार्यान्वयनलाई द्रुतता दिइनेछ ।

पुँजीगत खर्च बढाउन आयोजना कार्यान्वयन सहजीकरण कार्यविधि तर्जुमा प्रक्रिया अन्तिम चरणमा रहेको, आयोजना वर्गीकरणको मापदण्ड स्वीकृत गरी लागू गरेको, पूर्वतयारीका सम्पूर्ण कार्य सम्पन्न गरी आयोजना बैंकमा प्रविष्ट भएका आयोजना मात्र समावेश गर्नुपर्ने व्यवस्था मिलाइएको र आयोजनाहरूको बहुवर्षीय ठेक्कानसम्बन्धी कार्यविधिमा समसामयिक संशोधन गरिएको छ । बजेट निर्माणको नयाँ क्यालेन्डर पनि लागू गर्न खोजिएको छ । मन्त्रालयहरूले आफूलाई प्राप्त सिलिङमा रही आयोजना तथा कार्यक्रम आफैंले छान्ने तथा प्राथमिकीकरण गर्ने र तोकिएका आयोजनामा इअर मार्किङ पनि आफैंले गर्ने व्यवस्था गरिएको छ । पुँजीगत खर्च बढाउन कानुनी रूपमा पनि गृहकार्य भइरहेको छ । एकै व्यक्ति वा समूह बैंक र व्यवसायी दुवै हुँदा आउन सक्ने समस्यालाई निराकरण गर्न सरकारले कानुनी र नीतिगत व्यवस्था गरेको र सुधारका कार्य गरिरहेको छ ।



- **यति धेरै उच्चपदस्थ राजनीतिक तथा प्रशासनिक नेतृत्वहरू छानबिनको दायरामा आएको यो हाम्रो इतिहासको सबैभन्दा ठूलो प्रकरण हो । यसमा सरकारलाई राजनीतिक नेतृत्वबाट बधाई आउनुपर्नेमा कुनै न कुनै तर्कले राजनीतीकरण गर्नु उपयुक्त छैन ।**
- **कुर्सी हल्लिने डर मलाई छैन । अहिलेको प्रतिपक्षमा भएकालगायत दलले मलाई प्रधानमन्त्री बनाउनुभयो । त्यतिबेलै मैले १५ दिन हो कि २० दिन हो सोचेको थिएँ, विश्वभरिको अध्ययन पनि गरेको थिएँ कि कतिवटा प्रधानमन्त्री १५-२० दिनमा हटेका रहेछन् भनेर, नजिकै छिमेकी भारतमा १३ दिनमा अटलबिहारी बाजपेयी हटेको देखेपछि आनन्द मानेको थिएँ ।**
- **राजस्व छली, अवैध व्यापार र कारोबार नियन्त्रण गर्न विशेष योजनासहित सरकार कडा रूपमा प्रस्तुत हुने र वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूको कार्यान्वयनलाई द्रुतता दिइनेछ ।**
- **नेपालको राजनीतिक परिवर्तनमा कर्णालीको योगदान तथा यसले लामो समयसम्म केन्द्रीय एकात्मक राज्यसत्ताबाट व्यहोरेको उपेक्षा र विभेदबारे सरकार जानकार छ । अब कर्णालीले क्षतिपूर्तिसहितको न्याय पाउनुपर्छ भन्नेमा सरकार प्रतिबद्ध छ ।**
- **अर्थतन्त्रका चुनौतीहरूको विश्लेषण गर्दै विगतका कदमबाट पाठ सिकेर एकातिर उद्योगी-व्यवसायीलाई प्रोत्साहन गर्ने र अर्कातिर उपलब्ध स्रोत-साधन बहुसंख्यक जनताको हितमा हुने गरी प्रयोग गर्ने सरकारको नीति रहेको छ ।**

कर्णालीका लागि 'गेम चेन्जर' आयोजना

कांग्रेस सांसद कान्तिका सेजुवाल : कर्णालीको सन्तुलित विकासबारे सरकारको योजना के छ ?

प्रधानमन्त्री दाहाल : बजेटमा कर्णाली प्रदेशले न्याय पाउने केही थप 'गेम चेन्जर' आयोजना तर्जुमा गर्ने दिशामा सरकारले छलफल सुरु गरेको छ । जुम्ला विमानस्थलको रनवे विस्तारका लागि जग्गा अधिग्रहणलगायत विमानस्थलको स्तरोन्नतिको कार्यसमेत अगाडि बढेको छ । नेपालको राजनीतिक परिवर्तनमा कर्णालीको योगदान तथा यसले लामो समयसम्म केन्द्रीय एकात्मक राज्यसत्ताबाट व्यहोरेको उपेक्षा र विभेदबारे सरकार जानकार छ । अब कर्णालीले क्षतिपूर्तिसहितको न्याय पाउनुपर्छ भन्नेमा सरकार प्रतिबद्ध छ । लम्की-फुकोट ४०० केभी प्रसारणलाइन हाल निर्माणको चरणमा छ । भेरी करिडोरमा उच्च क्षमताका प्रसारणलाइन तथा फुकोट-हुम्ला उच्च क्षमताको विद्युत् प्रसारणलाइन निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको छ । १०६ मेगावाट क्षमताको जगदुल्ला जलविद्युत् आयोजनाको ठेक्का प्रक्रिया अगाडि बढाउने तयारी छ । ४१८ मेगावाट क्षमताको कर्णाली-फुकोट, १०९२ मेगावाट क्षमताको मुगु कर्णाली सरकारी कम्पनीमार्फत अगाडि बढाइएको छ । नाप्चा-गमगढी-नाक्चेलाम्ना सडकका लागि पनि चालू आर्थिक वर्षमा अन्य सडकहरूमा बजेट घट् दासमेत उच्च प्राथमिकतामा बजेट विनियोजन भएको छ । कर्णाली राजमार्ग र कर्णाली प्रदेशका अन्य राजमार्गमा समेत सडक सुरक्षाको प्रबन्ध गरी रोडक्रस ब्यारिएर राख्ने काम भएको बताए ।

एमालेले दिएका सुझाव बजेटमा समावेश हुन्छन्

एमालेका सांसद कृष्णगोपाल श्रेष्ठ: प्रधानमन्त्रीलाई बुझाएको पुष्पलाल मध्यपहाडी लोकमार्ग हुँदै (झुलाघाट-चिवाभञ्ज्याङ) समृद्धिका लागि संकल्प यात्राबाट प्राप्त सुझावलाई सरकारले कसरी कार्यान्वयन गर्छ ?

प्रधानमन्त्री प्रचण्ड : ०६५ सालमा आफू नेतृत्वको सरकारले मध्यपहाडी राजमार्ग निर्माणको रेखांकन प्रस्ताव पारित गरेको हो । मध्यपहाडी लोकमार्ग निर्माणसँगै यस क्षेत्रमा कृषि, पर्यटन, शैक्षिक तथा औद्योगिक विकास प्रवर्द्धन गरी आर्थिक क्रियाकलाप बढोत्तरी गर्न गेम चेन्जर आयोजनाको रूपमा अहिले १० वटा नयाँ सहरको एकीकृत विकास योजना र पछिल्ला दुईवटा रणनीतिक सहरी विकास योजना तर्जुमा भई कार्यान्वयनमा छन् । प्रतिवेदनमा उल्लेख गरिएका उल्लेख्य सुझाव आगामी वर्षको नीति, कार्यक्रम तथा बजेटमा क्रमशः समावेश गरिनेछ ।

बालकुमारी घटनाको प्रतिवेदन अध्ययन गरेपछि कारवाही गर्छु

प्रधानमन्त्री उपस्थित बैठकमा विपक्षी दलहरूले मन्त्रीहरूको राजीनामा माग गरेका छन् । प्रमुख प्रतिपक्षी एमालेले बालकुमारी घटनामा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, टेरामक्स खरिद प्रकरणमा अख्तियारले बयान लिएका स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहन बस्नेत, लुम्बिनीको रामग्राम जग्गा लिज प्रकरणमा संस्कृतिमन्त्री सुदन किराँतीको राजीनामा माग गरेको हो । बालकुमारी घटनामा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि नैतिक रूपमा जिम्मेवारी लिएर मार्गप्रशस्त गर्नुपर्ने एमालेको माग थियो । एमालेका तर्फबाट बोलेका सचेतक महेश बर्तौलाले सरकारी छानबिन समितिकै अध्ययनले मन्त्री दोषी देखाएको भन्दै बालकुमारी घटनामा भौतिकमन्त्री ज्वालालाई बर्खास्त गर्न प्रधानमन्त्रीसँग माग गरे ।

प्रधानमन्त्री प्रचण्डले बालकुमारी घटनामा संलग्न दोषीलाई आवश्यक कारबाही हुने बताए । सरकारले बनाएको छानबिन समितिले गृह मन्त्रालयलाई प्रतिवेदन बुझाएको र आफूले बुझ्न बाँकी रहेको भन्दै प्रचण्डले प्रतिवेदन बुझेर अध्ययन गरेपछि आवश्यक कारबाही गर्ने स्पष्ट पारे ।

नियमन सुनिश्चित गरेर टिकटक खोल्छौं

प्रधानमन्त्री प्रचण्डले सामाजिक सञ्जाल टिकटक नियमन गरेर पुनः सञ्चालनमा ल्याइने बताए । उनले कानुनी रूपमा नियमन सुनिश्चितता गरेर पुनः सञ्चालन गरिने बताए । उनले भने, 'कम्पनीले सरकारलाई सामग्री नियमन, पोइन्ट अफ कन्ट्याक स्थापना, डेडिकेटेड रिपोर्टिङ सिस्टममा पहुँच र कर प्रणालीमा आबद्ध हुन तयार रहेको भन्दै पत्राचार गरेको छ । पुनः सञ्चालनमा ल्याउन कम्पनीका प्रतिनिधिहरूले नेपालमा आएर सम्बन्धित निकायहरूसँग छलफलसमेत गरेका छन्,' उनले भने, 'टिकटकले व्यक्त गरेका प्रतिबद्धताहरूको व्यावहारिक कार्यान्वयनको सुनिश्चितता भएको खण्डमा यसलाई पुनः सञ्चालनमा ल्याउन नसकिने होइन ।'

संक्षेप

समाजवादी मोर्चाको नेतृत्व विप्लवलाई

काठमाडौं/ सत्तारूढ माओवादी, एकीकृत समाजवादी, जसपा तथा सत्ताबाहिरको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा आबद्ध समाजवादी मोर्चाको नेतृत्व परिवर्तन भएको छ । मोर्चाका संयोजक माधवकुमार नेपालको अध्यक्षतामा आइतबार बसेको बैठकले आलोपालो नेतृत्वको कार्यविधिअनुसार नेकपाका महासचिव नेत्रविक्रम चन्द्र विप्लवलाई संयोजक बनाउने निर्णय गरेको हो । गत ४ असारमा मोर्चा बनेयता एकीकृत समाजवादीका अध्यक्ष नेपाल संयोजक थिए । मोर्चाको नेतृत्व चार-चार महिनामा परिवर्तन गर्ने कार्यविधि छ । यद्यपि, यसअघि बसेको बैठकले नेपाललाई नै संयोजकमा निरन्तरता दिएको थियो ।

बैठकले काठमाडौंलगायतका सहरमा जनपरिचालन र जनसहभागिताका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । आइतबारको बैठकमा मोर्चाका सदस्य उपेन्द्र यादव राजधानीबाहिर भएका कारण अनुपस्थित थिए । यादवसहितको बैठक बसेर जनपरिचालन कार्यक्रम तय गर्ने समझदारी भएको छ । बैठकमा समसामयिक राजनीतिक परिस्थितिको समीक्षा गर्दै मोर्चालाई प्रभावकारी ढंगले अगाडि बढाउने समझदारी भएको मोर्चाका सचिवालय सदस्य एवं माओवादी महासचिव देव गुरुङले जानकारी दिए । मोर्चा घोषणा भएयता पाँचवटा बैठक बसेका छन् । २३ असारमा बसेको पहिलो बैठकले नेपाललाई संयोजक तोकेको थियो । त्यसपछि ३० असार, ४ भदौ, ११ पुस र ६ फागुनमा नेपालको अध्यक्षतामा बैठक बसेको छ । नेपालको नेतृत्वमा मोर्चाले सातवटै प्रदेशमा सन्देश सभा गरेको छ । ५८ जिल्लामा संयोजन समिति गठन भएका छन् ।

अछामका दुर्गम गाउँमा 'बाल इजलास' सुरु

अछाम/ बाल विकास, बाल समृद्धि र बाल सरोकारको अवस्था परीक्षण गर्न अछाममा बाल इजलास सुरु गरिएको छ । इजलास १९ वडामा अभियानकै रूपमा सञ्चालन गर्न लागिएको हो । कमलबजार नगरपालिका-४ चाल्साबाट सुरु भएको इजलास कमलबजारका अन्य तीन वडासहित पञ्चदेवल विनायक नगरपालिकाका- ६, साँफेबगर नगरपालिकाको एक वडा र मेल्लेख गाउँपालिकाका आठ वडामा सञ्चालन गरिनेछ । वडा कार्यालयहरूको आयोजनामा भइरहेको बाल इजलासमा बालबालिकाका समस्या उठान गरेर त्यसको समाधानका लागि स्थानीय सरकार र सरोकारवालाहरूको ध्यानाकर्षण गर्ने गरिएको छ । बाल इजलासमा विशेषगरी हिंसामा परेका, अभिभावक गुमाएका, पढ्न नपाएका, अपांगता भएका, कुलतमा फसेका, बालविवाह गरेर समस्यामा परेका तथा विपन्न परिवारका बालबालिकाका समस्या उठान गर्ने गरिएको छ ।

चरेस र सालकको खपटासहित चारजना पक्राउ

मकवानपुर/ प्रहरीले मकवानपुरको विभिन्न स्थानबाट लागुऔषध चरेस र सालकको खपटासहित चारजनालाई नियन्त्रणमा लिएको छ । प्रहरी कार्यालय मकवानपुरले दिएको जानकारीअनुसार मकवानपुरको भीमफेदी गाउँपालिकाबाट २० किलो चरेससहित एकजना र थाहा नगरपालिकाबाट १० किलो चरेस र एक किलो सालकको खपटासहित तीनजनालाई नियन्त्रणमा लिएको हो । भीमफेदी गाउँपालिका- २ भैंसेबाट २० किलो लागुऔषध चरेससहित थाहा नगरपालिका- ८ देवीथानका १५ वर्षीय तेजबहादुर कालिराजलाई नियन्त्रणमा लिएको मकवानपुर प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए । पालुङबाट हेटौंडातर्फ आउँदै गरेको ना.८ख ३५६१ नम्बरको यात्रुवाहक बसलाई रोकी जाँच गर्ने क्रममा कालिराजको साथबाट प्रहरीले उक्त परिमाणको लागुऔषध चरेस बरामद गरेको हो ।

महिलाको निजी फोटो खिचेको आरोपमा डिएसपी पक्राउ, बलम्बु प्रभागमा गोली चल्यो

काठमाडौं/ रेस्टुरेन्टमा महिलाको निजी फोटो तथा भिडियो खिचेको आरोपमा सशस्त्र प्रहरी बलका डिएसपी तुलसिंह केसी पक्राउ परेका छन् । स्वयम्भू वृत्तले उनलाई आइतबार पक्राउ गरेको हो । स्वयम्भूस्थित एक रेस्टुरेन्टमा शनिबार प्रेमीसहित गएकी एक युवतीको उनले फोटो तथा भिडियो खिचेका थिए । युवतीले थाहा पाएपछि रेस्टुरेन्टमै झगडा भएको थियो । डिएसपी केसीले माफी मागेर मिलापत्र गर्ने प्रयास गरे पनि युवती पक्षले प्रहरीमा उजुरी दिएको हो ।

आइतबार अदालतमा म्याद थप गरी स्वयम्भू वृत्तले अनुसन्धान अघि बढाएको छ । डिएसपी केसी पोखरास्थित बाहिनीमा कार्यरत थिए । अनुमतिविना कसैको फोटो तथा भिडियो खिच्न नपाइने कसुरअन्तर्गत उनलाई कारबाही अघि बढाइएको प्रहरीले जनाएको छ । काठमाडौंको प्रहरी प्रभाग, बलम्बुमा गोली लागेर प्रहरी जवान घाइते भएका छन् । प्रभागका प्रमुख इन्स्पेक्टर राजन श्रेष्ठले राम्रोसँग पेस्तोल 'ह्यान्डल' गर्न नसक्दा गोली चलेको हो । गोली जवानको खुट्टामा लागेको र उनको अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ । गोलीको झर्रालले एक सेवाग्राहीकै आँलामा पनि चोट लागेको छ । इन्स्पेक्टर श्रेष्ठलाई प्रभागबाट हटाएर छानबिन थालिएको उपत्यका प्रहरी कार्यालयले जनाएको छ ।

लघुवित्त पीडित आन्दोलित



देशभरबाट करिब तीन हजार लघुवित्त तथा वित्तीयपीडितहरू काठमाडौंमा आइपुगेका छन् । ६ दिन पैदल यात्रा हिँडेर उनीहरू काठमाडौं आइपुगेका हुन् । शनिबार साँझ थानकोटस्थित त्रिभुवन पार्कमा बसेका उनीहरू आइतबार कलंकी-थानकोटबाट प्रदर्शन गर्दै काठमाडौंको तिनकुने आइपुगेका छन् । तस्बिर : नयाँ पत्रिका

मुख्यमन्त्री यादवले तेस्रोपटक पाए विश्वासको मत

जनकपुरधाम/ मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले तेस्रोपटक विश्वासको मत पाएका छन् । प्रदेश सभा बैठकमा उपस्थित १०४ सांसदमध्ये ६९ जनाले मुख्यमन्त्रीको पक्षमा र ३५ जनाले विपक्षमा मतदान गरेको प्रदेश सभामुख रामचन्द्र मण्डलले जनाए । सभामा उपस्थित सांसद १०४ सांसदमध्ये बहुमत पाउन मुख्यमन्त्री यादवलाई ५३ मत आवश्यक थियो । प्रदेश सभाबाट यसअघि दुईपटक शतप्रतिशत मत पाएका मुख्यमन्त्री यादवले यसपटक ६९ मत मात्रै पाए । कांग्रेस, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, माओवादी केन्द्र र एकीकृत समाजवादीका सात, रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीसहितका पार्टीका सांसदले मुख्यमन्त्रीको पक्षमा मत दिएका छन् ।

यता, सभामा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा मुख्यमन्त्री यादवले सरकारले राम्रो काम नगरे पनि नराम्रो काम पनि नगरेको बताएका थिए । विश्वास मत लिने क्रममा सभामा उठेका प्रश्नहरूको जवाफ दिँदै मुख्यमन्त्री यादवले भने, 'अधिकांश माननीय भन्नुहुन्छ, सरकारले राम्रो काम गरेन । ठीक छ, सरकारले राम्रो काम गरेको छैन भनेर नराम्रो काम पनि त गरेको छैन नि । तर, मलाई लाग्छ सरकारले अहिलेसम्म जे गरेको छ राम्रो काम गरेको छ । खराब काम एउटा पनि गरेको छैन र गर्दैन पनि ।'

सभामा प्रतिपक्षी दल एमालेका संसदीय दलका नेता सरोज यादवले सरकारको पछिल्लो एक वर्षको कार्यकाल सन्तोषजनक नरहेको भन्दै मुख्यमन्त्रीलाई विश्वासको मत नदिने पार्टीको निर्णय भएको बताए । मुख्यमन्त्रीलाई विश्वासको मत नदिए पनि संघीयता, प्रदेश, मधेसी जनताको सरोकारसँग जोडिएको विषयमा सधैं सरकारको सहयात्री रहने बताए ।

स्थानीय तहमा टिक्दैनन् 'हाकिम'

बेलडाँडीमा एक वर्षभित्रै चार प्रमुख फेरिए

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरको बेलडाँडी गाउँपालिकामा एक वर्षमा चारजना प्रमुख प्रशासकीय अधिकृत (कार्यालय प्रमुख) फेरिएका छन् । कार्यालयमा आउने, केही समय काम गर्ने र त्यसपछि जाने क्रम जारी छ । बेलडाँडी गाउँपालिका प्रशासन प्रमुख राजबहादुर विष्टले हालै आएका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्रबहादुर थारूको समेत सरुवा भएको बताए ।

प्रशासन शाखा प्रमुख विष्टका अनुसार गणेशदत्त भट्टपछि आएका सबै हाकिमको शीघ्र सरुवा भएको छ । तत्कालीन प्रमुख प्रशासकीय अधिकृतको रूपमा गणेशदत्त भट्टको ३ माघ ०७८ मंसिरमा सरुवा भएको थियो, उनको ठाउँमा पदमराज जोशी आए । २६ पुस ०७८ मा आएका जोशी ९ असोज ०८० मा सरुवा भए । त्यसपछि १६ असोज ०८० मा कृष्णानन्द जोशी आए, उनको पनि २२ मंसिर ०८० मा सरुवा भयो । जोशीको सरुवा भएसँगै २८ मंसिरमै गजेन्द्रबहादुर थारू आए, उनको पनि २९ माघ ०८० मा सरुवा भयो ।

थारूको ठाउँमा वीरबहादुर ऐरको सरुवा भएको चर्चा भए पनि उनी अहिलेसम्म कार्यालयमा हाजिर भएका छैनन् । प्रमुख प्रशासकीय अधिकृतको रूपमा आएका गजेन्द्र थारू र कृष्णानन्द जोशीको करिब दुई-दुई महिना काम गरेको देखिन्छ । जोशीको कार्यकाल दसैं, तिहार बिदामै सकियो । यसरी कार्यालय प्रमुख सरुवा प्रकरणले कतिपय सेवाग्राहीले अनुहारसमेत नदेखेरै कर्मचारी सरुवा दौड निरन्तर जारी छ ।



नियमित प्रशासनिक कार्यसमेत प्रभावित

चालू आर्थिक वर्ष ०८०/८१ को साउनदेखि हालसम्म चार हाकिमको सरुवाले कार्यालयको नियमित प्रशासनदेखि नीतिगत कामकाजमा प्रभाव परेको छ । अन्यत्रबाट कार्यालय प्रमुखकै जिम्मेवारीमा आएका शाखा अधिकृत तीन महिना, ६ महिना, वर्ष दिनसमेत नटिक्दै सरुवा गर्ने/हुने संस्कारले स्थानीय तहको विकासका साथै नियमित कामकाजमा प्रभाव परिरहेको छ । प्रशासन शाखा प्रमुख राजबहादुर विष्टले कार्यालय प्रमुखको अस्वाभाविक सरुवाले नियमित कामकाजदेखि भुक्तानी, सम्झौताका योजना प्रभावित हुने बताए । 'कतिपय जिम्मेवारी कार्यालय प्रमुखलाई नै दिएको हुन्छ । प्रमुख नै नहुँदा महत्त्वपूर्ण कामकाज योजना कार्यान्वयनमा आउन सक्दैनन्,' उनले भने, 'त्यसपछि पालिकाको विकासमै समस्या हुने गर्छ ।'

किन टिक्दैनन् प्रमुख प्रशासकीय अधिकृत ?

कर्मचारीहरूका अनुसार अधिकांश प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा काम गर्ने वातावरण नहुँदा सरुवा मागेर अन्यत्र जाने गरेका छन् । तर, स्थानीय भने कर्मचारीको यो भनाइ मान्न तयार छैनन् । स्थानीय तहमा छिट्टै कमाउन पाइने भनेर उत्साहित भएर आउने, तर आफ्ने कर्मचारी, जनप्रतिनिधिसँग सेटिङ नमिलेपछि सरुवा माग्ने गरेको स्थानीयको आरोप छ ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्द जोशीले काम गर्दा अख्तियारले समात्ने डर, नगर्दा राजनीतिक दबाबले प्रमुख प्रशासकीय अधिकृत सरुवा हुने क्रम बढेको बताए । 'मेरो हकमा मैले त्यहाँ सरुवा मागेको पनि थिइनँ, तर एक्कासि सरुवा गरिदियो । मैले सामान्य प्रशासन मन्त्रालयमा बुझ्दा दसैं-तिहारका बेला कर्मचारीलाई तलब खुवाउनदेखि सामाजिक सुरक्षा भत्ता वितरणका लागि आग्रह भएअनुरूप काम गरिदिएको हुँ ।' बेलडाँडी गाउँपालिकाका अध्यक्ष हरिशचन्द्र रानाले कर्मचारीले बढी सुविधा खोज्ने, पायक पर्ने ठाउँमा जानेदेखि अनुकूलतामा मात्रै काम गर्ने प्रवृत्तिले टिक्न नसकेको बताए । 'हामीले गैरकानुनी रूपमा दबाब दिने कुरै भएन, जनताको सेवा शीघ्र गरिदिन मात्रै निर्देशन गर्ने हो,' उनले भने, 'जबसम्म हरेक कर्मचारी आफ्नो कर्तव्यबारे स्पष्ट हुँदैनन्, तबसम्म यो समस्या रहिरहन्छ ।'

कांग्रेस महासमिति बैठकको सान्दर्भिकता

आफ्नो मार्गबाट भड्किएको कांग्रेसलाई सही बाटोमा ल्याउन यो महासमिति बैठकले सकारात्मक भूमिका खेल्नैपर्छ



● लोकेश ढकाल

अग्रलेख

नेपाली कांग्रेसको महासमिति बैठक आज (सोमबार)देखि ललितपुरको गोदावरीमा प्रारम्भ हुँदै छ। बैठकअघि महासमितिलाई लक्षित गर्दै संविधानसभाबाट संविधान जारी हुनुपहिले ०७१ सालमा कांग्रेसभित्र गठित 'नेपाली कांग्रेस, सनातन हिन्दू राष्ट्र नेपाल स्थापना महाअभियान'को पुनर्गठन र कांग्रेस केन्द्रीय कार्यसमितिका सदस्यहरूको एक सशक्त समूहले संविधानमा भएको धर्मनिरपेक्ष राष्ट्रको व्यवस्थालाई खारेज गरेर वैदिक सनातन हिन्दूराष्ट्र नेपाल कायम गर्न महासमिति बैठकमा छलफल गरेर निर्णयमा पुग्न छुट्टै पूरक प्रस्ताव पेस गरेपछि कांग्रेसभित्र र बाहिर तरंग पैदा भएको छ।

कांग्रेसभित्र पुनः सुरु भएको धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन हिन्दूराष्ट्रको बहसले कांग्रेसीजनमा मात्र होइन, देशभरका सन्त महन्त एवं आमनेपाली जनतालाई उत्साहित बनाएको छ। धर्मनिरपेक्षता खारेज गरी हिन्दूराष्ट्र कायम गर्ने मार्गमा अब कांग्रेस अग्रसर हुन्छ कि भन्ने दिशामा जनतामा झिनो आशा पलाएको छ।

निश्चयसाथ भन्न सकिन्छ- प्राचीनकालदेखि नै अनेकौं ऋषि-महर्षिको पवित्र देवभूमि, तपोभूमि तथा शान्तिभूमि रहिआएको नेपाललाई वैदिक, पौराणिक एवं शास्त्रीय आधार र तदनुकूल बनेका हाम्रा मौलिक परम्परागत धर्म, संस्कृति, संस्कार, जीवन दर्शन र सभ्यताका हाम्रा महान् सम्पदालाई भत्काएर ११ वैशाख २०६३ मा पुनर्स्थापित संसद्को ४ जेठ २०६३ को घोषणाले नेपाल अधिराज्यको संविधानको मर्म र आमजनताको भावनाविपरीत जबर्जस्ती धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेको थियो। लगत्तै बनेको अन्तरिम संविधान र ३ असोज २०७२ मा जारी भएको संविधानमा पनि नेपाललाई धर्मनिरपेक्ष राष्ट्र कायम गरियो।

हामी नेपाली धार्मिक, जातीय एवं भौगोलिक विविधताबीच एक-आपसमा सौहार्दपूर्ण रूपमा मिलेर बसिरहेको अवस्थामा जनआन्दोलनको भावनाविपरीत पुर्खाको नासोका रूपमा रहिआएको सनातन हिन्दूराष्ट्रको मौलिक राष्ट्रिय पहिचानलाई हचुवाका भरमा नष्ट गर्ने काम राजनीतिक, संवैधानिक एवं देशहितका दृष्टिले सर्वथा अनुचित थियो। यसलाई आमजनताले विरोध गर्दै आएका छन्। कांग्रेसभित्रैबाट पनि यसविरुद्ध निरन्तर आवाज उठिरहेको छ। नेपाली कांग्रेस, सनातन हिन्दूराष्ट्र स्थापना महाअभियानको पुनर्गठन र घोषणा यसैको पछिल्लो कडी हो।

नेपाललाई धर्म-निरपेक्ष राष्ट्र घोषणा गरेपछि हाम्रो मौलिक नेपाली धर्म, संस्कृति एवं सभ्यतामाथि बलजफ्ती अतिक्रमण भइरहेको छ। विदेशी मिसनरीको नियोजित लगानीमा सोझासाझा नागरिकलाई प्रलोभनमा पारेर धर्म परिवर्तन गराइएकाले धार्मिक एवं सामाजिक सद्भावलाई बिथोलेर देशलाई विखण्डनको बाटोतर्फ उन्मुख गरिएकोप्रति आमजनताको गहिरो चिन्ता रहेको छ। पछिल्ला चरणको प्रजातान्त्रिक आन्दोलन, शान्ति प्रक्रिया र संविधान निर्माणको क्रम हुँदै नेपाली राजनीति यहाँसम्म आइपुग्दा हामीले मुलुकको राष्ट्रियता, राष्ट्रिय अखण्डता र जनताको स्वाभिमानलाई केन्द्रबिन्दुमा राख्न सकेनौं। राजनीतिक दलहरूले प्रजातन्त्रका लागि अनवरत संघर्ष त गरे, तर राष्ट्रियताको मुद्दामा निरन्तर चुके। राजनीतिक दल र तिनको नेतृत्वले देशहितलाई ख्याल नराखी केवल सत्तालाई मात्र केन्द्रमा राखेर राजनीति गर्दा राष्ट्र भयानक संकटको मोडमा उभिएको छ।

विश्वमा दर्जनौं राष्ट्र इसाई र इस्लामिक धर्मलाई राज्यधर्म मानेर बसेको अवस्थामा विश्वको एक मात्र सनातन हिन्दूराष्ट्र नेपाल सिंगो नेपाली जनताको साझा पहिचान र गौरवको विषय बनेको थियो। हिन्दूराष्ट्र नेपाल विश्वका सम्पूर्ण सनातनी हिन्दू ॐकार परिवारको एक मात्र साझा आस्थाको केन्द्र रहँदै आएको थियो। त्यही ऐतिहासिक धरोहरलाई समाप्त गर्नकै निम्ति देशलाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिएको थियो भन्नेमा द्विविधा छैन।

नेपालको कुल जनसंख्यामध्ये ॐकार परिवारभित्रका पौरस्त्य ८१.१९ प्रतिशत हिन्दूको अगाध आस्था, ८.२१ प्रतिशत बौद्धमार्गी एवं ३.१७ प्रतिशत किराँत, ०.२३ प्रतिशत बोन, प्रकृति, जैन, शिख आदि धर्मका अनुयायीबाट वैदिक सनातन कालदेखि विकसित एवं विस्तारित संस्कृति तथा सभ्यतामा आधारित उच्चतम मूल्य, मान्यता र आदर्शले निर्मित राष्ट्रिय एकता, विविधताबीचको सहिष्णुता, आपसी सद्भाव र सहअस्तित्वको जगमा घृणा र द्वेषरहित शान्तिपूर्ण नेपाली जीवनमूल्य र पद्धतिलाई अक्षुण्ण राख्न वैदिक सनातन धर्म, संस्कृति तथा सभ्यताले खेल्दै आएको उच्च भूमिकाको महत्त्वलाई आँखा चिम्लेर देशको भविष्यप्रति खेलबाड गर्दै राजनीतिक दलहरूले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेका थिए।

नेपालको जनसंख्याको ४.४ प्रतिशत मुस्लिम धर्मावलम्बीले परापूर्व कालदेखि नै सनातन हिन्दूराष्ट्रप्रति राख्दै आएको अनुपम सद्भावलाई उच्च सम्मान गर्दै नेपाल हिन्दूराज्य रहँदा नेपालमा रहेका इस्लाम, इसाईलगायत अल्पसंख्यक धार्मिक समुदायको धार्मिक स्वतन्त्रताको प्रत्याभूति भएको, सबै धार्मिक समुदायबीच आपसी प्रेम, सामाजिक सद्भाव एवं भाइचारा रहँदै आएको यथार्थप्रति संविधान निर्माण गर्दा पटक्कै ध्यान दिएको देखिएन।

हाम्रो देशको भूराजनीतिक यथार्थ, राष्ट्रियता र यसको संवेदनशीलता, हाम्रा परम्परागत धार्मिक, सामाजिक एवं सांस्कृतिक मूल्य, मान्यता र आमजनताको विचार र भावनाको पर्वाह नगरी गरिएको धर्मनिरपेक्ष राष्ट्र घोषणा,



नेपालको मौलिक धर्म र संस्कृतिमाथि नियोजित रूपमा आक्रमण गरी सामाजिक सद्भाव बिथोलेर राष्ट्रियतालाई नै कमजोर बनाउन गरिएको षड्यन्त्रउपर कांग्रेस नेतृत्वमा कुनै गम्भीरता देखिएन। नेपाललाई धर्म-निरपेक्ष राष्ट्र घोषणा गरेयताका १७ वर्षमा हाम्रा वैदिक सनातन धर्म, संस्कृति एवं त्यसले सिर्जना गरेको हाम्रा वैभव र त्यसको जगमा निर्मित मौलिक नेपाली पहिचान र अस्तित्वमाथि थप आक्रमण भइरहेको यथार्थप्रति कांग्रेसको नेतृत्वमा कुनै चासो र चिन्ता नदेखिनु सबैभन्दा दुःखद विषय हो। यति हुँदाहुँदै पनि देशलाई बहुसंख्यक जनताको चाहना र देशको आवश्यकतालाई पर्वाह नराखी असंवैधानिक एवं वदनियतपूर्वक देशलाई जबर्जस्ती धर्मनिरपेक्ष राष्ट्र बनाइएकोप्रति कांग्रेसका देशप्रेमी, संस्कृतिप्रेमी एवं राष्ट्रवादी कार्यकर्ताले प्रारम्भदेखि नै विरोध गर्दै आएका हुन्। कांग्रेस महासमितिका सदस्यले नवलपरासीको त्रिवेणीधाममा भएको महासमिति बैठकमा धर्मनिरपेक्ष राष्ट्रको खारेजीको माग राख्दै सनातन हिन्दूराष्ट्रको पक्षमा सशक्त आवाज उठाएका थिए। ०७७ मा काठमाडौंमा सम्पन्न पछिल्लो महासमिति बैठकमा समेत बहुमत सदस्यले सनातन हिन्दूराष्ट्रको माग गर्दै हस्ताक्षर गरी प्रस्ताव पेस गरेका थिए। तर, पार्टीले त्यसलाई अनादर गर्‍यो।

चालू महासमिति बैठकमा महासमिति सदस्यहरू विगतभन्दा अझ थप व्यवस्थित र सशक्त ढंगले हिन्दूराष्ट्रको मागलाई पार्टीमा राख्ने तरखरमा देखिन्छन्। विगतमा केन्द्रीय कार्यसमिति बैठकभित्रै यो मुद्दामा यति सशक्त आवाज उठेको थिएन। महासमिति सदस्यहरूबाटै महाअभियान घोषणा र कांग्रेस केन्द्रीय सदस्यहरूको उत्साहजनक सक्रियताले सनातन हिन्दूराष्ट्रको पक्षमा कांग्रेसभित्र विगतमा भन्दा सशक्त दबाब सिर्जना गर्ने निश्चित छ। कांग्रेसजस्तो प्रजातन्त्रवादी पार्टीले बहुमत कार्यकर्ताको मागलाई षड्यन्त्र र जालसाझीपूर्वक दबाएर, ९४ प्रतिशत वैदिक सनातन धर्मका अनुयायी ॐकार परिवारका आमजनताको भावनालाई कुल्चेर कतिन्जेल राजनीति गर्ने ? गम्भीर प्रश्न कांग्रेससामु खडा भएको छ।

> महासमिति सदस्यले गुटगत एवं व्यक्तिगत स्वार्थ र राजनीतिक आग्रहभन्दा माथि उठेर देश र स्वयं कांग्रेसलाई बचाउन तथा चरम निराशामा रहेका जनतामा आशा भर्न सके भने मात्र यो बैठक सार्थक हुनेछ

कांग्रेसले प्रजातान्त्रिक आन्दोलन, बृहत् शान्ति प्रक्रिया र संविधानसभा मुद्दाको स्वामित्वमाथि दाबी गर्दै पहिलो संविधानसभा निर्वाचनमा जनताबीच मत माग्न जाँदा जनताले कांग्रेसलाई किन पत्याएनन् ? २४० सिटमा केवल ३७ सिट मात्र दिएर जनताले कांग्रेसलाई किन दण्डित गरे ? त्यसमा समीक्षा गर्न कांग्रेसले कहिल्यै आवश्यक ठानेन। संविधान जारी भएपछि माथि दाबी गरिएको उपलब्धिका साथमा संविधान निर्माणको नेतृत्व हामीले गर्‍यौं, संविधानसभामा हामी सबैभन्दा ठूलो दल भएकै कारण संविधान ल्याउन सम्भव भयो भन्दै सबै राजनीतिक उपलब्धि हाम्रै कारण सम्भव भएको हो भन्दै जनतामाझ मत माग्न जाँदा संविधान जारी भएपछिको पहिलो संसदीय निर्वाचनमा आमजनताले कुल १६५ संसदीय सिटमा किन २३ सिटमा थन्क्याएर कांग्रेसलाई किन निर्मम ढंगले दण्डित गरे ? के त्यसको समीक्षा कांग्रेसले गरेको छ ? कांग्रेसका संस्थापकमध्येका एक, कांग्रेसलाई २० वर्ष नेतृत्व प्रदान गरेका, कांग्रेसबाटै दुईपटक देशका लोकप्रिय प्रधानमन्त्री बनेका सन्तनेता कृष्णप्रसाद भट्टराईले कांग्रेस महासमिति बैठकमा निवेदन लेख्दै भारी मन लिएर आफैंले स्थापना गरेको कांग्रेसलाई जीवन छँदै किन परित्याग गरे ? त्यसबारे कांग्रेसमा कहिल्यै विचार विमर्श भयो ? निश्चय नै भएन। पार्टी कार्यालयमा किसुनजीको तस्बिर झुन्ड्याएर मात्र उहाँप्रति सम्मान हुँदैन।

महासमितिको बैठकका लागि केन्द्रीय कार्यसमिति बैठकमा महामन्त्री र उपसभापतिले निकै मिहिनेत गरेर सिद्धहस्त साहित्यकारको निबन्धजस्तो राजनीतिक दस्ताबेज तयार गरेर छलफलका लागि पेस गरेका छन्। सुन्दर र गहकिला शब्द प्रयोग गरेर तयार पारिएको लामो राजनीतिक दस्तावेजले वर्तमान कांग्रेसको रोगको निदान गर्न र ओखतीको उचित प्रेस्क्रिप्सन दिन भने सकेको देखिँदैन। डाक्टरले बिरामीको रोगको निदान नै नगरी हचुवाका भरमा 'यति साताका लागि यो औषधि खाएर हेरौं, अनि फेरि जाँचौंला' भनेको शैलीमा राजनीतिक प्रस्ताव पेस गरिएको छ। कांग्रेसको वर्तमान समस्या के हो ? त्यसको निदानको कुरा त टाढा, त्यसलाई कोट्याउनसम्म सकेको छैन त्यसले।

कांग्रेसको रोग निदानको सन्दर्भमा हामीले उठाएको हिन्दूराष्ट्रको मुद्दा त एउटा महत्त्वपूर्ण कडी हुँदै हो। तर, कांग्रेसले शान्ति प्रक्रिया, संविधानसभा निर्वाचन र संविधान निर्माणका क्रममा रहर वा बाध्यताले गरिएका राजनीतिक सम्झौता, लिएका राजनीतिक अडान र विभिन्न सरकारमा रहेर गरेका निर्णयबाट परेको प्रभाव र आफ्ना 'फाउन्डिङ प्रिन्सिपल' तथा बिपी कोइरालाको राष्ट्रिय एकता र मेलमिलापको नीतिविपरीत लिइएका राजनीतिक अडान र निर्णयउपर निर्मम समीक्षा गरी पार्टीलाई सही मार्गमा ल्याउन सकिएन भने कांग्रेसले आफ्नो पुरानो गौरवशाली साख फर्काउन सक्दैन।

इतिहासमा गरेको गल्तीबाट सिक्दै आफूलाई सच्याउन तत्पर नभएसम्म कांग्रेसले आफ्नो उचित मार्ग पहिल्याउन सक्दैन। त्यसका लागि कांग्रेसले आफ्नो निकट विगत, विशेषगरी १२ बुँदे समझदारीयताको राजनीतिक मार्गचित्रलाई गहन ढंगले समीक्षा गर्नुपर्छ। धर्मनिरपेक्षताको सवाल मात्र होइन, संघीयता, गणतन्त्र, निर्वाचन प्रणालीलगायत संविधानको मूलभूत विषयमा पुराना नयाँ सबै देशका राष्ट्रिय शक्तिलाई एक ठाउँमा बसालेर, सहमति निर्माण गर्दै नेपाली जनतालाई छनोट गर्न दिने राजनीतिक वातावरण बनाउन कांग्रेसले अग्रसरता लिनैपर्छ।

कांग्रेस केवल एउटा राजनीतिक दल मात्र होइन। यो दलहरूको पनि दल हो। यो प्रजातान्त्रिक शक्ति मात्र होइन, देशको प्रमुख राष्ट्रवादी शक्ति पनि हो। यो देशको अभिभावकत्व लिनुपर्ने राजनीतिक शक्ति हो। देशको अभिभावकत्व निर्वाह गर्दै संकटतर्फ धकेलिँदै गएको देशलाई बचाउन, पहिले आफ्नै पार्टीलाई सही मार्गमा ल्याउन जरुरी छ। कताकता भड्किएको कांग्रेसलाई सही मार्गमा ल्याउन थोरै योगदान यो महासमिति बैठकले दिन सक्यो भने यसको सार्थकता रहन्छ, अन्यथा विगतका महासमिति बैठकजस्तै केवल विधानको बाध्यतालाई निर्वाह गर्दै कर्मकाण्डी शैलीमा सकियो भने यसले कांग्रेसको हित गर्दैन र देशले पनि केही पाउँदैन।

महासमिति सदस्यहरूले गुटगत एवं व्यक्तिगत स्वार्थ र राजनीतिक आग्रहभन्दा माथि उठेर देश र स्वयं कांग्रेसलाई बचाउन तथा चरम निराशामा रहेका जनतामा आशा भर्न सके भने मात्र यो बैठक सार्थक हुनेछ। आजको प्रजातन्त्र दिवसले देशको हितमा सत्मार्गमा हिँड्न हामी आमकांग्रेसजनलाई प्रेरणा देओस्! हार्दिक शुभ कामना!

---

३ प्रश्न

कांग्रेस सहमहामन्त्री **बद्री पाण्डेलाई**



महासमिति बैठकको तयारी कस्तो हुँदै छ ?

महासमिति बैठकका लागि आवश्यक तयारी चलिरहेको छ। पार्टी केन्द्रीय समितिका तर्फबाट तयार गरिएका तीनवटा दस्ताबेजले अन्तिम रूप पाइसकेका छन्। दस्ताबेज छपाइको क्रम पनि अन्तिम चरणमा पुगिसकेको छ। गोदावरीस्थित बैठक सञ्चालन हुने हल तयारी अवस्थामा छ। दुई हजार हाराहारी महासमिति सदस्यका लागि हल पर्याप्त छ। बन्द सत्रका वेलामा सहभागी सबैलाई बैठक स्थलमै खाना, खाजाको व्यवस्था मिलाइनेछ। बसोवासको व्यवस्था सहभागी स्वयंले नै गर्नुहुनेछ। बन्दसत्रमा सहभागी सबै सदस्यलाई चारवटा टोलीमा विभाजन गर्ने तयारी छ। चार टोलीबीच पार्टी केन्द्रले प्रस्तुत गरेका प्रस्तावमाथि समूहगत छलफल हुनेछ। यसका लागि आवश्यक सम्पूर्ण व्यवस्थापकीय तयारी अन्तिम चरणमा पुगेको छ।

बैठकमा कस्ता-कस्ता प्रस्तावमाथि छलफल हुनेछन् ?

हामीले आधिकारिक रूपमा पार्टी केन्द्रका तर्फबाट सांगठनिक प्रस्ताव, समसामयिक राजनीतिक प्रस्ताव तथा नीति र कार्यक्रमसम्बन्धी प्रस्ताव गरी तीनवटा प्रस्ताव तयार गरेका छौं। चौधौं महाधिवेशनले नै पार्टीको नीति र कार्यक्रम तय गर्नुपर्ने थियो। तर, त्यतिखेर नीति अधिवेशन गरेर पार्टीको नीति र कार्यक्रम तय गर्ने निर्णय भएको थियो। यो नियमित महासमिति बैठक र नीति अधिवेशन दुवै हो। त्यसैले, पार्टी केन्द्रले तयार गरेका प्रस्तावमाथि नै बृहत् छलफल हुनेछ।

हिन्दु राष्ट्रलगायत विभिन्न विषयमा फरक प्रस्ताव पनि आएका छन् नि ?

बैठकमा व्यक्तिगत या समूहगत प्रस्ताव आउन सक्छन्। तिनलाई सदस्यहरूका सुझाव र सल्लाहका रूपमा ग्रहण गरिनेछ। महासमितिले आवश्यक ठानेमा तिनलाई केन्द्रीय समितिमा पठाउन पनि सक्छ।

प्रेरक प्रसंग

काम नै पूजा हो

निकै पहिलेको कुरा हो। एक गाउँमा केही मजदुर कठिन मिहिनेतसाथ ढुंगाको खम्बा बनाइरहेका थिए। एक सन्त सोही गाउँ हुँदै कतै जाँदै थिए। मजदुरहरूले कठिन परिश्रम गरिरहेको देखेर सन्तमा जिज्ञासा बढ्यो। उनले एक मजदुरको नजिकै गएर नम्रतासाथ प्रश्न गरे- सुन्नुहोस् त भाइ, यहाँ के बन्दै छ ? मजदुरले झनक्क रिसाउँदै जवाफ दिए- थाहा छैन। ढुंगा फुटाउँदा फुटाउँदै प्राण निस्केलाजस्तो भइसक्यो, कसैलाई चाहिँ यहाँ के बन्छ भन्ने चिन्ता छ!

मजदुरको जवाफ सुनेर केही अघि बढेका सन्तले अर्का एक मजदुरलाई भेटे। उनले ती मजदुरलाई पनि सोही प्रश्न गरे। मजदुरले जवाफ दिए- हेर्नुस् साधु बाबा, यहाँ जेसुकै बनोस्, मलाई के मतलब ? चाहे मन्दिर बनोस् या जेल, मलाई केको चासो ? मलाई त दिनभरिको मजदुरीबापत सय रुपैयाँ प्राप्त भए पुग्छ।



सन्त अझै अगाडि बढे। उनले तेस्रो मजदुरलाई भेटे। उनले पुनः सोही प्रश्न ती मजदुरलाई पनि सोधे। मजदुरले जवाफ दिए- यहाँ एउटा ठूलो मन्दिर बन्दै छ बाबा! यस गाउँमा एउटै मन्दिर छैन। यहाँका मानिस कुनै उत्सव मनाउन या भगवान्को दर्शन गर्न टाढाको मन्दिरमा जानुपर्छ। हामी सबै यसै गाउँका हौं। मन्दिर बनाउन यसरी यहाँ छिनो चलाएर ढुंगा काट्दै गर्दा छिनोबाट निस्कने आवाज मलाई कुनै भजनको सुमधुर संगीतजस्तै लाग्छ। केही समयपछि यहाँ एउटा भव्य मन्दिर तयार हुन्छ। यहाँ धुमधामसँग पूजा हुन्छ। कीर्तन हुन्छ। गाउँलेले आफ्नै गाउँको मन्दिरमा उत्सव मनाउन पाउँछन्। यही सोचेर म आनन्दित हुन्छु। त्यसैले, मलाई यो काम, काम होइन, पूजाजस्तो लाग्छ। त्यसैले म जहिल्यै मन्दिर बनाउने मस्तीमा हुन्छु। मेरा लागि यो नै जीवनको असली आनन्द हो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

तारकेश्वर नगरप्रमुखलाई पत्र

आदरणीय नगरप्रमुखज्यू,

तपाईं नगरप्रमुखमा चुनिँदा विगतका जनप्रतिनिधिबाट हुन नसकेका काम तपाईंबाट हुने विश्वास नगरवासीले गरेका थिए। तर, तपाईंले त सामान्यभन्दा सामान्य काम पनि गर्न सक्नुभएको छैन। धेरै टाढाको कुरा नगरौं। काठमाडौं महानगरपालिका-१६ र तारकेश्वर-११ जोड्ने नेपालटारस्थित पुलबाट तपाईंको नगरपालिकातिर पाइला चाल्नासाथ टेकिने सडकमा भएको खाल्डाखुल्डीले नै तपाईंको नगरलाई गिज्याइरहेको छ। ११ नम्बर वडा कार्यालयबाट मुस्किलले सय मिटरको दूरीमा रहेको यस सडकको खाल्डाखुल्डीमा हिउँदमा पनि पानी जमेर हिँड्न नसक्ने अवस्था छ। यो सडक महिनौंदेखि यस्तै दुरवस्थामा छ। तैपनि, तपाईंको ध्यान यतातर्फ किन गएको छैन ? के यो सडकको खाल्डाखुल्डी पुर्न सक्नुहुन्न तपाईं ?

● **वन्दना श्रेष्ठ**, तारकेश्वर-११, नेपालटार, काठमाडौं

२१ अर्ब कहाँ गयो ?

सरकारले बागमती सफाइका लागि २९ वर्षमा २१ अर्ब खर्च भएको तथ्यांक भए पनि बागमती अझै उस्तै दुर्गन्धित छ। आइतबार मात्रै पुल्चोकबाट थापाथली हुँदै सिंहदरबारतिर आउँदा थापाथली पुलमाथि पाँच मिनेट रोकिनुपर्‍यो। त्यहाँ रोकिँदा बागमतीको दुर्गन्धले सास फेर्न सकस भयो। २९ वर्षमा बागमतीको नाममा खर्च गरिएको २१ ऋर्ब रुपैयाँ कहाँ गयो ?

● **सुजना महर्जन**
जावलाखेल, ललितपुर

यसरी गरौं बागमतीको सफाइ

सरकारले आगामी २० वर्षमा बागमती सफाइका नाममा तीन खर्ब रकम खर्चिने योजना बनाएको रहेछ। बागमती सफा गर्ने हो भने सबैभन्दा पहिले बागमती र यसका सहायक नदीमा ढल मिसाउन बन्द गरिनुपर्छ। त्यसका लागि दुवैतिरका कोरिडोरका सडकमा व्यवस्थित ढलको पाइप बिछ्याइनुपर्छ। र, ठाउँठाउँमा त्यसबाट निस्कने मलमूत्रसहितको पानी प्रशोधनको व्यवस्था पनि मिलाइनुपर्छ।

● **अर्जुन सेढाईं**
टेकु, काठमाडौं

प्रमुख प्रतिपक्षको कमजोर भूमिका

एमालेले आफूलाई प्रमुख प्रतिपक्षी भने पनि उसको भूमिका भने निकै कमजोर देखिएको छ। संसद्मा प्रमुख प्रतिपक्षीको भूमिका जहिल्यै महत्त्वपूर्ण हुन्छ। तर, खोइ त एमालेले त्यस्तो भूमिका निभाउन सकेको ? आफूलाई फाइदा हुने ठाउँमा तत्काल समर्थन जनाउने एमालेले रचनात्मक प्रतिपक्षीको भूमिका खेल्न सकेको छैन। सरकारलाई आरोप लगाएर मात्र हुँदैन, उसले आफनो कर्तव्य के हो, त्यो पनि बुझ्नुपर्छ।

जनहितमा सरकारलाई दबाब दिनुपर्ने प्रतिपक्षी सरकारमा सामेल हुने दाउ हेरेर बसेको छ। जसरी भए पनि गठबन्धन तोड्ने र सरकारमा जाने सोचले खुट्टा उचालेर एमाले बसेको देख्दा अचम्म लाग्छ। देशमा भ्रष्टाचार बढेको छ। मिटरब्याजीको समस्या हल भएको छैन। ललितानिवास जग्गा प्रकरणमा नेताले उन्मुक्ति पाएका छन्। केही साहु न्यून जरिवानामा छुटेका छन्। अख्तियारको हात माथिसम्म कहिल्यै पुगेको छैन। भुटानी शरणार्थी काण्ड रोकिएको छ। सुनकाण्ड त्यत्तिकै सेलाएको छ। खोइ त प्रतिपक्षीले यी विषयमा सरकारलाई खबरदारी गरेको ? भ्रष्टाचारी र माफियाले देश चलाइरहेका छन्।

जनताले तिरेको करबाट तलबभत्ता खाने कर्मचारी जनताको कामप्रति बेखबर छन्। यस्तो अवस्थामा प्रमुख प्रतिपक्षी एमाले मूकदर्शक भएर बसेको छ। सरकारले गर्न सकेन भने पनि प्रमुख प्रतिपक्षको भूमिका खेल्न एमाले किन चुक्यो ? के एमाले अब सत्ताविना बाँच्नै नसक्ने अवस्थामा पुगेको हो ? होइन भने उसले किन सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्न सकिरहेको छैन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चीनपरस्त बन्दै गएको माल्दिभ्स

माल्दिभ्सको संरक्षक राज्य बनेर चीनले हिन्द महासागर क्षेत्रमा आफ्नो प्रभाव बढाउन खोजिरहेको छ



देश/विदेश

● शशी थरुर

युक्रेन र गाजायुद्धभन्दा धेरै टाढा अरेबियन समुद्रको एक कुनामा भारत र माल्दिभ्सबीच अनौठो कूटनीतिक द्वन्द्व भड्केको छ। यो द्वन्द्व भारतको रणनीतिक स्वार्थका लागि खतरनाक छ। भारत र माल्दिभ्स वास्तवमा शत्रुराष्ट्र नहुनुपर्ने हो। भारत माल्दिभ्सभन्दा एक हजार एक सय गुणा ठूलो छ। भारतको जनसंख्या एक अर्ब ४० करोड रहेको छ भने माल्दिभ्सको जम्मा पाँच लाख।

वास्तवमा सबै किसिमका संकटका लागि माल्दिभ्स आफ्नो सबैभन्दा निकट छिमेकी भारतमा निर्भर थियो। जब सन् १९८८ मा श्रीलंकाली लडाकुले माल्दिभ्समा 'कु' प्रयास गरे, तब भारतीय 'प्याराट्रुपर्स'ले त्यसलाई असफल पारे। सन् २००४ मा जब सुनामीले उसलाई असर गर्‍यो, तब भारतीय जहाज र राहत कार्यकर्ताले उद्धारमा सहयोग गरे। र, जब माल्दिभ्सको एक मात्र समुद्री पानी शुद्धीकरण प्लान्ट सन् २०१४ बिग्रिँदा भारतले हवाईजहाज र नेभी ट्यांकरबाट खानेपानी आपूर्ति गर्‍यो।

यसले मुलुकबीचको द्विपक्षीय समर्थनको गम्भीरता झल्काउँछ। सन् १९६५ मा बेलायती उपनिवेशबाट मुक्त भएपछि माल्दिभ्सको सार्वभौमसत्तालाई सबैभन्दा पहिले मान्यता दिने मुलुक भारत नै थियो। त्यसयता दुई मुलुकबीच रणनीतिक, आर्थिक, सांस्कृतिकलगायत क्षेत्रमा बहुआयामिक सम्बन्ध कायम हुँदै आएको छ। दुवै मुलुकबीच साझा समुद्री सीमा छ। यस अर्थमा हिन्द महासागर क्षेत्रमा भारतले कायम गरिरहेको सुरक्षा व्यवस्था माल्दिभ्सका लागि पनि महत्त्वपूर्ण छ। यसका अतिरिक्त माल्दिभ्स र भारत सार्क एवं साफ्टाका संस्थापक सदस्य हुन्। दुवै देशबीच शताब्दीयौं लामो जातीय, भाषिक, सांस्कृतिक एवं धार्मिक सम्बन्ध पनि छ।

यी तमाम कुरालाई हेर्दा दुवै मुलुकबीच गहिरो सम्बन्ध छ भन्ने आकलन गर्न सकिन्छ। तर, जब भूराजनीतिको विषय प्रवेश गर्छ, तब मेलमिलापभन्दा आक्रोशले बढी ठाउँ लिन्छ।

माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइजु भारतविरोधी भाष्य फैलाएर गत सेप्टेम्बरमा राष्ट्रपति पदमा विजयी भए। कार्यकाल सम्हाल्दै उनले 'भारतलाई बाहिर' भन्ने नारा लागू गरे। मुइजु निर्वाचित भएपछि भारत भ्रमण नगर्ने पहिलो राष्ट्रपति हुन्। भारत भ्रमणको सट्टा उनी दिनानुदिन इस्लामवादी बन्दै गएको र भारतसँग चिसो सम्बन्ध भएको रिसेप तैय्यप एर्दोगानको टर्की पुगे। त्यसपछि उनी भारतको मुख्य प्रतिद्वन्द्वी चीन गए।

सामाजिक सञ्जालले पनि कूटनीतिक तनावलाई बढायो। भारतका केही 'इन्फ्लुएन्सर' भारतको लक्षद्वीप टापुको पर्यटनको प्रचार गरिरहेका थिए र यसलाई माल्दिभ्सको पर्यटनको बहिष्कारका रूपमा बुझियो। र, जवाफमा माल्दिभ्सका विभिन्न मन्त्रीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई 'चटके', 'आतंककारी'जस्ता संज्ञा दिएर अपमान गरे। यसले भारतीय सामाजिक सञ्जाल प्रयोगकर्तालाई आक्रोशित बनायो र सामाजिक सञ्जालको द्वन्द्व नियन्त्रणबाहिर गयो। पछि ती मन्त्रीलाई निलम्बन गरियो। मुइजुको चीन भ्रमणअघि भारतीय प्रधानमन्त्रीको अपमान कुनै संयोग होइन। वास्तवमा चीन माल्दिभ्सको संरक्षक राज्य बनेर हिन्द महासागर क्षेत्रमा आफ्नो प्रभाव बढाउन खोजिरहेको छ। चीन भ्रमणका क्रममा मुइजुले आफ्नो मुलुक चीनको 'निकटस्थ विकास साझेदार' रहेको जनाए। भ्रमणका क्रममा मुइजुले व्यापार सम्बन्ध भारततर्फ भारी मात्रामा ढल्किएकाले व्यापार सन्तुलन गर्नेसमेत जनाए। उनले चीन कोभिड-१९ महामारीभन्दा पहिले माल्दिभ्सको सबैभन्दा ठूलो बजार रहेको स्मरण गराउँदै चिनियाँ नीति-निर्मातालाई सो बजार अवस्थालाई ब्युँताउन आग्रह गरे।



तस्बिर : झाई जियान्लान/सिन्वा

चीन र माल्दिभ्सले 'बृहत् रणनीतिक सहकार्य साझेदारी'सँगै द्विपक्षीय सम्बन्धलाई उकासेका छन्। मुइजुले चीनको ग्लोबल सेक्युरिटी इनिसिएटिभमा हिस्सा लिएका छन्। यसले चीनलाई माल्दिभ्स र वरिपरिका क्षेत्रमा डिजिटल एवं भौतिक निगरानीको सुविधा दिनेछ। र, पहिल्यैदेखि चिनियाँ अनुसन्धान जहाज जियाङ याङ होङ ०३ माल्दिभ्सको जल क्षेत्रमा विचरण गरिरहेको छ। चीनको ऋणको पासोलाई मध्यनजर गर्दै भारतले माल्दिभ्सको यो रणनीतिक छनोटप्रति सावधान रहन भनेको थियो। तर, भारतको सुझावलाई मुइजुले आफ्नो मुलुकको स्वतन्त्रता दाबी गर्ने अठोटलाई बढाएको देखिन्छ। माल्दिभ्सले अहिले हाइड्रोग्राफिक सर्वेक्षणमा जोडिनबाट इन्कार गरेको छ र माल्दिभ्स, भारत, मौरिसस र श्रीलंकालाई एक ठाउँमा ल्याउने 'कोलोम्बो सेक्युरिटी कनक्लेभ'लाई पनि बहिष्कार गरेको छ।

यसबाहेक मुइजुले माल्दिभ्समा रहेका भारतीय सैन्य दस्ता हटाउने वाचा पनि पूरा गरेका छन्। भारतले अब १५ मार्चभित्र ध्रुव एड्भान्स्ड लाइट हेलिकोप्टर र डोर्नियर विमान सञ्चालनका लागि तैनाथ गरिएका सेना माल्दिभ्सबाट झिक्नुपर्नेछ। यी हेलिकोप्टरबाट टापुमा रहेका बिरामीलाई राजधानी मालेमा रहेका अस्पतालमा पुर्‍याइन्थ्यो। यी हेलिकोप्टरले पाँच सयभन्दा बढी माल्दिभ्सका जनताको ज्यान जोगाएका थिए। माल्दिभ्सका सेनाले डोर्नियर जहाजको प्रयोग गरेर शंकास्पद जहाज, हतियार एवं लागुऔषध तस्करलाई समात्ने गर्थ्यो। भारतले अब सेनाको सट्टा आमप्राविधिकलाई 'प्राविधिक सहयोग'का लागि पठाउनुपर्नेछ।

अब माल्दिभ्सले समुद्री क्षेत्रको निगरानी गर्न डोर्नियरको सट्टा टर्कीको सैन्य ड्रोन प्रयोग गर्नेछ। मुइजुले आफ्नो टर्की भ्रमणमा तीन करोड ७० लाख डलरबराबरको ड्रोन खरिद गर्ने सम्झौता गरेका थिए। एर्दोगानले झैं मुइजु पनि आफ्नो मुलुकलाई खुलेरै इस्लामवादी दिशातर्फ डोर्‍याइरहेका छन्। माल्दिभ्सका जिहादी इराक र सिरियामा युद्ध लड्न इस्लामिक स्टेटमा भर्ती भएका छन्। माल्दिभ्सले पर्यटकीय रिसोर्टबाहिर क्रिसमस मनाउन प्रतिबन्ध लगायो। यदि माल्दिभ्सले आफ्नो रबैया सुधार्दैन भने भारतको छिमेकी यस्तो चीनपरस्त मुलुक हुनेछ, जसले इस्लामिक उग्रवादलाई बढावा दिनेछ, यसले भारतको रणनीतिक स्वार्थमा धक्का पुर्‍याउनेछ। यस अवस्थामा भारतले चुप लाग्नु ठीक हुँदैन।

(थरुर भारतीय राष्ट्रिय कंग्रेसका वरिष्ठ नेता हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

‘भारत रत्न’ सम्मान र मोदीको स्वार्थ

‘भारत रत्न’ सम्मानलाई मोदी सरकारले ‘चुनावी औजार’का रूपमा प्रयोग गर्न लागेको विश्लेषकहरूको भनाइ

कर्पुरी ठाकुर र लालकृष्ण आडवाणीपछि मोदी सरकारले पूर्वप्रधानमन्त्री पिभी नरसिंह राव, चौधरीचरण सिंह र भारतमा हरित क्रान्तिका अगुवा मानिने कृषि वैज्ञानिक डा. एमएस स्वामिनाथनलाई ‘भारत रत्न’ दिने घोषणा गरेको छ। ‘भारत रत्न’ भारत सरकारले दिने सबैभन्दा ठूलो नागरिक सम्मान हो। चौधरीचरण सिंह देशका छैटौं प्रधानमन्त्री थिए। तर, उनको कार्यकाल निकै छोटो थियो। २८ जुलाई १९७९ मा प्रधानमन्त्री पदको शपथ लिएका सिंहले १७० दिन मात्र शासन गरे। सदनमा विश्वासको मत हासिल गर्न असफल भएपछि उनले यति छिटै सत्ता छाड्नुपरेको थियो। चौधरीचरण सिंह भारतका ठूला किसान नेता थिए। १९७७ मा मोरारजी देसाईंको नेतृत्वमा जनता पार्टीको सरकार बनाउन उनको पार्टीको ठूलो योगदान थियो।

पिभी नरसिंह राव भारतका १०औँ प्रधानमन्त्री हुन्। सन् १९९१ जुन २१ देखि १९९६ मे १६ सम्म भारतका प्रधानमन्त्री रहेका नरसिंह रावलाई भारतीय अर्थतन्त्रलाई उदारीकरण गरेको जस दिइन्छ। उनले भारतमा ठूलो आर्थिक सुधारको जग बसाले। प्रधानमन्त्री हुनुअघि उनी आन्ध्र प्रदेशका मुख्यमन्त्री र केन्द्रका गृहमन्त्री पनि थिए। एमएस स्वामिनाथनलाई भारतमा ‘हरित क्रान्तिका अगुवा’ मानिन्छ। उनले सन् १९६० र १९७० को दशकमा भारतीय कृषि क्षेत्रमा ठूलो क्रान्तिकारी प्रविधि प्रयोगमा ल्याए। यसले त्यहाँको खाद्य सुरक्षाको लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्यो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यी तीन दिग्गजलाई भारत रत्न घोषित गरेपछि तिनको योगदानलाई सम्झँदै ट्विट गरेका थिए।

तर, भारतीय राजनीतिक वृत्तमा भने पन्ध्र दिनभित्र कर्पुरी ठाकुर, लालकृष्ण आडवाणी, पिभी नरसिंह राव र चौधरीचरण सिंहलाई भारतको सर्वोच्च नागरिक सम्मान दिने घोषणालाई चुनावी राजनीतिसँग जोडेर व्याख्या भइरहेको छ। चुनावको मुखमा धेरैजनालाई एकैपटक ‘भारत रत्न’ सम्मान दिएर नरेन्द्र मोदीले चुनावी समीकरण मिलाउन खोजेको बताइएको छ। वरिष्ठ पत्रकार तथा राजनीतिक विश्लेषक नीलाञ्जन मुखोपाध्याय भन्छन्, ‘प्रधानमन्त्री मोदीले यो पूर्णतः चुनावलाई ध्यान दिएर चालेका कदम हुन्। चुनाव आउनासाथ उनलाई कर्पुरी ठाकुरको याद आएको छ। त्यस्तै जो आडवाणीलाई राम मन्दिरको प्राणप्रतिष्ठा समारोहमा बोलाइएन उनलाई अहिले आएर भारत रत्न दिइएको छ। आडवाणीलाई यो सम्मान दिएर मोदीले चुनावअघि राष्ट्रिय स्वयंसेवक संघसँगको मतभेद अन्त्य गर्न खोजेजस्तो देखिन्छ।’

त्यस्तै मोदीले प्रतिद्वन्द्वी दल कंग्रेसबाट प्रधानमन्त्री बनेका नरसिंह रावलाई समेत ‘भारत रत्न’ दिएका छन्। यो पनि उनको रणनीतिक चालअन्तर्गत भएको केहीले मानेका छन्। मोदी बारम्बार कंग्रेसलाई एक परिवार(गान्धी)को पार्टी भएको आरोप लगाउँछन्। मोदीले नरसिंह रावलाई ‘भारत रत्न’ दिएर उनी एक सक्षम प्रधानमन्त्री रहेको, तर गान्धी परिवारबाट नभएकाले उनलाई कंग्रेसले उपेक्षा गरेको देखाउन चाहेको विश्लेषकको विश्वास छ। अर्थात्, उनी कंग्रेसलाई क्षमता नचिन्ने पार्टी प्रमाणित गर्न चाहन्छन्।



तस्बिर : एनएनआइ

> भारतीय राजनीतिक वृत्तमा कर्पुरी ठाकुर, लालकृष्ण आडवाणी, पिभी नरसिंह राव र चौधरीचरण सिंहलाई भारतको सर्वोच्च नागरिक सम्मान दिने घोषणालाई चुनावी राजनीतिसँग जोडेर व्याख्या भइरहेको छ। चुनावको मुखमा धेरैजनालाई एकैपटक ‘भारत रत्न’ सम्मान दिएर नरेन्द्र मोदीले चुनावी समीकरण मिलाउन खोजेको बताइएको छ।

राजनीतिक विश्लेषक नीलाञ्जन पछिल्लो भारत रत्न सम्मानलाई प्रम मोदीको आगामी चुनावमा चार सयभन्दा बढी सिट जित्ने दाबीको परिप्रेक्षमा हेरिनुपर्ने बताउँछन्। पछिल्लो समय राम मन्दिरको प्राणप्रतिष्ठा, कल्याणकारी योजनाको घोषणा र ठूलै प्रचारप्रसारका अतिरिक्त उनले देशका विभिन्न समुदायलाई खुसी पार्न तिनका समुदाय दिग्गजलाई भारत रत्न दिइरहेका छन्। भाजपाले चुनावअघि ससाना दलसँग समेत गठबन्धन गर्ने प्रयास गरेको देखिएबाट चुनावमा धक्का लाग्ने डरले उनलाई सताएको हुन सक्ने केहीको विश्लेषण छ।

विश्लेषकहरू ‘भारत रत्न’ सम्मानलाई मोदी सरकारले ‘चुनावको औजार’का रूपमा प्रयोग गर्न लागेको बताइरहेछन्। भारतको संविधानको धारा १८(१) मा ‘भारत रत्न’ सम्मानबारे उल्लेख छ। यो सम्मान सन् १९५४ मा स्थापना भएको थियो र नियमअनुसार एक वर्षमा तीनजनालाई मात्र यो सम्मान दिइन्छ। तर, यसपटक मोदी सरकारले पाँच दिग्गजलाई ‘भारत रत्न’ले सम्मानित गरेको छ। यसअघि एकै वर्ष सबैभन्दा धेरै यो सम्मान सन् १९९९ मा चारजनालाई दिइएको थियो। यो वर्ष मोदी सरकारले सो रेकर्डलाई उछिनेको छ।

चुनावको मुखमा पाँचजना दिग्गजलाई ‘भारत रत्न’ दिने घोषणालाई व्यंग्य गर्दै वरिष्ठ पत्रकार हेमन्त अत्री भन्छन्, ‘यी ‘भारत रत्न’ होइनन्, ‘चुनाव रत्न’ हुन्। यी चुनावी समीकरण गणनाका लागि दिइएको छ। कर्पुरी ठाकुरलाई भारत रत्न दिने घोषणापछि नितीश कुमारको सरकार पल्टियो। त्यसैगरी, चौधरीचरण सिंहलाई भारत रत्न घोषणा गरिएपछि राष्ट्रिय लोकदल (आरएलडी)का जयन्त चौधरीले भाजपासँग गठबन्धन गर्ने संकेत गरे।’ चौधरीचरण सिंहलाई भारत रत्न दिने घोषणा हुनासाथ उनका नाति तथा आरएलडी प्रमुख जयन्त चौधरीले अब माग्न के नै बाँकी रह्यो र भन्ने टिप्पणी गरे। उनी अब भाजपा नेतृत्वको गठबन्धन एनडिएमा सामेल हुँदै छन्। अहिले सिट बाँडफाँडको विषयमा पनि छलफल भइरहेको बताइन्छ।’

आखिर किन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चुनावअघि नै दिग्गज किसान नेता चौधरीचरण सिंहलाई ‘भारत रत्न’ दिने घोषणा गरे ? के उनलाई दुई महिनापछि हुने लोकसभा चुनावमा उत्तर प्रदेशको पश्चिमको ‘जाट बेल्ट’मा सिट गुम्ला भन्ने डर छ ? यस प्रश्नको जवाफमा हेमन्त अत्री भन्छन्, ‘किसानहरू आफ्ना माग लिएर १३ महिना दिल्लीबाहिर धर्नामा बसे। तर, उनीहरूको माग पूरा भएन। तर, अहिले चौधरीचरण सिंह र एमएस स्वामिनाथनलाई भारत रत्न दिने घोषणा गरेर मोदीले प्रतीकात्मक राजनीति गरिरहेका छन्। किसानका सबैभन्दा ठूला शुभेच्छुक चरण सिंह र स्वामिनाथनलाई यस सरकारले देशको सर्वोच्च नागरिक सम्मान दिएको प्रचार भइरहेको छ। किसानलाई अरू के चाहिन्छ ? यो मोदी सरकारको गजबको राजनीति हो।’

कृषि नीति विषयका जानकार देविन्दर शर्मा पनि चौधरीचरण सिंहलाई ‘भारत रत्न’ दिने उद्देश्यपछाडि आरएलडीलाई भाजपा नेतृत्वको एनडिएमा ल्याउने रणनीतिले काम गरेको बताउँछन्। उनका अनुसार एमएस स्वामिनाथन भारतमा कृषि उत्पादकत्व बढाउन चलेको हरित क्रान्तिका अगुवा थिए। तर, स्वामिनाथन आयोगको सिफारिस गरेअनुरूप किसानलाई ‘न्यूनतम समर्थन मूल्य’ नदिने वर्तमान सरकारले एमएस स्वामिनाथनलाई ‘भारत रत्न’ घोषणा गर्नुलाई प्रतीकवादी राजनीति मात्र भएको बताए।

केही विश्लेषकका अनुसार सन् २०१३ मा मुजफ्फरनगरमा जाट र मुस्लिमबीच दंगा भड्किएपछि, ठूलो संख्यामा जाट समुदायका मतदाता आरएलडी छाडेर भाजपामा सामेल भएका थिए। उनीहरूले त्यतिबेला असुरक्षाका कारण जाट पहिचान बिर्सिएर हिन्दू बनेको बताइन्छ। उत्तर प्रदेशका पश्चिमी भाग जाट र मुस्लिमबहुल क्षेत्र हो। सन् २०१९ को चुनावमा भाजपाले यस भेगमा रहेको कुल २७ लोकसभा सिटमध्ये १९ सिट जितेको थियो। यति बलियो स्थिति हुँदाहुँदै पनि भाजपा किन यहाँ अहिले जाट समुदायको पार्टी भनेर चिनिने आरएलडीसँग गठबन्धन गर्दै छ ? वरिष्ठ पत्रकार तथा राजनीतिक विश्लेषक शरद गुप्ता भन्छन्, ‘यसपटकको बजेटमा मोदी सरकारले कुनै आकर्षक घोषणा गरेन। न मध्यम वर्गलाई करमा छुट दिइयो, न किसान सम्मान निधि बढाइयो। चुनावको वर्षमा ल्याइएको बजेटमा आकर्षक योजना नहुनुको अर्थ मोदी सरकार चुनाव जित्नेमा पूर्ण विश्वस्त छ भन्ने हो। तर, नरेन्द्र मोदी-अमित शाहको जोडी विजयमा होइन, अभूतपूर्व विजयमा विश्वास गर्छ। अर्थात्, उनीहरूको शैली भनेको कतै चार सिट चार हजार मतान्तरले जितिँदै छ भने त्यसलाई कसरी ५० हजारको अन्तरले जित्ने भन्नेमा ध्यान दिने हो।’

शरद गुप्ताका अनुसार भाजपा धमाकेदार जितका लागि आरएलडीदेखि जितनराम माझीको हिन्दुस्तान अवाम मोर्चा (सेक्युलर) जस्ता स-साना दलसँग गठबन्धन गर्ने गर्छ। यी दल एक्लैले चुनाव जित्न नसके पनि उनीहरूको भोटले भाजपाको शक्ति धेरै गुना बढाउँछ। उनका अनुसार भाजपा दुई र दुई जोडेर बीस बनाउन चाहन्छ। नभए भाजपाले पूर्वप्रधानमन्त्री नरसिंह रावलाई ‘भारत रत्न’ दिएर आकर्षित हुने कुनै समुदाय नरहेकोप्रति उनी ध्यान दिन भन्छन्। उनका अनुसार यसमार्फत प्रधानमन्त्री मोदीले कंग्रेसको कथित वंशवादप्रति प्रकाश पार्न खोजेका छन्। ‘उनी सम्झाउन चाहन्छन् कि भाजपाले त्यो प्रधानमन्त्रीलाई सम्मान दिएको छ, जसको दिवंगत शव कंग्रेसको कार्यालयभित्र ल्याउन दिइएन। अर्थात्, कंग्रेसमा परिवारवाद कति हाबी छ भन्ने देखाउन चाहन्छन्। यदि भाजपाले मनमोहन सिंहलाई भारत रत्न दिने घोषणा गऱ्यो भने पनि त्यो अचम्म हुनेछैन,’ शरद गुप्ताले भने।

नीलाञ्जन मुखोपाध्याय पनि यो कुरा स्विकार्छन्। ‘भाजपाभित्र पहिलेदेखि एक परम्परा छ, नरसिंह रावलाई भाजपाबाट बनेका प्रधानमन्त्रीपछि सबैभन्दा सक्षम प्रधानमन्त्री मान्ने। त्यसैले भाजपाले अहिले उनलाई सम्मान गरेको छ। उनलाई सम्मानित गरेर मोदीले कंग्रेसभित्रको बलियो परिवारवादका कारण अपमानित भएका सक्षम प्रधानमन्त्रीलाई आफूले सम्मान गरेको देखाउन खोजेका छन्,’ मुखोपाध्यायले भने।

बिबिसी हिन्दीबाट

प्यालेस्टाइनका ‘नेल्सन मन्डेला’ बन्न सक्छन् मारवान बारघुटी

सन् १९९६ मा ‘प्यालेस्टिन अथोरिटी’अन्तर्गतको नयाँ संसद् (व्यवस्थापिका परिषद्)मा चुनिएपछि बारघुटीले स्वतन्त्र प्यालेस्टिनी राज्यको स्थापनाका पक्षमा सक्रिय आवाज उठाए



● दाउद कुताब

प्रिन्सटन विश्वविद्यालयका पत्रकारिताका पूर्वप्राध्यापक दाउद कुताब रमाल्लास्थित अल-कुद्स विश्वविद्यालयको ‘इन्स्टिच्युट अफ मोडर्न मिडिया’का संस्थापक तथा पूर्वनिर्देशक हुन्।



हमास नेताहरूले गाजामा हुने कुनै पनि युद्धविराम सम्झौतामा सन् २००५ देखि इजरायली जेलमा रहेका मारवान बारघुटीको रिहाइ समावेश हुनुपर्ने घोषणा गरेका छन्। लोकप्रिय प्यालेस्टिनी नेता बारघुटी आगामी युद्धविरामका चुरो मात्र होइनन्, इजरायल र प्यालेस्टाइनबीच ‘दुई राष्ट्र समाधान’ व्युँताउन सक्ने सबैभन्दा बलियो आधार हुन सक्छन्। विगत दुई दशकभन्दा लामो समयदेखि इजरायली जेलमा रहेका बारघुटी अझै पनि प्यालेस्टिनीमाझ लोकप्रिय र सम्मान्नित छन्। हाल ६४ वर्षका बारघुटी किशोरकालदेखि ‘प्यालेस्टिनी लिबरेसन अर्गनाइजेसन (पिएलओ)’भित्रको प्रमुख शक्ति फताहमा सक्रिय रहे। दशकौंअघि उनले फताहको युवा अभियान ‘सविवा’का स्थापनामा मुख्य भूमिका खेलेका थिए। त्यसपछि उनी फताहका तल्लो तहका कार्यकर्ता परिचालन गर्ने संगठन ‘तान्जिम’को नेतृत्वका रूपमा उदाए।

बारघुटीलाई मैले पहिलोपटक सन् १९८० को दशकमा अहिंसात्मक अभियन्ता मुबारक अवादको घरमा भेटेको थिएँ। अहिंसात्मक अभियानको प्रभावकारिताप्रति बारघुटीको रुचिका कारण उनलाई भारतीय स्वतन्त्र संग्रामलाई अहिंसात्मक रूपमा अघि बढाएका गान्धीका सहयात्री खान अब्दुल गाफर खानको जीवनी पढ्न दिएको थिएँ। बारघुटीले त्यसवेला अब्दुल गाफलमा मात्र होइन प्यालेस्टिनी स्वतन्त्रतामा पाठ दिन सक्ने गान्धीदेखि मार्टिन लुथर किंग, जुनियरसम्मबारे जानकारी राख्न रुचि देखाएका थिए। त्यस अवधिको बारघुटीको बौद्धिक खोजले केही समयपछि सुरु भएको पहिलो प्यालेस्टिनी इन्तिफादा(आमविद्रोह)मा उनको नेतृत्वलाई आकार दियो। अहिंसात्मक विद्रोहको रूपमा सुरु भएको विशाल प्रदर्शनले इजरायली अतिक्रमणलाई हल्लाउने उद्देश्य राखेको थियो। तर, चार प्यालेस्टिनी श्रमिकको हत्या गरिएपछि प्रदर्शन हिंसात्मक बन्यो। बारघुटीको त्यस समयको लोकप्रियताबाट इजरायल सन्तुष्ट थिएन, जसले उनलाई अस्थिरता उत्पन्न गरेको आरोपमा पक्राउ गऱ्यो र जोर्डन निर्वासित गरिए।

निर्वासनमा रहदाँ बारघुटीले फताहको संरचनामा कमजोरी देख्न थाले। प्यालस्टिनी जनता स्वतन्त्र राज्यका लागि तयार हुनका लागि फताह राजनीतिक दल बन्नुपर्ने उनको निष्कर्ष थियो। उनको यो साहसी विचार विवादमा आयो। ट्युनिसियामा अन्तर्वार्ताका क्रममा मैले फताहका संस्थापक तथा तत्कालीन पिएलओ नेता यासर अराफातसँग यस सम्भावनाबारे प्रश्न गरेको थिएँ। प्रश्न सुनेर अराफत रिसाए। फताहजस्तो स्वतन्त्र संग्राममा सरिक अभियानले दक्षिणपन्थी-वापमन्थी, धार्मिक-धर्मनिरपेक्षवादी प्यालेस्टिनी भूमिको स्वतन्त्रताको माग राखेका ‘सबै प्यालेस्टिनीलाई प्रतिनिधित्व’ गर्नुपर्ने उनले बताए। तर, राजनीतिक दल बनेपछि यसले हरेक मुद्दामा आफ्नो अडान पेस गर्नुपर्ने भएकाले विभाजन आउने उनले बताए। त्यति भनेर अराफतले अचानक अन्तर्वार्ता सकिएको बताए र मलाई स्तब्ध बनाइदिए।

खासमा अराफतको आक्रोश मभन्दा पनि मसँग सम्पर्कमा रहेका बारघुटी तथा पश्चिमी किनाराका युवा प्यालेस्टिनी नेताप्रति लक्षित थियो। केही हदसम्म अराफत सही पनि थिए। आखिर, खण्डित फताहले एकीकृत हसमानविरुद्ध चुनाव प्रतिस्पर्धामा संघर्ष गर्नुपरेको छ। सन् १९९४ मा इजरायल र पिएलओबीचको ओस्लो सम्झौताअन्तर्गत बारघुटीलाई जोर्डनबाट स्वदेश फर्किन पाए। तथापि, बारघुटी यस सम्झौतालाई लिएर खुसी थिएनन् र सम्झौताप्रति इजरायलको प्रतिबद्धतामा उनलाई आशंका गरिएको थियो। र, उनको आशंकाअनुरूप नै शान्तिको बदलामा प्यालेस्टिनी जमिन फिर्ता गर्ने वाचा पूरा गर्नुको साटो सम्झौताले उग्र इजरायली नेताहरूलाई प्यालेस्टिनी भूमिमा चौगुणा यहुदी वृद्धि गर्ने स्थिति उत्पन्न गऱ्यो।

> प्यालेस्टिनीमाझ लोकप्रिय तथा सम्मान्नित मारवान बारघुटी चाँडै हमाससँगको युद्धविरामको हिस्साको रूपमा इजरायली जेलबाट मुक्त हुन सक्छन्। उनको विगतको रेकर्ड र कारागारभित्रबाटै उनले देखाएको नेतृत्व क्षमताले बारघुटी प्यालेस्टाइन र इजरायलबीचको समस्या समाधान गर्न सक्ने प्रमुख व्यक्तित्व हुन सक्छन्।

सन् १९९६ मा ‘प्यालेस्टिन अथोरिटी’अन्तर्गतको नयाँ संसद् (व्यवस्थापिका परिषद्)मा चुनिएपछि बारघुटीले स्वतन्त्र प्यालेस्टिनी राज्यको स्थापना पक्षमा सक्रिय आवाज उठाउन सुरु गरे। इजरायली जेलमा रहँदा हिब्रु भाषा सिकेका बारघुटीले सो उद्देश्यका लागि इजरायली नेता तथा शान्ति अभियन्तासँग सम्बन्ध विकास गर्न थाले। (उनले अराफत प्रशासनमा बढ्दै गएको भ्रष्टाचार र उनको सुरक्षा सेवाको मानव अधिकार उल्लंघनविरुद्ध अभियान पनि चलाएका थिए।) क्याम्प डेभिड सम्मेलन(सन् २०००)सम्म आइपुग्दा शान्ति प्रक्रियाप्रतिको उनको विश्वास तोडिइसकेको थियो। सन् २००२ सम्ममा उनले आफू युद्धविरोधी नभएको घोषणा गरे, तथापि उनले आफू आतकंवादी नभएको पनि स्पष्ट पारेका थिए। ‘म र मेरो आबद्धता रहेको फताह अभियान इजरायलका आमनागरिकमाथि निशाना बनाउने कामको कठोर शब्दमा विरोध गर्छौं,’ उनले सो वर्ष जनवरीमा लेखेका थिए,

‘तथापि, मसँग आफ्नो आत्मरक्षा गर्ने, मेरो देशमाथिको इजरायली अतिक्रमणको प्रतिरोध गर्ने र मेरो स्वतन्त्रताका लागि लड्ने अधिकार छ … इजरायललाई ध्वस्त बनाउनुको साटो म अझै पनि स्वतन्त्र र समान राष्ट्रको रूपमा इजरायल तथा प्यालेस्टाइनको शान्तिपूर्ण सहअस्तित्व चाहन्छु।’

बारघुटीका यी अडानका बाबजुद विशेषतः हमासको नेतृत्वमा आमइजरायलीमाथि आत्मघाती आक्रमण बढिरहेको थियो। सन् २००२ मार्चमा इजरायलले प्रभावकारी रूपमा अराफत र प्यालेस्टाइनीसँग गरेको सुरक्षा सम्झौता तोड्यो। उसले ओस्लो सम्झौताअन्तर्गत त्यागेका सबै प्रमुख प्यालेस्टिनी नगरलाई पुनः कब्जामा लियो। लगत्तै इजरायली सुरक्षा बलले बारघुटीलाई हत्या आरोपमा पक्राउ गऱ्यो। उनले अदालतको सुनुवाइलाई अमान्य घोषित गर्दै आफ्नो पक्षबाट केही भनाइ राखेनन्। अदालतले उनलाई पाँच आजीवन कारावासबराबर सजाय सुनायो।

कारागारमा रहँदा पनि बारघुटी फताहभित्र प्रभावकारी शक्ति रहँदै प्यालेस्टिनी स्वतन्त्रताको पक्षमा लागिरहेका छन्। सन् २००६ मा उनले इजरायली जेलमा रहेका अन्य फताह नेताहरूसँग मिलेर एक दस्तावेज तयार पारे जसमा उनले पिएलओका रणनीतिक कदमको रूपरेखा तयार पारे। त्यसमा सन् १९६७ मा इजरायली कब्जामा परेका भूमिमा सैन्य प्रतिरोध सीमित गर्नेदेखि एकता सरकार निर्माण गर्नेसम्मका विषय समावेश थिए। बारघुटी मनैले प्यालेस्टिनीहरूको आत्मनिर्णयको अधिकारमा विश्वास गर्छन्। यस उद्देश्यमा उनले ठूलो व्यक्तिगत त्याग गरिसकेका छन्। उनी धरातलीय यथार्थसँग राम्ररी जानकार छन् र इजरायलसँग शान्तिपूर्ण सहअस्तित्वमा बस्न नयाँ मार्ग पहिल्याउनुपर्नेमा विश्वास गर्छन्।

बारघुटी विभाजित प्यालेस्टिनीहरूलाई इजरायलको छेउमा एक स्वतन्त्र प्यालेस्टिनी राज्य खडा गर्न अपूर्ण सम्झौता स्विकार्न तयार हुनुपर्छ भनेर सम्झाउन सक्ने एक मात्र नेता हुन सक्छन्। सन् १९९० को दशकमा ट्युनिसमा भएको हाम्रो भेटपछि बारघुटीसँग मैले कुराकानी गरेको छैन। तथापि, यसबीचका उनका सबै उतारचढावलाई पछ्याएको छु। यसबाट म के विश्वास गर्छु भने एकपटक कारागारबाट मुक्त भएपछि उनले मझधारको प्यालेस्टिनी देशभक्तको उनको भूमिका छिट्टै पुनरःहासिल गर्नेछन् र वास्तविक प्रगतिको मार्ग खुलाउनेछन्। इजरायली-प्यालेस्टिनी सम्बन्ध ऐतिहासिक ह्रास आएको अहिलेको समयमा न्यायपूर्ण शान्तितर्फ नेतृत्व गर्न सक्ने अरू कोही देखिँदैन।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् २००८ : क्युवाको राष्ट्रपति पदबाट फिडेल क्यास्ट्रोको बहिर्गमन। क्यास्ट्रो ४९ वर्ष शक्तिमा रहेर ८१ वर्षमा पदबाट बाहिरिएका थिए।

सन् १८७८ : प्रसिद्ध वैज्ञानिक थोमस इडिसनले ग्रामोफोन (फोनोग्राफ)को पेटेन्ट पाए।

सन् १९४२ : अस्ट्रेलियाको डार्विन सहरमाथि एक सय ५० वटा जापानी युद्धक विमानले आक्रमण गरे।

सन् १९८५ : आइबेरिया एयरलाइन्सको फ्लाइट ६१० दुर्घटनाग्रस्त। चालकको गल्तीका कारण दुर्घटनाग्रस्त भएको यो विमानमा सवार एक सय ४८ जनाकै मृत्यु भएको थियो।

सन् १९८६ : रुस निर्मित ‘मिर’ अन्तरिक्ष स्टेसन प्रक्षेपण। यो नै अन्तरिक्षको कक्षमा स्थापित पहिलो मोड्युलर स्पेस स्टेसन हो। यो १५ वर्ष अन्तरिक्षमा रहेको थियो।

विश्व संक्षेप

थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा कारागारमुक्त

बैंकक / थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा रिहा भएका छन्। भ्रष्टाचार र शक्तिको दुरुपयोग गरेको आरोपमा एक वर्षको जेल सजाय भोग्दै आएका अर्बपति सिनावात्रालाई उनी रहँदै आएको प्रहरी अस्पतालबाट आइतबार रिहा गरिएको हो। १५ वर्षको स्वनिर्वासनबाट स्वदेश फर्किएलगत्तै ७४ वर्षीय सिनावात्रालाई अगस्टमा थुनामा राखिएको थियो। तर, कारागार चलान भएको ६ महिनापछि उनी रिहा भएका हुन्। तोकिएको अधिकारीहरूसँग सम्पर्कमा रहने सर्तमा उनी रिहाइ भएका हुन्।। सर्त पालना नभएको अवस्थामा उनीहरूलाई पुनः गिरफ्तार गरी जेलमा फिर्ता गर्न सकिन्छ। स्थानीय समयअनुसार आइतबार बिहान ६:०६ बजे बैंककस्थित प्रहरी अस्पतालबाट थाक्सिन कारमा चढेर घर फर्किएका थिए। उक्त अस्पतालमा उनको उपचार भएको र एक वर्षको जेल सजायमध्ये ६ महिना बिताएको सिन्हवाले जनाएको छ। थाइल्यान्डकी प्रधानमन्त्री श्रेता थाभिसिनले यसअघि नै थाक्सिनलाई पेरोलमा रिहा गर्नु कानुनसम्मत हुने बताएका थिए।देशको कानुन तथा न्याय मन्त्रालयका अनुसार यसै महिना पेरोलका लागि स्वीकृत ९३० जना कैदीमध्ये ७४ वर्षीय पूर्वप्रधानमन्त्री सिनावात्रा पनि एक छन्।

वित्तीय अनियमितितामाथि लक्षित गर्दै भाजपाले जारी गऱ्यो ‘श्वेतपत्र’

नयाँदिल्ली / संयुक्त प्रगतिशील गठबन्धन (युपिए) शासनको एक दशकका दौरान भएका वित्तीय अनियमिततामाथि लक्षित गर्दै भारतीय जनता पार्टी (भाजपा)ले आफ्नो राष्ट्रिय अधिवेशनको दोस्रो दिन ‘श्वेतपत्र’ जारी गरेको छ। हालै भाजपाले कंग्रेस नेतृत्वको युपिए सरकारको कार्यकालमा भएका अनियमिततालाई उद्धृत गर्दै भारतको संसद्मा पनि हालै श्वेतपत्र जारी गरेको थियो। श्वेतपत्रमा युपिए सरकारको पछिल्लो १० वर्षको अवधिमा भएका आर्थिक अनियमितताको विवरणलाई समावेश गरिएको छ। ‘सन् २०१४ मा बैंकिङ संकट र स्टकमा रहेको रकम ठूलो थियो। मार्च २००४ मा सार्वजनिक क्षेत्रका बैंकहरूको कुल कर्जा ६.६ लाख करोड भारतीय रुपैयाँ मात्र थियो। सन् २०१२ मार्चमा यो रकम ३९ लाख करोड़ भारतीय रुपैयाँ थियो’ श्वेतपत्रमा भनिएको छ। पत्रमा अगाडि भनिएको छ, ‘सन् २०१३ मा जब अमेरिकी डलरको मूल्य ह्वात्तै बढ्यो, युपिए सरकारले बाह्य र समष्टिगत आर्थिक स्थिरतामा सम्झौता गऱ्यो र सन् २०१३ मा मुद्राको अवमूल्यन भयो। सन् २०११ देखि २०१३ को बीचमा अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँ ३६ प्रतिशतले घटेको थियो।’

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ७ फागुन ०८०

२८ लघुवित्तमा आधारदरभन्दा सस्तोमा कर्जा

राष्ट्र बैंककै कार्यविधि भन्छ– आधारदरभन्दा कम ब्याजदरमा कर्जा प्रवाह गर्दा वित्तीय संस्थाको दीर्घकालीन अस्तित्वमै प्रतिकूल प्रभाव पर्छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

विगतमा अस्वाभाविक नाफा कमाएको भन्दै नेपाल राष्ट्र बैंकले कर्जाको ब्याजदरमा लगाएको सीमाका कारण लघुवित्त वित्तीय संस्थाहरूको वासलात बिग्रिन थालेको छ। केन्द्रीय बैंकले ०७७/७८ बाट लघुवित्त वित्तीय संस्थाहरूले १५ प्रतिशतभन्दा बढी ब्याजदरमा कर्जा प्रवाह गर्न नपाउने व्यवस्था गरेको छ। तर, निक्षेपबाहेक वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर कर्जा लगानी गर्ने लघुवित्त वित्तीय संस्थाहरूको औसत आधार दर नै १४.७९ प्रतिशत पुगेको छ। अहिले धेरै लघुवित्तले शून्य मार्जिन राखेर कर्जा प्रवाह गर्नुपर्ने बाध्यतामा रहेको लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले बताए। उनले भने, 'कतिपय लघुवित्तले खर्च पनि नउठ्ने लागतमा कर्जा लगानी गर्नुपरेको छ भने कतिले शून्य लागतमै ऋण दिनुपरेको छ।'

केन्द्रीय बैंकले लगाउँदै आएको १५ प्रतिशतको सीमाले लघुवित्त वित्तीय संस्थाहरू धान्न समस्या परिरहेको उनको भनाइ छ। अहिले विगतमा जस्तो लघुवित्तमा विकृति पनि घट्दै गइरहेको र केन्द्रीय बैंकको नियमन पनि बलियो हुँदै गइरहेको सन्दर्भमा कर्जाको ब्याजदर निर्धारण गर्न वैज्ञानिक पद्धति अवलम्बन गर्नुपर्ने उनको तर्क छ। उनले भने, 'हामीलाई कि स्प्रेड दर तोकिदिए हुन्छ, कि आधार दरमा प्रिमियम थप्ने सुविधा दिनुपर्छ। नत्र अहिले खराब कर्जा बढ्दै गइरहेको अवस्थामा १५ प्रतिशतको सीमा व्यावहारिक हुँदैन।'

केन्द्रीय बैंकले गत आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो समीक्षामार्फत लघुवित्तलाई अनिवार्य मासिक रूपमा आधार दर सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको थियो। सुरुवाती चरणमा लघुवित्तबाट प्राप्त तथ्यांक यथार्थपरक आउन नसकेपछि केन्द्रीय बैंकले यो लागू गर्न सकेन। तर, गत असोजदेखि भने कार्यान्वयनमा छ।

विगतमा अस्वाभाविक नाफा कमाएका लघुवित्तले केही समय नाफा नकमाए पनि समस्या नहुने लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले बताए। उनले भने, 'गरिब र विपन्न वर्गमा क्षमताभन्दा बढी कर्जा प्रवाह गर्ने र अस्वाभाविक रूपमा बढी ब्याजदर लगाएका लघुवित्तले केही समय नाफा नकमाए पनि हुन्छ। आउँदो असारपछि भने हामीले आधार दरअनुसार कर्जा निर्धारण गर्न दिने गरी तयारी गरेका छौं।'

■ लागतभन्दा कम ब्याजमा ऋण दिन बाध्य

राष्ट्र बैंकको तथ्यांकअनुसार पुससम्म २८ वटा लघुवित्त वित्तीय संस्थाले आधार दरभन्दा कम ब्याजदरमा कर्जा लगानी गरेका छन्। यसले सम्बन्धित लघुवित्तहरूमा प्रतिकूल असर पर्ने देखिन्छ। राष्ट्र बैंकको कार्यविधि भन्छ- आधारदरभन्दा कम ब्याजदरमा कर्जा प्रवाह गर्दा वित्तीय संस्थाको दीर्घकालीन अस्तित्वमै प्रतिकूल प्रभाव पर्छ।

सबैभन्दा बढी मनकामना लघुवित्त वित्तीय संस्थाको २०.३९ प्रतिशत आधार दर पुगेको छ। जसअनुसार उसले आधार दरभन्दा ५.३९ प्रतिशत विन्दुका दरले घटाएर कर्जा दिइरहेको छ।

केही समय नाफा नकमाए पनि हुन्छ

● **रेवतीप्रसाद नेपाल**, कार्यकारी निर्देशक, लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैंक



विगतमा अस्वाभाविक नाफा कमाएका लघुवित्तले केही समय नाफा नकमाए पनि समस्या हुँदैन। गरिब र विपन्न वर्गमा क्षमताभन्दा बढी कर्जा प्रवाह गर्ने र अस्वाभाविक रूपमा बढी ब्याजदर लगाएका लघुवित्तले केही समय नाफा नकमाए पनि हुन्छ। आउँदो असारपछि भने हामीले आधार दरअनुसार कर्जा निर्धारण गर्न दिने गरी तयारी गरेका छौं।

शून्य मार्जिनमा लगानी गरिरहेका छौं

● **रामबहादुर यादव**, अध्यक्ष, लघुवित्त बैंकर्स संघ



कतिपय लघुवित्तले खर्चभन्दा बढी लागतमा कर्जा लगानी गर्नुपरेको छ भने कतिले शून्य लागतमै ऋण दिनुपरेको छ। केन्द्रीय बैंकले लगाउँदै आएको १५ प्रतिशत कर्जाको ब्याजदर सीमाले लघुवित्त वित्तीय संस्था धान्न समस्या परिरहेको छ। अहिले विगतमा जस्तो लघुवित्तमा विकृति पनि घट्दै गइरहेको र केन्द्रीय बैंकको नियमन पनि बलियो हुँदै गइरहेको सन्दर्भमा कर्जाको ब्याजदर निर्धारण गर्न वैज्ञानिक पद्धति अवलम्बन गर्नुपर्छ। हामीलाई कि स्प्रेड दर तोकिदिए हुन्छ, कि आधार दरमा प्रिमियम थप्ने सुविधा दिनुपर्छ। नत्र अहिले खराब कर्जा बढ्दै गइरहेको अवस्थामा १५ प्रतिशतको सीमा व्यावहारिक हुँदैन।

एनएमबि, सामुदायिक, विजय, गणपति, इन्फिनिटी र जालपाको आधार दर १६ प्रतिशतभन्दा माथि नै छ। नाडेप, धौलागिरि, सिवाइसी, मानुषी, समता, हिमालयन, मिरमिरे, कालिका, गुराँस, आरम्भ चौतारी, सबैको र महिला लघुवित्तको पनि १६ प्रतिशतभन्दा बढी आधार दर पुगेको छ। १६ प्रतिशतभन्दा कम र १५ प्रतिशतभन्दा बढी आधार दर हुने लघुवित्तहरूमा सपोर्ट, लक्ष्मी, स्वस्तिक, स्वरोजगार, सूर्योदय वोमी, आशा, नेपाल ग्रामीण, जीवन र निर्धन उत्थान लघुवित्त छन्।

■ आधार दरकै हाराहारी कर्जा दिने लघुवित्त

केन्द्रीय बैंकका अनुसार कुल ५७ लघुवित्तमध्ये १२ लघुवित्तले आधार दरकै हाराहारीमा कर्जा प्रवाह गर्नुपरेको छ। जसमा माहुली, एनआइसी एसिया, उपकार, किसान (एनआरएन), विन नेपाल, मेरो, स्वावलम्बन, साधना, नेस्डो, स्वाभिमान, नेसनल र नेरुडे लघुवित्त छन्। माहुली लघुवित्तको आधार दर १४.९४ प्रतिशत पुगेको छ। एनआइसी एसियाको १४.८४ प्रतिशत, उपकारको १४.७६ प्रतिशत, किसान (एनआरएन)को १४.७३ प्रतिशत, विन नेपालको १४.६६ प्रतिशत, मेरो लघुवित्तको १४.५८ प्रतिशत, स्वावलम्बनको १४.५६ प्रतिशत, साधनाको १४.४२ प्रतिशत, नेस्डोको १४.४ प्रतिशत, स्वाभिमानको १४.३२ प्रतिशत, नेसनलको १४.२५ प्रतिशत र नेरुडेको १४.०२ प्रतिशत आधार दर कायम छ। ग्लोबल आइएमई, अभियान, समाज, उन्नति, उन्नयन, डिप्रोस्क, फर्वार्ड, जन लघुवित्त, आरएसडिसी, आत्मनिर्भर, मिथिला, छिमेक, फर्स्ट, सिर्जनशील, बिपिडब्लू, सुपर र साना किसान लघुवित्तको आधार दर भने कर्जाको ब्याजदरको सीमाभन्दा न्यून छ।

आधार दरभन्दा कम दरमा ऋण लगानी गरेका लघुवित्तहरू

लघुवित्त	पुससम्म आधार दर	कर्जाको ब्याजदर सीमा	नाफा/नोक्सान
निर्धन उत्थान	१५.०३	१५	-०.०३
स्वरोजगार	१५.५५	१५	-०.५५
कालिका	१६.४१	१५	-१.४१
मिरमिरे	१६.५६	१५	-१.५६
सूर्योदय वोमी	१५.५३	१५	-०.५३
लक्ष्मी	१५.७२	१५	-०.७२
हिमालयन	१६.५८	१५	-१.५८
विजय	१९.०६	१५	-४.०६
एनएमबि	१९.५८	१५	-४.५८
समता	१६.६८	१५	-१.६८
सामुदायिक	१९.४८	१५	-४.४८
नेपाल ग्रामीण	१५.१८	१५	-०.१८
नाडेप	१७.८२	१५	-२.८२
सपोर्ट	१५.९	१५	-०.९
आरम्भ चौतरी	१६.२५	१५	-१.२५
आशा	१५.४९	१५	-०.४९
गुराँस	१६.२८	१५	-१.२८
गणपति	१८.०९	१५	-३.०९
इन्फिनिटी	१७.९९	१५	-२.९९
सबैको	१६.१६	१५	-१.१६
मनकामना	२०.३९	१५	-५.३९
महिला	१६.१३	१५	-१.१३
मानुषी	१७.०४	१५	-२.०४
जालपा	१७.९	१५	-२.९
धौलागिरि	१७.१	१५	-२.१
सिवाइसी	१७.१	१५	-२.१
स्वस्तिक	१५.६४	१५	-०.६४
जीवन	१५.१४	१५	-०.१४

१२ बुँदे घोषणापत्र जारी गर्दै सकियो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

काठमाडौं/ 'चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन' १२ बुँदे घोषणापत्र जारी गर्दै काठमाडौंमा सम्पन्न भएको छ। लघुवित्तमा देखिएका विकृतिलाई अन्त्य गर्ने, सदस्य तथा कर्मचारीको आचरण सुधार गर्ने, विपन्न महिलालाई कर्जा तथा बचतमा सहजीकरण गर्ने, लघुवित्तमा जोडिएका सदस्यका सन्तानलाई युवा उद्यमी बनाउन सहयोग गर्नेलगायत बुँदा घोषणामा उल्लेख छ।

समापन समारोहमा सांसद लीलानाथ श्रेष्ठले देशको आर्थिक अवस्था गम्भीर रहेको समयमा लघुवित्त तथा सहकारी क्षेत्रको भूमिका बढेको बताए। 'लघुवित्त क्षेत्रले प्रत्यक्ष रूपमा समुदायमा रहेर काम गर्दै आएका छन्, वित्तीय अनुशासन पालना गरेमा विपन्न नागरिकको अवस्थामा सुधार ल्याउन सहयोग पुग्छ,' उनले भने, 'अहिले यस क्षेत्रमा आएका विचलनलाई रोक्न गल्ती गर्नेलाई कारबाही र राम्रो गर्नेलाई संरक्षण गर्न राज्य जवाफदेही बन्नुपर्छ।'

त्यस्तै, सांसद भगवती चौधरीले ६० लाख नेपाली गरिबीको रेखामुनि रहेको अवस्थामा झन्डै त्यत्तिकै सदस्य संख्यामा काम गर्ने लघुवित्त तथा सहकारी क्षेत्र अर्थतन्त्रको मेरुदण्ड भएको बताइन्।

लघुवित्तको संख्या आवश्यकताभन्दा बढी हुनु, अधिक कर्जा प्रवाह हुनु, कर्जा लगेका सदस्यले फिर्ताको दायित्व नसम्झनुलगायत कारण समस्या देखिएको उनले बताइन्। 'अहिले लघुवित्त क्षेत्रमा जुन समस्या देखिएको छ, त्यसको कारण लघुवित्त क्षेत्र विपन्नको हित र सामाजिक उत्तरदायित्वबाट बाहिर आउन खोज्दा आएको हो,' उनले भनिन्।

कार्यक्रमका सभापति तथा आयोजक समितिका अध्यक्ष शंकरमान श्रेष्ठले सम्मेलनमा लघुवित्त तथा सहकारी क्षेत्रका समस्याका विषयमा गम्भीर समीक्षा भएको र घोषणापत्रमा उल्लेख गरिएका कुरालाई समुदायस्तरमा गएर लागू गर्न सबै प्रतिबद्ध हुनुपर्नेमा जोड दिए। समापन कार्यक्रममा यस वर्षको संस्थागत उद्यमशीलता विकासतर्फ उत्कृष्ट भएर जीवन विकास लघुउद्यम वित्तीय संस्था एक लाख नगदसहित पुरस्कृत भएको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

लघुवित्तहरूले चार खर्ब ३९ अर्ब ६१ करोड रुपैयाँ कर्जा लगानी गरेका छन्। त्यस्तै, लघुवित्तहरूको निष्क्रिय कर्जाको अनुपात ६.८५ प्रतिशत कायम छ।

■ २० लघुवित्त नोक्सानमा

पुससम्ममा फर्वार्ड, ग्लोबल आइएमई, माहुली, समता, नेपाल ग्रामीण, नाडेप, गणपति, सबैको, एनआइसी एसिया, महिला, मानुषी, युनिक, जालपा, धौलागिरि, सिवाइसी, स्वस्तिक, सिर्जनशील, किसान (एनआरएन), बिपिडब्लू, सुपर र अभियान लघुवित्त नोक्सानीमा छन्। फर्वार्ड माइक्रोफाइनान्सको खुद नोक्सानी नौ करोड ६४ लाख पुगेको छ। ग्लोबल आइएमईको पाँच करोड ७८ लाख, माहुलीको १० करोड, समताको ७९ लाख, नेपाल ग्रामीणको तीन करोड ९९ लाख, नाडेपको २८ लाख, गणपतिको तीन करोड १२ लाख, सबैको तीन करोड ८७ लाख, एनआइसी एसियाको एक करोड ९७ लाख, महिलाको एक करोड १६ लाख, मानुषीको १६ लाख, युनिकको दुई करोड ९३ लाख, जालपाको एक करोड ७७ लाख, धौलागिरिको एक करोड ७५ लाख, सिवाइसीको चार करोड १४ लाख, स्वस्तिकको ५९ लाख, सिर्जनशीलको १४ करोड ६३ लाख, किसान (एनआरएन)को सात करोड ५९ लाख, बिपिडब्लूको तीन लाख, सुपरको १० करोड ५० लाख र अभियानको सात करोड ८० लाख नोक्सानी छ।

आयल निगममा चण्डिका भट्ट र दूरसञ्चार प्राधिकरणमा भूपेन्द्र भण्डारी नियुक्त

नयाँ पत्रिका

आइतबारको मन्त्रिपरिषद् बैठकले नेपाल आयल निगम लिमिटेडको रिक्त कार्यकारी निर्देशकमा डा. चण्डिकाप्रसाद भट्टलाई नियुक्त गरेको छ। त्यस्तै, दूरसञ्चार प्राधिकरणको अध्यक्षमा भूपेन्द्र भण्डारीलाई नियुक्त गरिएको उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले जानकारी दिए।

त्यस्तै, स्वास्थ्य अनुसन्धान परिषद्को सदस्य सचिवमा डा. प्रमोद जोशीलाई नियुक्त गरिएको छ। डेटिकेटेड तथा ट्रंक लाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकको विद्युत् महसुलसम्बन्धी विवाद निरुपण गर्न गठित जाँचबुझ आयोगको म्याद एक महिना थप्ने निर्णयसमेत भएको छ। आयोगको अध्यक्षमा पूर्वन्यायाधीश गिरीशचन्द्र लाल तोकिएका छन्।



डा. चण्डिकाप्रसाद भट्ट



भूपेन्द्र भण्डारी

सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलले अमेरिकाको कानुनी स्थायी आवासीय अनुमति लिएको पुष्टि भएपछि केन्द्रको कार्यकारी निर्देशक पदबाट हटाउने निर्णयसमेत भएको छ। त्यसैगरी, ऐनसेल खरिद-बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन गर्न गठित समितिको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने निर्णयसमेत भएको छ।

सशस्त्र द्वन्द्वमा घाइते भई अपांगता भएका व्यक्तिहरूको अपांगता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, ०७४ को अध्ययन गरी दुई महिनाभित्र परिमार्जित मस्यौदा पेस गर्न गृह मन्त्रालयका सचिव दिनेश भट्टराईको संयोजकत्वमा कार्यदल गठन गरिएको छ। सशस्त्र द्वन्द्वका घाइतेलाई सरकारले राहत प्याकेज घोषणाका लागि कार्यविधि परिमार्जन गर्न खोजेको हो। राष्ट्रिय प्रसारण (१२औं संशोधन) नियमावली, ०८० स्वीकृत गर्ने, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, ०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्ने र प्रोबेसन तथा प्यारोलसम्बन्धी नीति, ०८० स्वीकृत गर्ने निर्णयसमेत भएको छ।

माघमा ५१ हजार घरजग्गाको लिखत पारित

काठमाडौं/ लामो समयदेखि सुस्ताएको घरजग्गा कारोबार बढ्न थालेको छ। माघ महिनामा देशभर ५० हजार नौ सय २१ घरजग्गाको लिखत पारित भएको छ। यो गत वर्षको सोही महिनाभन्दा २३ प्रतिशत बढी हो। गत वर्षको माघमा ४१ हजार ८६ घरजग्गाको लिखत पारित भएको भूमि व्यवस्थापन विभागको तथ्यांक छ। चालू वर्षकै पुसमा ४६ हजार ३० घरजग्गाको लिखत पारित भएको थियो। पछिल्लो तीन महिनायता घरजग्गा कारोबार निरन्तर उकालो लागेर राजस्व संकलन पनि बढेको छ। पुसमा तीन अर्ब २० करोड ५२ लाख मालपोत राजस्व संकलन भएकोमा माघमा तीन अर्ब ३७ करोड ५७ लाख पुगेको छ।

कृषि र गैरकृषि भनेर वर्गीकरण नगरेको जग्गाको पनि कित्ताकाट खुल्नु, बैंकमा तरलता बढ्नु, ब्याजदर घट्दै जानुलगायत कारण घरजग्गा कारोबार बढेको व्यवसायीको बुझाइ छ। पछिल्लो समय लगानीयोग्य रकम (तरलता) बढेपछि बैंकहरूले एकल विन्दु ब्याजदरमै आवास कर्जाका स्किम ल्याउन थालेका छन्।

धेरै घरजग्गा किनबेच हुने मालपोत

माघ महिनामा सबैभन्दा धेरै घरजग्गाको लिखत पारित धनुषाको जनकपुरधाम मालपोत कार्यालय पहिलो बनेको छ। एक महिनामा जनकपुरबाट दुई हजार ९२ घरजग्गाको लिखत पारित भएको छ। सुनसरीको इनरुवा मालपोतबाट दुई हजार ३२, झापाको भद्रपुरबाट १९ सय, मोरङको बेलबारीबाट १६ सय ८३, सप्तरीको राजविराजबाट १४ सय, महोत्तरीको जलेश्वरबाट १२ सय ९२, सिराहाबाट ११ सय १३, सर्लाहीको मलंगवाबाट एक हजार ८०, पर्साबाट एक हजार ६७, बाराको कलैयाबाट एक हजार ३३ घरजग्गाको लिखत पारित भएको भूमि विभागले जनाएको छ।

काठमाडौं उपत्यकाका तीन जिल्लामा रहेका नौ मालपोत कार्यालयबाट माघमा चार हजार एक सय ६५ घरजग्गाको लिखत पारित भएको छ। ललितपुरको लगनखेल मालपोतबाट नौ सय २७, गोटीखेलबाट ३१, भक्तपुरबाट नौ सय ९५, डिल्लीबजारबाट दुई सय पाँच, चाबहिलबाट चार सय ४७, कलंकीबाट ६ सय ६७, साँखुबाट चार सय आठ, मनमैजुबाट तीन सय नौ र टोखा मालपोतबाट एक सय ७६ घरजग्गाको लिखत पारित भएको छ।

तरलताका आधारमा बैंक सबैभन्दा उत्तम अवस्थामा : बैंकर

काठमाडौं/ विदेशी मुद्रा सञ्चिति, रेमिट्यान्सलगायत बाह्य क्षेत्र सुधार हुँदा पनि अर्थतन्त्र चलायमान हुन नसक्नु दुःखद पक्ष भएको बैंकरहरूले बताएका छन्। महिला आर्थिक पत्रकार संघ (फेजा)को आयोजनामा भएको एक कार्यक्रममा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सुनील केसीले बैंकहरू ट्याकल गर्ने नसक्ने अवस्थाबाट बाहिर आइसकेको बताए। तरलताका आधारमा बैंक सबैभन्दा उत्तम अवस्थामा रहेको उनको भनाइ छ। 'बैंकहरूले ४० वर्षको अवधिमा अधिकांश समय केही न केही चुनौतीको सामना गरिरहनुपरेको थियो। तथापि, बैंकिङ क्षेत्रले गरेको वित्तीय समावेशिताको योगदान उच्च छ,' उनले भने, 'विश्वका शक्तिशाली बैंकहरूमा नकारात्मक संकेत देखिरहेको छ। तर, नेपालका बैंकहरू सहज अवस्थामा छन्।'

कार्यक्रममा नेपाल राष्ट्र बैंककी कार्यवाहक गभर्नर निलम ढुंगानाले बैंकिङ क्षेत्रविरुद्ध पछिल्लो समय भइरहेको अराजक गतिविधिलाई लक्षित गर्दै कर्जा लिएपछि तिर्नुपर्ने दायित्वबाट पन्छिन नमिल्ने बताइन्। 'वित्तीय क्षेत्रको आकार र पहुँच विस्तार भएको छ। त्यसमाथि निजी क्षेत्रमा जाने कर्जा पनि बढेको छ,' उनले भनिन्, 'अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक देखिएका पनि छन्। त्यसले बैंकिङ क्षेत्रमा देखिएका समस्या पनि छिट्टै समाधान हुन्छ।'

यस्तै, नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले अर्थतन्त्रले सुधारको गति नलिए अर्को वर्ष बैंकहरू लाभांश दिन नसक्ने अवस्थामा पुग्ने बताए।

विगतमा कहिल्यै नदेखिएको समस्या अहिले अर्थतन्त्रमा देखिएको र त्यसको प्रभाव बैंकमा परेको उनको भनाइ छ। उनले भने, 'पुँजीगत खर्च बढाउने ठाउँमा बजेट घटाउने परिपाटी नै राम्रो भएन। यसले अर्थतन्त्र सकारात्मक गतिमा जाँदैन।' साधारण खर्चकै लागि ऋण उठाउनुपर्ने स्थितिले अर्थतन्त्र सहज नभएको पुष्टि गर्ने उनको भनाइ छ।

यस्तै, अर्थविद् प्रा.डा. शिवराज अधिकारीले अब बाह्य क्षेत्र मात्र सहज छ भनेर ढुक्क हुने अवस्था नभएको बताए।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश श्रेष्ठले पनि बाह्य क्षेत्र राम्रो भए पनि आन्तरिक क्षेत्रमा अझै समस्या रहेको स्वीकार गरे। 'सरकारको वित्त व्यवस्थापनमा कमजोरी भइरहेको छ। वित्तीय नीति सात सय ६१ वटा र मौद्रिक नीति एउटा मात्र छ,' उनले भने, 'मौद्रिक नीतिले धेरै सम्बोधन गरेको छ। अब वित्तीय नीतिले पनि बुझेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ।'

आगामी आर्थिक वर्ष पाँच खर्ब घाटाको बजेट

स्रोत समितिले आगामी आवका लागि १८ खर्बको बजेट सीमा तोकेको छ, त्यसमा १२ खर्ब ४५ अर्ब राजस्व र ५० अर्ब अनुदानबाट प्राप्ति गर्ने लक्ष्य राखेको छ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८१/८२ मा पाँच खर्ब पाँच अर्ब रुपैयाँ घाटाको बजेट आउने अनुमान गरिएको छ। आइतबार राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको संयोजकत्वमा रहेको स्रोत समितिले आगामी तीन आवका लागि खर्च तथा स्रोतको सीमा निर्धारण गरेको छ। त्यसमा आगामी आवको केन्द्रीय बजेट पाँच खर्ब पाँच अर्बले घाटा हुने अनुमान गरिएको हो।

समितिले आगामी आवको बजेट (खर्च)का लागि १८ खर्ब रुपैयाँको सीमा निर्धारण गरेको छ। त्यसमा १२ खर्ब ४५ अर्ब रुपैयाँ राजस्व र ५० अर्ब रुपैयाँ अनुदानबाट प्राप्ति हुने अनुमान गरिएको छ। बाँकी पाँच खर्ब पाँच अर्ब रुपैयाँको स्रोत भने ऋणमार्फत उठाइने देखाइएको छ। समितिका अनुसार आगामी आवमा दुई खर्ब १० अर्ब वैदेशिक र दुई खर्ब ९५ अर्ब आन्तरिक ऋण उठ्ने अनुमान गरिएको छ। सरकारको दायित्व सिर्जना नगर्ने आम्दानीभन्दा खर्च बढी भएपछि बजेट घाटामा जान्छ, जुन घाटालाई ऋणले पूर्ति गर्नुपर्ने हुन्छ। ऋणले सरकारको दायित्व बढाउँछ।

सरकारले चालू आवमा पनि चार खर्ब ५२ अर्बले घाटा हुने गरी बजेट ल्याएको थियो। चालू आवका लागि १७ खर्ब ५१ अर्बको बजेट ल्याएको सरकारले दुई खर्ब ४० अर्ब आन्तरिक ऋण र दुई खर्ब १३ अर्ब वैदेशिक ऋण ल्याउने लक्ष्य राखेको थियो। अर्थमन्त्री प्रकाशशरण महतले अर्धवार्षिक समीक्षा गर्दै खर्च अनुमान १५ खर्ब ३० अर्बमा झारेका छन्। त्यसमा आन्तरिक ऋणको लक्ष्य यथावत् राखेर वैदेशिक ऋणको लक्ष्य एक खर्ब ८१ अर्बमा झारिएको छ। त्यसअनुसार चालू आवको बजेट चार खर्ब २१ अर्बले घाटामा जाने देखिन्छ। सरकारले चालू आवको सात महिनामा दुई खर्ब दुई अर्ब ४३ करोड ऋण प्राप्ति गरिसकेको छ। यसअघि आव ०७८/७९ मा तीन खर्ब ६२ अर्ब र आव ०७९/८० मा तीन खर्ब ५८ अर्बले बजेट घाटामा गएको थियो।

■ १४ खर्ब राजस्वको प्रक्षेपण

समितिले आगामी आवमा १४ खर्बबराबरको राजस्व संकलन हुने प्रक्षेपण गरेको छ। चालू आवमा १४ खर्ब २२ अर्ब राजस्व उठाउने लक्ष्य लिएको सरकारले संशोधन गरेर १२ खर्ब दुई अर्बमा झारेको छ। आगामी आवमा भने त्यसभन्दा दुई खर्ब बढी राजस्व उठ्ने अनुमान समितिले गरेको छ। त्यसमा एक खर्ब ५५ अर्ब रुपैयाँ राजस्व प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिनेछ। बाँकी १२ खर्ब ४५ अर्ब राजस्व भने संघीय सरकारले परिचालन गर्ने अनुमान गरिएको छ।

■ आगामी आवमा ६ प्रतिशतको आर्थिक वृद्धि

समितिले चालू आवमा नेपालको आर्थिक वृद्धिदर ४.७ प्रतिशत हुने अनुमान गरेको छ। चालू आवको बजेटले आर्थिक वृद्धिदर ६ प्रतिशत हुने घोषणा गरेको थियो। तर, त्यसभन्दा १.४ प्रतिशत विन्दु कमले आर्थिक वृद्धि हुने अनुमान समितिले गरेको छ। आगामी आवमा भने ६ प्रतिशतले आर्थिक वृद्धि हुने समितिको अनुमान छ। यसैगरी, आव ०८२/८३ मा ६.५ प्रतिशत र आव ०८३/८४ मा ७ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरिएको आयोगका प्रवक्ता यमलाल भुसाललले बताए।

समितिले चालू आवमा मूल्यवृद्धि दर भने नियन्त्रणमा आउने अनुमान गरेको छ। सरकारले चालू आवमा मूल्यवृद्धि दरलाई ६.५ प्रतिशतभित्र राख्ने लक्ष्य लिएको छ, त्यसमा यो वर्ष ६ प्रतिशतमा मूल्यवृद्धि सीमित हुने अनुमान गरिएको छ। आगामी आवमा भने मूल्यवृद्धि घटेर ५.५ प्रतिशतमा सीमित हुने बताइएको छ।

योजना आयोगका प्रवक्ता यमलाल भुसाल भन्छन्-



आगामी आवदेखि कार्यान्वयनमा आउने १६औं योजनाको सुशासन, सामाजिक न्याय तथा समृद्धिको सोच हासिल गर्न सहयोग हुने गरी स्रोत तथा खर्चको सीमा निर्धारण गरिएको छ। आगामी तीन आवमा प्रक्षेपित आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न आवश्यक पर्ने खर्च र उपलब्ध हुन सक्ने स्रोतको प्रारम्भिक अनुमान तयार गरिएको छ। आव ०८२/८३ मा ६.५ प्रतिशत र आव ०८३/८४ मा ७ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान छ।



■ ०८२/८३ मा २१ खर्ब र ०८३/८४ मा २४ खर्ब ५५ अर्बको सीमा

आगामी तीन आवमा प्रक्षेपित आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न आवश्यक पर्ने खर्च र उपलब्ध हुन सक्ने स्रोतको प्रारम्भिक अनुमान तयार गरिएको छ। अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, राष्ट्रिय तथ्यांक कार्यालय र नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरणसमेत विश्लेषण गरी खर्च सीमा तथा स्रोतको अनुमान गरेको समितिको भनाइ छ। यसका लागि प्रक्षेपित आर्थिक वृद्धिदर, मुद्रास्फीति, राजस्व तथा वैदेशिक सहायता र आन्तरिक ऋण परिचालनलाई आधार बनाएको समितिको भनाइ छ। वैदेशिक सहायताको अनुमान अर्थ मन्त्रालयबाट प्राप्त विवरणमा आधारित रहेको छ। वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समष्टिगत आर्थिक परिवेश, चालू आवको संशोधित बजेटलाई आधार बनाइएको छ। समग्रमा आगामी आवदेखि कार्यान्वयनमा आउने १६औं योजनाको सुशासन, सामाजिक न्याय तथा समृद्धिको सोच हासिल गर्न सहयोग हुने गरी स्रोत तथा खर्चको सीमा निर्धारण गरेको प्रवक्ता भुसालले बताए।

रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रममार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना गर्ने कार्यक्रम आयोजनालाई प्राथमिकता दिएको उनको भनाइ छ। उनका अनुसार आव ०८२/८३ का लागि २१ खर्ब र ०८३/८४ का लागि २४ खर्ब ५५ अर्बबराबरको बजेट सीमा तोकिएको छ।

उक्त बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचनासम्बन्धी अनुमानित खर्च तथा स्रोतसम्बन्धी विवरणबाट आगामी १६औं योजनाको सोच, उद्देश्य, रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमको कार्यान्वयनमा योगदान पुग्ने समितिको दाबी छ। साथै, यसले विषयगत मन्त्रालय निकायको मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्न सहयोग गर्ने समितिको छ। साथै, प्रदेश तथा स्थानीय तहको वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमाका लागि समेत नीतिगत मार्गदर्शन प्रदान गर्ने समितिको विज्ञप्तिमा उल्लेख छ।

सबै बैंक तथा वित्तीय संस्थाको मुख्य वित्तीय परिसूचक सबल : सिबिफिन

नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थाहरूको विरुद्धमा विगत केही दिनदेखि बैंक तथा वित्तीय संस्थाहरूको साख, गरिमा, विश्वसनीयतामा ठेस पुग्ने गरी विभिन्न अफवाह फैलाउने र आशंका एवं अविश्वास बढाउने क्रियाकलाप भएको भन्दै बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। सिबिफिनले सबल नियमनकारी निकायको सूक्ष्म निगरानीमा तथा प्रचलित कानुन तथा नियमनकारी निकायले जारी गरेका नीति-निर्देशनहरू अक्षरशः पालना गर्दै सञ्चालित बैंक तथा वित्तीय संस्थाहरू विभिन्न कानुनी नियमनमा बसेको उल्लेख गरेको छ।

प्रेस विज्ञप्ति जारी गर्दै सिबिफिनले बैंक तथा वित्तीय संस्थाहरू नियमन हुने विधिसमेत उल्लेख गरेको छ। जसअनुसार बैंक तथा वित्तीय संस्था सञ्चालनसम्बन्धी ऐन, २०७३ तथा सो ऐनबमोजिम जारी भएको नियम तथा त्यसबमोजिम नेपाल राष्ट्र बैंकले जारी गर्ने निर्देशनबमोजिम सञ्चालन हुने जनाइएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय

CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL
बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल

मापदण्डका आधारमा नेपाल राष्ट्र बैंकबाट नियमित रूपमा सुपरिवेक्षण तथा अनुगमन भई विभिन्न निर्देशन जारी हुने र सोको परिपालनाको नियमित अनुगमन हुने र निर्देशन पालना नभए कानुनबमोजिम आवश्यक कारबाही हुने विज्ञप्तिमा उल्लेख छ। यससँगै बैंक तथा वित्तीय संस्थाहरूको क्यापिटल एडिक्वेसी रेसियो, लिक्विडिटी रेसियो, सिडी रेसियो, क्यास रिजर्भ रेसियोजस्ता आर्थिक परिसूचकलगायत विभिन्न प्रमुख वित्तीय तथा गैरवित्तीय परिसूचकहरूको सम्बन्धमा नियमित रूपमा आन्तरिक तथा नियामकमार्फत अनुगमन हुने र सोसम्बन्धी केही कैफियत भए तुरुन्त समाधान गर्न निर्देशन दिने तथा निर्देशन पालना नभए कानुनबमोजिम कारबाही हुने व्यवस्था रहेको जनाइएको छ।

यसका साथै नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनबमोजिम प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दती खातामा रहेको पाँच लाख रुपैयाँसम्मको निक्षेप नेपाल सरकारद्वारा स्थापना गरिएको 'निक्षेप तथा कर्जा सुरक्षण कोष'मार्फत सुरक्षण गरिने व्यवस्था रहेको विज्ञप्तिमा जनाइएको छ।

बैंक तथा वित्तीय संस्थाहरूमा ०८० पुस मसान्तसम्म कुल गार्हस्थ्य उत्पादनको ११३.९३ प्रतिशत निक्षेप, कुल गार्हस्थ्य उत्पादनको ९४.४७ प्रतिशत कर्जा लगानी, ६ हजार चार सय ४१ शाखा सञ्जाल रहेको र उनीहरूको मुख्य वित्तीय परिसूचक स्वस्थ एवं सबल रहेको, सर्वसाधारण निक्षेपकर्ता तथा समग्र ग्राहकको हकहितका विषयमा कुनै पनि जोखिम सिर्जना नभएको सिबिफिनको भनाइ छ।

बजाजको '१०० एनएस राइड' सम्पन्न



काठमाडौं / बजाज मोटरसाइकलको नेपालका लागि आधिकारिक विक्रेता कम्पनी हंशराज हुलासचन्द एन्ड कम्पनीले बजाज पल्सर '१०० एनएस राइड' सम्पन्न गरेको छ। कम्पनीले एक सयवटा बिरुवा रोप्ने उद्देश्यका साथ सगरमाथा र जनकपुर क्षेत्रका ग्राहकलाई समेटेर १०० एनएस राइड आयोजना गरेको हो।

कम्पनीले विश्व सिमसार दिवसको अवसर पारेर गरेको उक्त राइड कार्यक्रममा उदयपुर कटारीमा रहेको सिसाघारी सिमसार क्षेत्रमा एक सयभन्दा धेरै फलफूलका बिरुवा वृक्षारोपण गरेको जनाइएको छ। एक सयभन्दा धेरै एनएस ग्राहक सहभागी यो राइडमा जनकपुर, धनुषाधाम, यदुकुवा, जलेश्वर, मिर्चैया, गोलबजार, राजविराज, बर्दिवास, गाईघाट, लहानलगायत विभिन्न स्थानका राइडर सहभागी रहेको उल्लेख छ। उक्त कार्यक्रममा सहभागी सबै राइडरले उत्साहका साथ वृक्षारोपण गर्नुका साथै विभिन्न मनोरञ्जनात्मक खेलहरूमा भाग लिएको जनाइएको छ।

विभिन्न खेलका विजेतालाई कम्पनीले उपहारस्वरूप फुल हेलमेट प्रदान गरेको जनाएको छ। उक्त राइडमा ५० वर्षभन्दा बढी उमेर समूहका तथा महिला राइडरको समेत सहभागिता रहेको जनाइएको छ। '१०० एनएस राइडर्सको एउटै उद्देश्य' भन्ने मूल नाराका साथ आयोजना गरेको यो कार्यक्रम नेपालको सबैभन्दा ठूलो कम्युनिटी राइड भएको कम्पनीले दाबी गरेको छ।

इन्फिनिटी लघुवित्तका शाखा प्रमुखलाई तालिम

काठमाडौं / इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्ना शाखा प्रमुख तथा अनुगमन अधिकृतहरूलाई तालिम दिएको छ। कम्पनीले 'नेभिगेटिङ च्यालेन्जेज-एम्ब्रासिङ अपरच्युनिटिज' विषयमा तालिम दिएको हो।



देशका ४३ जिल्लाका ९५ वटा शाखाका प्रमुख तथा अनुगमन अधिकृतहरूलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत प्रवीणकुमार लामाको अध्यक्षतामा कार्यक्रम भएको जनाइएको छ। कार्यक्रममा वर्तमान परिवेशमा लघुवित्त क्षेत्रमा देखिएका चुनौतीलाई सामना गर्दै उपयुक्त अवसरको खोजीमा लाग्नुपर्ने भएकाले कर्मचारीलाई समय-समयमा यस्ता तालिम सञ्चालनले समग्र लघुवित्त क्षेत्रमा कार्यक्रमको गुणस्तरमा समेत सुधार आउने नायब प्रमुख कार्यकारी अधिकृत ज्ञानीश्वर पन्तले बताए।

तालिमलाई पूर्ण रूपमा व्यवहारमा कार्यान्वयन गरी आगामी दिनमा लघुवित्त क्षेत्रमा गुणस्तरीय सेवासहित प्रभावकारी कार्यक्रम विस्तार गर्न संस्थाका संस्थापकहरू दिनेश अधिकारी र रविन नेपालले कर्मचारीलाई प्रेरित गरेका थिए।

कार्यक्रममा वित्तीय संस्थाका विभागीय प्रमुखहरू प्रेमबहादुर थापा, अन्जना प्याकुरेल, नयन देवकोटा र प्रभात न्यौपानेको समेत उपस्थिति रहेको जनाइएको छ।

लक्ष्मी सस्टेनेबल इनर्जी फन्डले पुवा खोला-वानमा लगानी गर्ने

काठमाडौं / एलएस (लक्ष्मी सनराइज) क्यापिटल कोष प्रबन्धक भएको लक्ष्मी सस्टेनेबल एनर्जी फन्डले पुवा खोला-वान हाइड्रोपावर लिमिटेडमा रणनीतिक लगानी गर्ने भएको छ। फन्डले दिगो ऊर्जा पहलप्रतिको निरन्तर प्रतिबद्धतामा एउटा महत्त्वपूर्ण माइलस्टोन मान्दै लगानी घोषणा गरेको हो।



लगानीसम्बन्धी सम्झौतामा एलएस क्यापिटलका अध्यक्ष राजीव सापकोटा तथा पुवा खोला-वान हाइड्रोपावरका अध्यक्ष किरण मल्लले हस्ताक्षर गरेको जनाइएको छ। एलएस (लक्ष्मी सनराइज) क्यापिटको पहिलो प्राइभेट इक्विटी कोषको आकार एक अर्ब रुपैयाँ रहेको फन्डले जनाएको छ। यो फन्ड बजारको तुलनामा उच्च प्रतिफल प्रदान गर्दै समाजमा प्रभाव पार्ने उद्देश्यले सुरु गरिएको कोष भएको क्यापिटलले दाबी गरेको छ।

पुवा खोला-वान हाइड्रोपावरले पुवा खोला जलविद्युत् आयोजना निर्माण गरेको छ। इलाममा अवस्थित यस आयोजनाले चार मेगावाट विद्युत् उत्पादन सुरु गरिसकेको जनाइएको छ।

प्रजातन्त्र दिवसको अवसरमा नेपाल टेलिकमको विशेष योजना

काठमाडौं / नेपाल टेलिकमले प्रजातन्त्र दिवसको अवसर पारेर विभिन्न योजना सार्वजनिक गरेको छ। कम्पनीले सहिद परिवारका साथै प्रिपेड र पोस्टपेड मोबाइल प्रयोगकर्ताका लागि योजनाहरू ल्याएको हो।

१२ फागुनसम्म लागू हुने योजनाअनुसार देशमा प्रजातन्त्र/लोकतन्त्र/गणतन्त्र प्राप्तिका लागि आहुति दिने सहिदहरूको सम्मानार्थ सहिद परिवारलाई साबिकबमोजिमको फ्री रिसोर्स अर्थात् एक जिबी डेटा, १०० मिनेट अन नेट भ्वाइस र १०० अन नेट एसएमएस सुविधा भएको तथा ३० दिनसम्म रिसोर्स चलाउन मिल्ने सिमकार्ड निःशुल्क उपलब्ध गराउने जनाइएको छ। त्यस्तै, एफटिटिएचअन्तर्गत ५० एमबिपिएसको इयरली वान टाइम प्याकेज र कम्बो इयरली वान टाइम प्याकेजमा सहुलियत प्रदान गरिएको कम्पनीले उल्लेख गरेको छ।

कम्पनीले प्रिपेड तथा पोस्टपेड मोबाइलका ग्राहकलाई विभिन्न प्रकारका प्याकेज उपलब्ध गराएको जनाएको छ। जसअन्तर्गत एक एमबिपिएस अनलिमिटेड डेटाका साथमा नेपाल टेलिकमकै नेटवर्कमा प्रयोग गर्न सकिने १०० मिनेट भ्वाइस कल सुविधासहितको प्याकेजका साथै ६ जिबी, १३ जिबी, २० जिबी र ३० जिबी डेटा प्याकेज तथा ३० जिबी डेटा, सबै नेटवर्कमा कल गर्न सकिने ६ सय मिनेट अल नेट भ्वाइस सुविधा र २०० अल नेट एसएमएस सुविधासहितको फेस्टिभ कम्बो प्याकसमेत उपलब्ध रहेको उल्लेख गरेको छ।

भिडियो केवाइसीमार्फत कामना सेवाले अनलाइन खाता खोलिदिने

काठमाडौं / कामना सेवा विकास बैंकले आफ्ना ग्राहकलाई अनलाइन माध्यमबाट खाता खोली ग्राहक पहिचान विवरण (केवाइसी) अद्यावधिक गर्ने मोड्युल सार्वजनिक गरेको छ। बैंकले खाता खोल्न चाहने ग्राहक स्वयं बैंकमा उपस्थित हुनुनपर्ने मोड्युल ल्याएको हो।

अनलाइन माध्यमबाट खाता खोल्न सक्ने व्यवस्था यसअघि नै गरिएको भए तापनि ग्राहकले आफ्नो विवरण अद्यावधिक गर्नका लागि बैंकमा स्वयं उपस्थित नै हुनुपर्ने व्यवस्था थियो। उक्त प्रविधिलाई थप परिष्कृत बनाउँदै ग्राहकले अनलाइन खाता खोल्ने क्रममा बैंक प्रतिनिधिसँग आफूलाई पायक पर्ने समय तय गरेर वा अनलाइन खाता खोल्ने क्रममा माग गरिएका कागजात तथा अन्य आवश्यक विवरण रेकर्ड गरी आफ्नो केवाइसी अद्यावधिक गर्न सक्ने बैंकले जनाएको छ।

यो व्यवस्थाले स्वदेश तथा विदेशमा रहेका व्यक्तिले आफूअनुकूल विभिन्न प्रकारका खाता खोल्न सक्ने उल्लेख छ। वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकले आफ्नो खाता खोलेर डिम्याट, मेरो सेयरलगायत सुविधा प्रयोग गर्न सकिने बैंकले जनाएको छ। बैंकले हाल देशभरमा एक सय ३५ शाखा सञ्जाल तथा ७७ एटिएममार्फत सेवा दिइरहेको जनाइएको छ।

केएनपी पेन्ट्सले नारायणी अस्पतालमा बनाइदियो मातृशिशु हेरचाह कक्ष



काठमाडौं / केएनपी जापान प्रालि सब्सिडिअरी अफ कान्साई नेरोलेक पेन्ट्स, इन्डिया एवं ग्रुप कम्पनी अफ कान्साई पेन्ट कम्पनी, जापानले वीरगन्जको नारायणी अस्पतालपरिसरमा मातृशिशु हेरचाह कक्षको स्थापना गरिदिएको छ। कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत निर्माण गरेको उक्त मातृशिशु हेरचाह कक्षको उपराष्ट्रपति रामसहाय प्रसाद यादवले उद्घाटन गरेका हुन्।

उद्घाटन कार्यक्रममा सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल तथा प्रतिनिधिसभा सदस्य अजयकुमार चौरसिया र प्रदीप यादवको उपस्थिति रहेको जनाइएको छ। वीरगन्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह र केएनपी जापान प्रालि वीरगन्जका सञ्चालक अशोककुमार बैधको पनि उपस्थिति रहेको कार्यक्रममा वक्ताहरूले केएनपीले अत्यावश्यक सेवा र सुविधाको अभिवृद्धिमा पुऱ्याएको योगदानको कदर गरेका थिए।

कुल २० शय्याको यस मातृशिशु हेरचाह कक्ष ४५ लाख रुपैयाँ लागतमा तीन महिनाभन्दा कम समयमा निर्माण सम्पन्न भएको जनाइएको छ।

पाथीभरा एड्भरटाइजिङको दशक पूरा

काठमाडौं / सुनसरीको इटहरीमा प्रधान कार्यालय रहेको पाथीभरा एड्भरटाइजिङ प्रालिले स्थापनाको १० वर्ष पूरा गरेको छ। कम्पनीले विविध कार्यक्रमसहित १०औँ स्थापना दिवस मनाएको हो।

कम्पनीका प्रबन्ध निर्देशक पवन अधिकारीले पाथीभरा एड्भरटाइजिङ र पाथीभरा जब लिंकप्रति आस्था, भरोसा एवं विश्वास प्राप्त गरिरहेकोमा कृतज्ञता व्यक्त गरेका थिए। विज्ञापनदाता, सञ्चारमाध्यम, कर्मचारी तथा शुभेच्छुकलाई धन्यवाद दिँदै उनले युवा बेरोजगारी घटाउने तथा विज्ञापन क्षेत्रमा अझ थप काम गर्दै जाने प्रतिबद्धता व्यक्त गरे।

सिटिजन्स बैंकका ग्राहकले सिटिस्केप थकालीमा छुट पाउने

काठमाडौं / सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले काठमाडौंमा रहेको सिटिस्केप थकालीमा छुट पाउने भएका छन्। बैंक र सिटिस्केपबीच बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारी भएको हो।

समझदारीअनुसार बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले सिटिस्केप थकालीमा १० प्रतिशतसम्म छुट पाउने जनाइएको छ। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने बैंकले विश्वास व्यक्त गरेको छ। बैंकले देशभरमा एक सय ९० शाखा, एक सय ५२ एटिएम र ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

फ्ल्याट भाडामा

महालक्ष्मीस्थान, सातदोबाटो रिङरोडमा १५ आनामा ५२०० वर्गफिट हरेक तल्ला, दुबैपट्टि शिशै शिशाले बनेको व्यापारिक भवन लिफ्ट र अन्डरग्राउण्ड पार्किङ सुविधा सम्पन्न भवनका चार वटा तल्ला सस्तो मुल्यमा। ३३६०-४७०० वर्गफिट (नेट) सम्मका तल्लाहरु आधापनि दिन सकिने। अफर मुल्य ४०-१०० हाल ८५-९५ वर्गफिट

सम्पर्क : ९७४९४२०६१३

लक्ष्मी सनराइज बैंक लिमिटेड
शाखा कार्यालय, भक्तपर-१

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

गोपा सिंह अबालको नाति, कान्छा अबालको छोरा, मैयाँ अबालको पति, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ५ भई हाल भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. २ बस्ने तुलसी भक्त अबालको मिति २०८०/१०/१० मा मृत्यु भएको कारण यस बैंक (साबिक लक्ष्मी बैंक) को शाखा कार्यालय भक्तपुर-१ मा निज मृतकको खाता नं. ०३५२१०००० ६१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमती नातापर्ने राज कुमार अबालको नातिनी, बुद्धी कुमार अबालको छोरी, तुलसी भक्त अबालको पत्नी, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. २ बस्ने मैयाँ अबालले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक वाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४४४४८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)
इटहरी, सुनसरी
IFAD Investing in rural people

आर्थिक प्रस्ताव खोल्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/११/०७)

यस आयोजनाको आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम ठेक्का नं. RERP–CS–PCRES–01/2080/81 बाट Consulting Services for the Preparation of Project Completion Report (PCR) and Endline Survey of RERP Project को लागि मिति २०८०/१०/१७ गते दिनको १२:०० बजे सम्म दर्ता भएका प्राविधिक प्रस्तावमा उतिर्णाङ्क प्राप्त गरेका वर्णानुक्रम अनुसार निम्न परामर्शतादाहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७८ को उपनियम १ बमोजिम आर्थिक प्रस्ताव आयोजनाको व्यवस्थापन कार्यालय, ईटहरीमा मिति २०८०/११/१४ गते दिनको ११:३० बजे खोलिने हुदाँ उपस्थितिका लागि आमन्त्रण गर्दै सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निम्न

क्र.स.	प्रस्तावदाताहरुको नाम, ठेगाना	कैफियत
१	Bright Future International Pvt. Ltd. (BFI), Kathmandu	
२	Executive Consulting Engineering and Planner, Kathmandu	
३	MULTI - PRISM CIL (JV), Kupondole	
४	NEPC - Institute of Local Governance Studies (Inlogos) (JV), Kathmandu	
५	Rural Infrastructure & Management Consultant Pvt. Ltd, Bhaktapur	

आयोजना प्रमुख
सम्पर्क नं.०२५-४७६४७३

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/११/०७ गते

यस माछापुच्छे बैंक लि. को विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको विभिन्न कर्जाहरुको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज, लगायतका रकमहरु नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखतको शर्त अनुसार ऋणीहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं।

तपसिल

क्र.स.	ऋणी तथा जमानीकर्ता	बाबुको नाम	बाजे/ससुराको नाम	पति/पत्नीको नाम	नागरिकता नं.	जारी मिति	जारी जिल्ला	ठेगाना	शाखा कार्यालय	कर्जा शीर्षक
१	मेनु कुमारी आचार्य	शंकरप्रसाद आचार्य	रामेश्वर प्रसाद आचार्य	-	९५५-९८५	२०४६/०३/२१	रौतहट	रौतहट जिल्ला, गौर न.पा. वडा नं. ४	बालाजु	प्रोफेशनल कर्जा
	केशर बहादुर मल्ल	कर्ण बहादुर छत्याल	जयबिर मल्ल	-	१०१६५	२०६२/१२/०४	हुम्ला	हुम्ला जिल्ला, मैला गा.वि.स. वडा नं. ४		
	राधा देवी	कृष्ण प्रसाद वाग्ले	रामेश्वर प्रसाद आचार्य	शंकर प्रसाद आचार्य	१३२४/१२१३	२०३४/०१/१२	रौतहट	रौतहट जिल्ला, गौर न.पा. वडा नं. ४		
२	संगिता अधिकारी	निरज बहादुर अधिकारी	कृष्ण प्रसाद तिमल्सीना	सालीकराम तिमल्सीना	३५३००१/३६५	२०७४/०५/३०	चितवन	चितवन जिल्ला, खैरहनी वडा नं. १०	बौद्ध	महिला उद्यमी सहुलियतपुर्ण कर्जा
	सालीकराम तिमल्सीना	कृष्ण प्रसाद तिमल्सीना	गोपाल बहादुर तिमल्सीना	संगिता अधिकारी	४१७९३	२०६५/०४/२०	चितवन	चितवन जिल्ला, भण्डारा वडा नं. १		
३	सरिता अधिकारी	इन्द्र बहादुर अधिकारी	लेट बहादुर राउत	कुल बहादुर राउत	२४३०४१/४७३	२०६३/११/०३	सिन्धुपाल्चोक	सिन्धुपाल्चोक जिल्ला, बराम्ची गा.वि.स. वडा नं. ७	बौद्ध	महिला उद्यमी सहुलियतपुर्ण कर्जा
	कुल बहादुर राउत	लेट बहादुर राउत	डम्मर बहादुर राउत	सरिता अधिकारी	१५८७/६०२७	२०४३/१०/३१	उदयपुर	उदयपुर जिल्ला, सिरिसे वडा नं. ६		
४	कासी सिंह बोहरा	जै देव बोहरा	रतने बोहरा	धौली देवी बोहरा	२२१०	२०४४/१२/२०	बैतडी	बैतडी जिल्ला, शिवलिङ्ग गा.वि.स. वडा नं. २ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ७	लम्की	एम.बि.एल. सरल कर्जा
	धौली देवी बोहरा	मनवीर धामी	जै देव बोहरा	कासी सिंह बोहरा	५९	२०६२/०८/०१	डोटि	बैतडी जिल्ला, शिवलिङ्ग गा.वि.स. वडा नं. २ हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ७		

	ऋणीको विवरण	प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ता	व्यक्तिगत जमानीकर्ता	शाखा कार्यालय	कर्जा शीर्षक
५	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखाको कार्यालयमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता नं. १४८९८९/०७६/७७ अन्तर्गत मिति २०७६/०४/१४ मा दर्ता कायम भएको **श्री रिती ब्यूटी कस्मेटिक** पान नं. ६११०८७३४० ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. २	**सर्मीला पाण्डे** ना.प्र.नं. १८१०७७/४३५, जि.प्र.का. महोत्तरी जारी मिति : २०६८/०२/१८ बाबुको नाम : बलराम पाण्डे पतिको नाम : रविन कुमार बखेल ससुराको नाम : गोपल प्र. बखेल ठेगाना : महोत्तरी जिल्ला, खयरमारा गा.वि.स. वडा नं. २	**रविन कुमार बखेल** ना.प्र.नं. १९१०८२/२१६, जि.प्र.का. सर्लाही जारी मिति : २०६७/०८/१२ बाबुको नाम : गोपल प्र. बखेल बाजेको नाम : रङ्ग लाल बखेल ठेगाना : सर्लाही जिल्ला, जानकीनगर गा.वि.स. वडा नं. २	बुढानिलकण्ठ	महिला उद्यमी सहुलियतपुर्ण कर्जा
६	प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता नं. ७७३ अन्तर्गत मिति २०७६/०८/१३ मा दर्ता कायम भएको **श्री दुप्चेश्वर ज्याकेट उद्योग** पान नं. ६०८२३९४७७ ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ३	**राममाया तामाङ** ना.प्र.नं. १०९०१७, जि.प्र.का. नुवाकोट जारी मिति : २०६३/०२/१० बाबुको नाम : टेक बहादु तामाङ पतिको नाम : नरेन्द्र बहादुर तामाङ ससुराको नाम : श्रीबहादुर तामाङ ठेगाना : नुवाकोट जिल्ला, बालकुमारी गा.वि.स. वडा नं. ३	**नरेन्द्र बहादुर तामाङ** ना.प्र.नं. २०९५/७९७८७, जि.प्र.का. नुवाकोट जारी मिति : २०५९/०७/११ बाबुको नाम : श्रीबहादुर तामाङ बाजेको नाम : श्रीमान तामाङ ठेगाना : नुवाकोट जिल्ला, बालकुमारी गा.वि.स. वडा नं. ३	बुढानिलकण्ठ	महिला उद्यमी सहुलियतपुर्ण कर्जा

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
सोमबार ७ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

महिला फुटबललाई इतिहास रच्ने अवसर

०४३ मा पहिलोपटक अन्तर्राष्ट्रिय फुटबल खेलेको महिला टोली १० फाइनल खेल्दा उपविजेतामै सीमित

रमेश सुवेदी/नयाँ पत्रिका

३८ वर्षको यात्रामा नेपाली राष्ट्रिय महिला फुटबल टोली उपाधि जित्ने लक्ष्यका साथ साउदी अरेबियामा छ। अहिलेसम्म महिला टोलीले अन्तर्राष्ट्रिय उपाधि जित्न सकेको छैन। दक्षिण एसियाली फुटबल महासंघ (साफ) क्षेत्रमै रुमलिएको महिला खेलाडीले केही समयदेखि एसियाका विभिन्न राष्ट्रमा प्रतियोगिता खेलिरहेका छन्। अहिलेसम्म १० फाइनल पुग्दा नेपाल सबैमा उपविजेता बनेको छ। गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको कप्तानी र प्रशिक्षक राजेन्द्र तामाङको प्रशिक्षणमा नेपाली टोलीले साउदी अरेबियामा हुन गइरहेको वाफ महिला च्याम्पियनसिपका लागि कडा तयारी गरिरहेको छ।

कप्तान एन्जिला र प्रशिक्षक तामाङले पहिलोपटक उपाधि जित्न नेपाली टोली सक्षम रहेको बताएका छन्। एन्जिलासँगै आधा दर्जन प्रमुख महिला खेलाडी भारतीय लिगमा लगातार दुई महिनादेखि व्यस्त छन्। स्ट्राइकर सावित्रा भण्डारीले युरोपको फ्रेन्च लिगको माथिल्लो डिभिजनमा अवसर पाउनाले नेपाली टोलीको मनोबल उच्च छ। फ्रान्सबाट सीधै सावित्रा साउदी पुग्नेछिन्। 'हामी महिला खेलाडी र मेरा लागि यो राम्रो अवसर हो, हामी पुनः एकपटक उपाधि जित्ने लक्ष्यसहित प्रतिस्पर्धा गर्दै छौं,' कप्तान एन्जिलाले नयाँ पत्रिकासँग भनिन्, 'हामी ६ जना खेलाडी पछिल्लो दुई महिना भारतीय लिगमा व्यस्त रह्यौं। टोलीकै महत्त्वपूर्ण सदस्य सावित्रा पनि फ्रेन्च लिगमा आबद्ध छन् सबै खेलाडीले सँगै अभ्यास गर्न पाएका छैनन्।'

३७ वर्षभित्र १० फाइनल

०४३ मा नेपाली महिला टोलीले पहिलोपटक अन्तर्राष्ट्रिय फुटबल खेलेको थियो। १४ डिसेम्बर १९८६ मा रमा सिंहको कप्तानीमा नेपालले आफ्नो पहिलो अन्तर्राष्ट्रिय खेल हङकङसँग खेलेको थियो। हङकङ, थाइल्यान्ड र इन्डोनेसिया सम्मिलित खेलमा नेपालले तीन खेलमा १२ गोल सामना गऱ्यो। यस अवधिमा नेपालले १० पटक फाइनल खेल्यो, तर उपाधिविहीन रहँदै आएको छ। पाँच साफ च्याम्पियनसिप, तीनपटक दक्षिण एसियाली खेलकुद (साग), समान एकपटक नादेज्दा कप (किर्गिस्तान) र हिरो गोल्डकप (भारत)को फाइनल खेल नेपालले गुमाएको थियो। सातपटक भारतसँग फाइनलमा पराजित हुँदा साफ च्याम्पियनसिपमा एकपटक बंगलादेशसँग हाऱ्यो। यसैगरी, नेपाल हिरो गोल्डकपको फाइनलमा म्यानमार र नादेज्दा कपमा उज्वेकिस्तानविरुद्ध उपाधि भिडन्त नेपालले गुमाएको थियो।

जोर्डनको चुनौती

पश्चिम एसियाली फुटबल महासंघले नेपालससहित ग्वामलाई पहिलोपटक आमन्त्रण गरेको हो। पश्चिम एसियाली टोली तुलनात्मक रूपमा कमजोर छन्। नेपालले यसको फाइदा लिन सक्छ। नेपालविरुद्ध पाँचपटकको च्याम्पियन जोर्डन र ग्वाम चुनौती हुन सक्छन्। फिफा वरीयतामा जोर्डन ७४ र ग्वाम ९३ र नेपाल १०५ भन्दा माथि छन्।

प्रशिक्षक तामाङ विपक्षीको खेल हेर्न नपाए पनि साउदी पुगेपछि त्यसको तयारी गर्ने बताउँछन्। 'उपाधि जित्ने नै हो। विपक्षी टोलीको केही भिडियो हेरेको छु। धेरै खेलेको हेर्न पाएको छैन, सबै टिमको जानकारी छैन,' उनले भने, 'हामीसँग युरोपका खेलेको खेलाडी छ भनेपछि उनीहरूले त्यसैमा ध्यान दिनेछन्। त्यसको फाइदा अन्य खेलाडीले लिनुपर्छ।'



फाइल तस्बिर

स्वाभाविक खेल्दा राम्रो नतिजा आउनेछ



● **एन्जिला तुम्बापो सुब्बा**, कप्तान, नेपाल

साउदी अरेबियामा हामी पहिलो पटक सहभागी हुँदै छौं। फुटबलमा वरीयताअनुसार खेल हुँदैन। हामीले सहभागी राष्ट्रहरूलाई कमजोर आँकेका छैनौं। यद्यपि, उनीहरुविरुद्ध नै पाल पहिलोपटक भिड्दै छ। स्वाभाविक आफ्नो खेल खेल्दा राम्रो नतिजा आउने विश्वास छ। यसपटक हामीहरूको प्रयास नै उपाधिका साथ घर फर्किने हो।

समूह 'डी'मा रहेको नेपालले पहिलो खेल २० फेब्रुअरीमा सिरियासँग खेल्नेछ। सिरिया हाल फिफा वरीयताको ६०औं वरीयतामा छ। कप्तान एन्जिलाले वरीयताअनुसार खेल नहुने र कुनै पनि टोलीलाई कमजोर नआँक्ने बताउँछिन्। 'हामीले सबै टोलीसँग पहिलोपटक खेल्दै छौं। कुनै पनि टोलीलाई कजमोर आँक्न मिल्दैन। स्वाभाविक आफ्नो खेल खेल्दा राम्रो हुनेछ।' नेपालले दोस्रो खेलमा इराक र तेस्रो खेलमा प्यालेस्टाइनसँग खेल्ने तालिका छन्। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्।

दुई वर्षदेखि घरेलु लिग ठप्प

एन्फाभित्रको आन्तरिक द्वन्द्व र महिला फुटबल नै योजनामा नरहँदा विगत दुई वर्षदेखि घरेलु लिग हुन सकेको छैन। तत्कालीन अध्यक्ष कर्माछिरिङ शेर्पाले राउन्ड रोबिनको लिग आयोजना गरेका थिए। पहिलो चरणपछि दोस्रो चरणको खेल नै भएन। दोस्रो चरणको खेल हुने समयमा एन्फाको निर्वाचन भयो। निर्वाचित अध्यक्ष पंकजविक्रम नेम्वाङले महिला लिगलाई निरन्तरता दिन सकेका छैनन्। केही अन्तर्राष्ट्रिय प्रतियोगिता भए पनि घरेलु लिग नहुँदा खेलाडी अभ्यासविहीन छन्। तर, भारतीय लिगमा ६ खेलाडी व्यस्त हुनु र सावित्रा फ्रेन्च लिग खेलिरहेकाले नेपाली टोलीको मनोबल उच्च छ। कप्तान एन्जिला र रक्षक गीता रानाले सेथु एफसी, मिडफिल्डरद्वय दीपा शाही र प्रीति राई दुवै किक स्टार्टको अनुभव लिइरहेका छन्।

दुवैको प्रभावशाली प्रदर्शनसँगै किकस्टार्स दोस्रो स्थानमा छ। रक्षक अमृता जैसी र अट्याकर रश्मिकुमारी घिसिङ स्पोर्टस् उडिसामा अनुबन्ध छन्। सावित्रा फ्रान्सको शीर्ष डिभिजन लिग क्लब एन अभान्ट गुइनग्याम्पमा हालै आबद्ध भएकी थिइन्। उनी युरोपमा खेल्ने पहिलो नेपाली खेलाडी हुन्। 'नेपालमा महिला लिग नभएको अवस्था छ। भारतमा खेल्दा आफूहरूलाई सुधार गरेका छौं। यो नयाँ अनुभव पनि हो,' कप्तान एन्जिलाले भनिन्, 'प्रीति, दीपाजस्ता खेलाडी आउनु नेपाली फुटबलका लागि राम्रो हो। भारतीय लिगमा पनि उनीहरूले प्रभाव देखाए। अब, त्यो अनुभव देशका लागि बाँड्छौं।'

नेपाली टोली

गोलरक्षक : एन्जिला तुम्बापो सुब्बा (कप्तान), उषा नाथ, अञ्जना रानामगर

डिफेन्डर : गीता राना, अमृता जैसी, हिराकुमारी भुजेल, बिमला विक, निशा ठोकर, समीक्षा घिमिरे, पूजा राना, सबिना चौधरी

मिडफिल्डर : अनिता बस्नेत, अमिषा कार्की, अनिता केसी, प्रीति राई, दीपा शाही, बिमला चौधरी, सरस्वती हमाल

स्ट्राइकर : सावित्रा भण्डारी, चन्द्रा भण्डारी, रेखा पौडेल, रश्मिकुमारी घिसिङ, सविता रानामगर

नेपाल 'ए'माथि क्यानडा चार विकेटले विजयी

नयाँ पत्रिका

नेपाली क्रिकेटमै पहिलोपटक नेपालको 'ए' टोलीले आइतबार मूलपानीको माथिल्लो मैदानमा क्यानडाको 'ए' टोलीविरुद्ध एकदिवसीय सिरिजमा सहभागी भएको छ। नेपालको पुरुष 'ए' टोली आफ्नो पहिलो खेलमा चार विकेटले पराजित भएको छ। मूलपानी मैदानमा नेपालले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा आठ विकेटको नोक्सानीमा दुई सय १६ रनको मध्यम योगफल खडा गरेको थियो। नेपालका लागि बसिर अहमदले सर्वाधिक ५० रन जोडेका थिए। मध्यक्रमका रासिद खानले ४० रनको योगदान दिए। क्यानडाले लक्ष्य पछ्याउँदा सहज रूपमा सकेन।

क्यानडाले ४९औं ओभरमा ६ विकेटको नोक्सानीमा लक्ष्य पूरा गऱ्यो। इनिङ्सको ४९.३ ओभरमा क्यानडाले चौका प्रहार गरी जित निकालेको हो। नेपालविरुद्धको पहिलो खेलमा क्यानडाका लागि नवनित धलिवल र निखिल दत्तले अर्धशतकीय इनिङ्स खेलेका थिए। निखिल ६७ रनमा अविजित रहे। उनले एक सय १५ बलमा पाँच चौका र एक छक्का प्रहार गरे। क्यानडाको पाँचौं विकेटका लागि धलिवल र निखिलले ७५ रनको साझेदारी गरेका थिए। धलिवलले ८० रन बनाउन ७६ बलमा १० चौका र दुई छक्का प्रहार गरे। साद बिन जफर र निखिलले ५४ रनको साझेदारी गरेका थिए।



सादले ४३ बलमा २३ रन जोडे। श्रेयास मोभाले २७ बलमा २ चौकासहित २३ रनको योगदान दिए। यसअघि ब्याटिङ गरेको नेपालका लागि बसिरले ५५ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै अर्धशतकीय इनिङ्स खेलेका थिए। ओपनरद्वय अर्जुन कुमाल र मयन यादवले पहिलो विकेटका लागि ४३ रनको साझेदारी गरेका थिए। नेपालको पहिलो विकेटको साझेदारी ८.५ ओभरमा भंग भएको थियो। अर्जुन क्यानडाका कप्तान साद बिन जफरबाट क्याच आउट भए।

> क्यानले सिनियर टोलीको 'बेन्च' बलियो बनाउन 'ए' टोलीको अवधारणा ल्याएको हो। मूलपानी मैदानमा 'ए' टोलीले डेब्यु खेलमा क्यानडाविरुद्ध कमजोर ब्याटिङ प्रदर्शन गऱ्यो।

कमजोर ब्याटिङ

नेपालले क्यानडाविरुद्ध कमजोर ब्याटिङ गरेको थियो। पावर प्ले र त्यसपछिको ब्याटिङमा नेपालका खेलाडीहरूले गतिलो स्ट्रोक लगाउन सकेनन्। क्यानडाका बलर नेपाली ब्याट्सम्यानमाथि हाबी भएका थिए। इनिङ्सको १५ ओभरसम्म नेपालले ५१ रन बनाएको थियो। प्रधानमन्त्री कपमा उत्कृष्ट ब्याटिङ गरेका मायनले ५६ बलमा चार चौका र एक छक्काको सहयोगमा ३५ रन जोडे। कप्तान विनोदले ११ बलमा ५ रन बनाए। तेस्रो नम्बरमा ब्याटिङ गर्न आएका रासिद खानले ६६ बलमा पाँच चौकासहित ४० रन जोडेका हुन्।। उनी ३४औं ओभरमा सादकै बलमा बोल्ड भएका थिए।

विवेक र बसिरले ७४ बलमा ५९ रनको साझेदारी गर्दै नेपालको रनरेट सुधार्ने प्रयास गरे। विवेकले ३४ बलमा एक चौका र एक छक्कासहित २१ रन बनाए। क्यानडाका लागि कप्तान सादले १० ओभरमा ३० रन खर्चेर सर्वाधिक तीन विकेट लिए। नेपाल क्रिकेट संघ (क्यान)ले सिनियर टोलीको 'बेन्च' बलियो बनाउन 'ए' टोलीको अवधारणा ल्याएको हो। 'ए' टोली नहुँदा सिनियरको बेन्च कमजोर बनिरहेको अवस्थामा थियो। अब क्यानको यस अवधारणा दीर्घकालीन रूपमा अगाडि बढ्दा नेपालको सिनियर पुरुष टोलीले ब्याकअप पाउने भएको छ।

खेल संक्षेप

लोयल्टीको दोहोरो जित

काठमाडौं/ आयोजक लोयल्टी एकेडेमी 'बी'ले १२औं लोयल्टी कप यू-१३ अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिताको आइतबार दोहोरो जित हात पारेको छ। लोयल्टी 'बी'ले उद्घाटन खेलमा सिद्धार्थ वनस्थलीलाई २-० ले पराजित गऱ्यो। 'म्यान अफ दी म्याच' विंगु थापाले दुई गोल गरे। अर्को खेलमा लोयल्टी 'बी'ले काव्यालाई ९-० को फराकिलो अन्तरले हरायो। दोस्रो खेलमा लोयल्टीका लागि विंगु थापाले सर्वाधिक पाँच गोल र साहिल राईले तीन गोल गरेका थिए। दोहोरो जितसँगै लोयल्टी 'बी'को क्वार्टरफाइनल पुग्ने सम्भावना बलियो भएको छ। अर्को खेलमा चेल्सी वर्ल्ड स्कुलले मनास्लुलाई २-० ले पाखा लगायो। चेल्सीका दर्शित थापा र शंकर शेर्पाले समान एक गोल गरे। रिलायन्स इन्टरनेसनल एकेडेमी र सिद्धार्थ वनस्थलीबीचको खेल १-१ गोलको बराबरीमा टुंगियो।

चाँदवागले काष्ठमण्डपलाई हरायो

काठमाडौं/ आयोजक द चाँदवाग स्कुलका दुवै टोली दोस्रो कम्फेस्टअन्तर्गत यू-१२ महिला बास्केटबलमा आइतबार विजयी भएका छन्। चाँदबाग 'ए'ले काष्ठमण्डपलाई १४-७ तथा चाँदवाग 'बी'ले बालदीक्षा सदनलाई ८-६ ले पराजित गरेका छन्। अर्को खेलमा रिब्सले बौद्ध इन्टरनेसनल स्कुललाई १४-४ ले हरायो। बौद्ध चिल्ड्रेन हेभनले क्याम्पियनलाई २४-२ ले पराजित गरेको छ। यसैगरी, यू-१२ पुरुष बास्केटबलमा बाल दीक्षाले काष्ठमण्डपलाई ६-० ले निराश पारेको छ। होली भिजनले जेभियर इन्टरनेसनलमाथि ७-५ को जित दर्ता गऱ्यो। ज्ञानोदयले चाँदबागलाई ४-३ र प्यारागनले बौद्ध इन्टरनेसनललाई २०-४ ले पाखा लगाए।

भ्याली पब्लिक सेमिफाइनलमा

काठमाडौं/ भ्याली पब्लिक र हिमरश्मि प्रथम किङडम हिमालयन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा आइतबार सेमिफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगितामा भ्याली पब्लिकले ग्रिनल्यान्डलाई २४-१७ ले पराजित गऱ्यो। हिमरश्मिले ह्वाइट माउन्टेनलाई ३२-२७ ले हरायो। जुनियर पुरुषमा स्काइलार्कले पिपुल्स एकेडेमीलाई ३६-३२ तथा सेबले आयोजक किङडम हिमालयनलाई २०-१९ ले पाखा लगाए। सेमिफाइनल भ्याली पब्लिक र स्काइलार्कबीच खेल हुनेछ। सेब र हिमरश्मिको सामना गर्नेछ। सिनियर पुरुषमा न्यु जेनिथले किङडम हिमालयनलाई ६९-६४ ले पन्छाउँदै अन्तिम चारको स्थान पक्का गरेको छ। सिनियर महिलाको सेमिफाइनलमा किङडम हिमालयनले फेरिल्यान्डको सामना गर्नेछ।

कौटिल्यको सहज जित

काठमाडौं/ आठौं अर्किड कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा आइतबार कौटिल्यले प्रीतिमालाई ३-० ले पराजित गऱ्यो। कौटिल्यका अनिश खड्काले दुई गोल गरेका थिए। अर्को खेलमा मिलन धर्मस्थली र युनाइटेड युनिभर्सल विजयी भए। मिलन धर्मस्थलीले विद्या आर्जनलाई १-० ले हरायो। अर्नव घलेले निर्णायक गोल गरे। युनाइटेड युनिभर्सलले न्यु स्टार पोलमाथि २-० को जित निकाल्यो।

ग्रिनफिल्डलाई बास्केटबल उपाधि

काठमाडौं/ ग्रिनफिल्डले वेस्टर्न रिजन अन्तरकलेज पुरुष बास्केटबल प्रतियोगिताको उपाधि आइतबार जितेको छ। प्रतियोगिताको फाइनलमा ग्रिनफिल्डले एडमार्कलाई १००-२३ को फराकिलो अन्तरले पराजित गऱ्यो। विजेताका सुशान्त कार्कीले ३५ स्कोरको योगदान गरे। प्रतियोगितामा काठमाडौं भ्याली तेस्रो भएको छ। ग्रिनफिल्डका सोनाम साङबु लामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। प्रतियोगिताभर १ सय ३७ स्कोर गरेका ग्रिनफिल्डका सुशान्त कार्की सर्वाधिक स्कोरकर्ताको सूचीमा शीर्ष स्थानमा रहे। पुरुष फुटसलमा काठमाडौं कलेज अफ सेन्ट्रल स्टेट पहिलो भयो। नेपाल काष्ठमण्डप दोस्रो र क्यापिटल हिल तेस्रो भएका छन्। भलिबलको पुरुषमा केसिसिएस पहिलो, एडमार्क दोस्रो र जुबिलिएन्ट तेस्रो भए। महिलामा ग्रिनफिल्डले उपाधि जित्यो।

रंगशालामा रग्बी भिडन्त



दशरथ रंगशालामा फिफ्टिन्स रग्बी च्याम्पियनसिपमा गोर्खाली रग्बी क्लब र एपिएफ क्लबले जित निकालेका छन्। प्रतियोगितामा गोर्खाली रग्बीले नेपाल पुलिस क्लबलाई ५४-३ ले हरायो। एपिएफले साबिक विजेता त्रिभुवन आर्मीलाई २९-१५ ले निराश पारेको छ। गोर्खालीविरुद्ध दोस्रो सेटमा पुलिसले अंक जोड्न सकेन। पहिलो चरणको खेलमा जित निकालेका गोर्खाली र एपिएफले समान दुई अंक जोडेका छन्। लिग चरणमा हुने प्रतियोगिताका शीर्ष टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा गोर्खाली, आर्मी, पुलिस र एपिएफ गरी चार टोली सहभागी छन्। तस्बिर : नयाँ पत्रिका

आयोजक बागमतीलाई पन्छाउँदै आर्मी सेमिफाइनलमा

मकवानपुरमा **पोष्टराज अधिकारी**

नेपाल त्रिभुवन क्लब छैटौं बागमती गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। मकवानपुरको बागमती गाउँपालिकामा चलिरहेको प्रतियोगिताको आइतबार भएको अन्तिम क्वार्टरफाइनलमा आर्मीले आयोजक बागमती गाउँपालिका खेलकुद विकास समितिलाई ४-० को फराकिलो गोल अन्तरले हरायो। आर्मीको जितसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पनि पूरा भएको छ।

आर्मीको जितमा जिलेस्पीजंग कार्की, रास बुढामगर, फत्तेमान घले र कमल थापाले एक-एक गोल गरे। आर्मीले कमजोर प्रतिद्वन्द्वी बागमतीविरुद्ध पहिलो हाफमा एक र दोस्रो हाफमा तीन गोल गरेको थियो। खेलको २६औं मिनेटमा जिलेस्पीले आर्मीलाई १-० को अग्रता दिलाएका थिए। पहिलो हाफमा बागमतीले कडा डिफेन्स रणनीति अपनाएको थियो। जसका कारण आर्मीले थप गोल गर्न सकेन।

मध्यान्तरपछि आर्मीले खेलमा सुधार गरेको थियो। खेलको ५३औं मिनेटमा रासले आर्मीलाई २-० को स्थितिमा राखे। खेलको ६३औं मिनेटमा फत्तेमानले सहजै डिबक्सबाट गोल गर्दा आर्मी ३-० को बलियो स्थितिमा पुग्यो। खेलको कुनै पनि समयमा बागमतीले आर्मीविरुद्ध चुनौती दिन सकेन। एक पक्षीय दबाब राखेको आर्मीले खेलको ७५औं मिनेटमा ४-० को अग्रता लियो। यसपटक आर्मीलाई कमलले गोल गरे।

बागमतीविरुद्धको खेलमा आर्मीका फत्तेमान म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ प्राप्त गरे। अब प्रतियोगिताको सोमबारदेखि सेमिफाइनल खेल हुनेछ। प्रतियोगिताको पहिलो सेमिफाइनलमा मच्छिन्द्र क्लबले न्युरोड टिमको सामना गर्नेछ। दोस्रो सेमिफाइनलमा आर्मीको भेट एपिएफसँग हुने आयोजकले जनाएको छ। मच्छिन्द्रले जावलाखेल युथ क्लबलाई टाइब्रेकरमा ३-१ ले पाखा लगाउँदै अन्तिम चारको स्थान पक्का गरेको थियो।



इंग्ल्यान्डमाथि भारतको सानदार जित

एजेन्सी

भारतले तेस्रो टेस्टमा इंग्ल्यान्डमा चार सय ३४ रनको फराकिलो जित निकालेको छ। भारतले इंग्ल्यान्डलाई पाँच सय ५७ रनको लक्ष्य दिएको थियो। इंग्ल्यान्डले आइतबार चौथो इनिङ्समा सबै विकेट गुमाएर एक सय २२ रन मात्र जोडेपछि भारतले आफ्नो टेस्ट इतिहासमै अहिलेसम्मकै फराकिलो जित निकालेको हो। यसअघि भारतले सन् २०२१ मा न्युजिल्यान्डविरुद्ध तीन सय ७२ रनले हराएको थियो। भारतको जितमा ओपनर यशस्वी जैसवालले कीर्तिमानी ब्याटिङ गरेका थिए। दोस्रो इनिङ्समा जैसवालले भारतका लागि सर्वाधिक दोहोरो शतकीय योगदानसँगै १२ छक्काको विश्व रेकर्ड बराबरी गरेका थिए।

> भारतका यशस्वी जैसवालले टेस्टको एकै इनिङ्समा सर्वाधिक १२ छक्का प्रहार गर्ने पाकिस्तानी पूर्वक्रिकेटर वासिम अक्रमको विश्व रेकर्ड बराबरी गरेका छन्

पाकिस्तानका पूर्वकप्तान वासिम अक्रममले सन् १९९४ मा जिम्बाबेविरुद्ध एकै इनिङ्समा १२ छक्का लगाएका थिए। भारतले इंग्ल्यान्डविरुद्ध पहिलो इनिङ्समा १३०.५ ओभरमा सबै विकेट गुमाएर चार सय ४५ रनको योगफल खडा गरेको थियो। जसमा कप्तान रोहित शर्माले एक सय ३१ रनको योगदान दिए। उनले एक सय ९६ बलमा १४ चौका र तीन छक्का प्रहार गरेका थिए। यसैगरी, रवीन्द्र जडेजाले एक सय १२ रन बनाए। उनले दुई सय २५ बलमा नौ चौका र एक छक्का प्रहार गरे।

इंग्ल्यान्डको पहिलो इनिङ्स ७०.१ ओभरमा तीन सय १९ रनमा समेटियो। इंग्ल्यान्डका लागि वेन डकेटले एक सय ५१ बलमा २३ चौका र दुई छक्काको सहयोगमा एक सय ५३ रनको योगदान दिएका थिए। भारतले दोस्रो इनिङ्सको ब्याटिङमा ९८ ओभर ब्याटिङ गरेको थियो। भारतले ४३०-४ को अवस्थामा इनिङ्स समाप्ति घोषणा गऱ्यो। दोस्रो इनिङ्समा जैसवालले दुई सय १४ रनको दोहोरो शतक लगाए। उनले दुई सय ३६ बलमा १४ चौका र १२ छक्का लगाए। सुभमान गिलले ९१ रन बनाउन नौ चौका र दुई छक्का प्रहार गरे। पाँच सय ५६ रनको लक्ष्य पछ्याएको इंग्ल्यान्डको ब्याटिङ कमजोर बन्यो। रवीन्द्रले सर्वाधिक पाँच विकेट लिए। उनले १२.४ ओभरमा ४१ रन खर्चेका थिए। कुलदीप यादवले दुई विकेट हात पारे।

जैसवालको छक्का वर्षा

भारतका ब्याट्सम्यान जैसवालले इंग्ल्यान्डविरुद्धको तेस्रो टेस्टमा छक्का वर्षा गरेका छन्। उनले भारतका लागि नवजोत सिंह सिद्धुले एकै इनिङ्समा सन् १९९४ मा श्रीलंकाविरुद्ध प्रहार गरेको सर्वाधिक आठ छक्काको रेकर्ड तोडे। जैसवालले भारतका लागि एकै टेस्टमा धेरै छक्का प्रहार गर्ने रेकर्ड आफ्नो नाममा लेखाएका छन्। उनले समग्रमा १८ छक्का प्रहार गरे। टेस्ट फर्म्याटमा भारतका लागि एकै सिरिजमा छक्का प्रहार गर्ने उनी बनेका छन्। उनले इंग्ल्यान्डविरुद्धको तीन टेस्टमा २२ छक्का लगाएका छन्।

१५ वर्षपछि दुवै इनिङ्समा चार सय रन

भारतले टेस्ट खेलमा १५ वर्षपछि दुवै इनिङ्समा चार सय योगफल कटाउन सफल भएको छ। यसअघि सन् २००९ मा भारतले श्रीलंकाविरुद्ध दुवै इनिङ्समा चार सय रन बनाएको थियो। जैसवाल लगातार दुई टेस्टमा दोहोरो शतक लगाउने तेस्रो भारतीय ब्याट्सम्यान बनेका छन्। उनले लगातार दुई टेस्टमा दोहोरो शतकीय इनिङ्स खेलेका हुन्। सन् १९९३ मा बायाँहाते ब्याट्सम्यान विनोद काम्बलीले जिम्बाबे र इंग्ल्यान्डविरुद्ध ब्याक टु ब्याक दोहोरो शतक लगाएका थिए सन् २०१७ मा विराट कोहलीले श्रीलंकाविरुद्ध लगातार दुई टेस्टमा दोहोरो शतकीय इनिङ्स खेलेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com